# अजयमेरु गाउँपालिकाको

# १० बर्षे नयाँ गाँउ शिक्षाक्षेत्र योजना

## २०७८ – २०८७

DRAFT

**अजयमेरु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**डडेल्धुरा**
**सुदूरपश्चिम प्रदेश नेपाल**

अजयमेरु गाउँपालिकाको १० बर्षे नयाँ गाँउ शिक्षाक्षेत्र योजना (२०७८-२०८७)

## भूमिका अध्यक्ष

DRAFT

**दश बर्षे नयाँ गाउँ शिक्षा क्षेत्र योजना अजयमेरु गाउँपालिका, डडेल्धुरा (२०७८-२०८७)**

**कार्यकारी साराँश**

**परिचय**

सुदूरपश्चिम प्रदेश, डडेल्धुरा जिल्ला अजयमेरु गाउँपालिकाको शिक्षाको उन्नति र विकासको लागि तयार पारिएको प्रस्तुत नयाँ गाउँ शिक्षाक्षेत्र योजनाले मुलुकमा भएको राजनैतिक परिवर्तित पछि नेपालको संविधानमा शिक्षाको सन्दर्भमा उल्लेखित निःशुल्क शिक्षाको मूल मर्मलाई समेट्ने प्रयास गरेको छ । नेपालको संविधान, शिक्षा ऐन २०२८ एवम् केन्द्रियस्तरमा भएका आयोगहरुका प्रतिवेदनलाई समेत योजना निर्माण गर्दा आधार लिइएको छ । प्रारम्भिक बालविकास कार्यक्रम, आधारभूत शिक्षा, माध्यमिक शिक्षामा प्राविधिक तथा व्यवसायिक र अनौपचारिक शिक्षालाई जीवनपर्यन्त एवम् सीपमूलक तथा प्रविधिमैत्री बनाउने गरी योजना तय गरिएको छ ।

जीवन निर्वाह गर्न, सचेत, प्रतिस्पर्धी तथा दक्ष जनशक्ति, उत्पादन गरी समाज तथा देशको विकास गर्नका लागि शिक्षा महत्वपूर्ण रहेको छ । समाज तथा राष्ट्रको दिगो विकास, शान्ति, सुशासन, विकास तथा समृद्धिको निर्माणका लागि शिक्षाले महत्वपूर्ण भूमिका खेल्छ । यस कारण शिक्षालाई वैज्ञानिक, प्रतिस्पर्धी, व्यवसायिक तथा जीवन निर्वाहमुखी बनाइनु पर्दछ ।

सबैका लागि शिक्षा कार्यक्रमको पहिलो कम्पोनेन्टमा प्रारम्भिक बालविकास कार्यक्रम सामुदायिक विद्यालयहरुबाट र समुदायमा आधारित बालविकास केन्द्रबाट सञ्चालित छ । सो बाहेक ४ बर्ष मुनिका बालबालिकाहरुलाई पनि संस्थागत विद्यालयहरुले प्रि–नर्सरी, नर्सरी, एल.के.जी. र यु.के.जी. समेतका कक्षाहरु सञ्चालन गरीएका छन् । तालिमप्राप्त सहयोगी कार्यकर्ताहरुबाट बालविकास केन्द्र सञ्चालन गरी बालबालिकाहरुलाई कक्षा १ मा भर्ना गर्न गराउन सकेमा शिक्षाको जग अझ बलियो हुनेछ ।

निःशुल्क तथा अनिवार्य गरिएको आधारभूत शिक्षालाई अझ बढी व्यवस्थित गरी तथ्य र तथ्याङ्कको आधारमा १० बर्षभित्र सबै उमेरका बालबालिकालाई आधारभूत शिक्षामा पहुँचका साथै गुणस्तरीयताको प्रतिस्पर्धामा लैजान सक्ने गरी मैत्रीपूर्ण बालसिकाइ, बिषयगत शिक्षकको व्यवस्थापन, परीक्षा तथा मूल्याङ्कनमा सुधार गर्ने कार्यक्रमहरु तय गरिएका छन् । आधारभूत तहको अन्त्यमा लिइने परीक्षाको स्तरलाई तोकिएको मापदण्डमा आधारित बनाउने प्रयास गरिएको छ । हाल रहेको प्राविधिकधारलाई समेत भएसम्म व्यवसायमूलक बनाइ सीपयुक्त शिक्षाको व्यवस्थापन गरी निःशुल्क माध्यमिक शिक्षा प्राप्त गर्न सक्ने तथा रोजगारीका अवसरहरुमा सामायोजन हुने गरी आवश्यकता अनुरुप साधारण, प्राविधिक, व्यवसायिक र सीपमूलक शिक्षा दिन सक्ने सूचना र प्रविधिको समेत विकास गर्ने कार्यक्रम योजनाले समेट्न खोजेको छ ।

माध्यमिक शिक्षाको हकमा माथिल्लो कक्षाहरुमा शिक्षक विद्यार्थी अनुपात अत्यधिक रहेको कारण गुणस्तरमा देखिएको न्यूनता कम गर्न दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने कार्यक्रम समावेश गरिएको छ । धार्मिक, पर्यटन तथा शहरीकरण विकासको लागि कक्षा ५ सम्म स्थानीय पाठ्यक्रमको निर्माण गरी लागु गरिएको छ । योजनाले कक्षा ८ सम्म स्थानीय पाठ्यकम निर्माण गरी लागु गर्ने लक्ष्य राखेको छ ।

प्रत्यक्ष रुपमा विद्यालय शिक्षामा पहुँच नपुगेका र विभिन्न कारणले विद्यालयमा नियमित अध्ययन गर्न नसक्ने रोजगारीको अवसर प्राप्त नगरेका बालबालिका, युवा तथा प्रौढ एवम् जेष्ठ नागरिक, महिला तथा पुरुषलाई, व्यवसायिक, सीपमूलक र

प्राविधिक शिक्षाको माध्यमबाट पहुँच पुर्‍याउन  को लागि बैकल्पिक माध्यमहरुको सञ्चालन एवम् व्यवस्थापन गरिने रणनीति योजनाले अघि सारेको छ । विद्यालयको पूर्वाधार विकासका लागि कक्षाकोठा सुधार, उपयुक्त फर्निचर, स्वच्छ खानेपानी, बाल, अपाङ्ग र महिला मैत्री शौचालय, खेल मैदान, कम्पाउण्डवाल, फूलवारी, पुस्तकालय, खाजाघर, कम्प्युटर तथा आइ.सि.टी. कक्ष, स्मार्टबोर्डको समेत प्रयोग गरी पठनपाठनको व्यवस्थापन गर्ने गरी कार्यक्रमहरू तय गरिएका छन् ।

विशेष गरी नेपालले केही दशकयता शिक्षा क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको भएता पनि बालबालिकाको गुणात्मक शिक्षा तथा उनीहरुको सिकाइ उपलब्धिमा अपेक्षित नतिजा हासिल गर्न सकेको छैन । अझै पनि धेरै जोखिम तथा अपाङ्गता भएका बालबालिका विद्यालयको पहुँच भन्दा बाहिर रहेका छन । यसकारण यस गाउँपालिकाले जोखिम तथा अपाङ्गता भएका र अन्य सबै बालबालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याई गुणस्तरीय तथा समतामूलक शिक्षा प्रदान गर्दै, बालबालिकाको कक्षा छोड्ने तथा कक्षा दोहोर्‍याउने क्रमलाई न्युनीकरण, बालबालिकाको सिकाइ उपलब्धिमा बृद्धि, बालबालिकाको तह पूरा गर्ने दरमा बृद्धि गर्दै समग्र अजयमेरु गाउँपालिकाको शैक्षिक गुणस्तरमा सुधार गरी जिल्लाको शिक्षा क्षेत्रको अग्रणी गाउँपालिका बनाउने उद्देश्यका साथ यो शिक्षा योजना तयार गरिएको छ ।

**विगतका समस्याहरु**

सिकाइका लागि वातावरणको भूमिका मुख्य हुन्छ । यस गाउँपालिकाका विद्यालयहरुको वातावरण पूर्ण रुपमा बालमैत्री भौतिक पूर्वाधारयुक्त बनाउन सकिएको छैन । विद्यालयहरुमा कक्षागत र बिषयगत आधार एवम् विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी पुनर्वितरण गर्नुपर्ने छ । विद्यालयको चौतर्फी विकासका लागि प्रभावकारी ढंगबाट अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्न सकिएको छैन । विद्यालयको नियमित अनुगमन मूल्याङ्कन भइ  प्रतिवेदन अनुसार कार्यक्रम सञ्चालन हुने परिपाटी बसेको पाइदैन । पाठ्यक्रम, पाठ्यपुस्तक तथा अध्यावधिक शैक्षिक कार्यक्रम सम्बन्धमा शिक्षकहरुलाई दक्ष बनाउन पर्याप्त अध्ययन तालिमका अवसर जुटाउन सकिएको छैन, भएका तालिम कार्यक्रमहरु समेत सैद्धान्तिक कक्षा क्रियाकलापमै सीमित रहेका छन् । साक्षरताको दर शतप्रतिशत पुर्‍याउन  अझै सकिएको छैन । सबै बालबालिकाहरुको विद्यालयमा भर्ना तथा भर्ना भएका विद्यार्थीको विद्यालयमा टिकाउने कार्यमा समस्याहरु रहेका छन् ।

**चुनौतिहरु**

विद्यालय तहको शिक्षाका सबै तहमा पहुँचलाई कायम राख्दै गुणस्तर अभिवृद्धि गर्ने, शिक्षालाई व्यवसाय तथा रोजगारीमूलक बनाउने, विद्यालय तहको शिक्षालाई समतामूलक र समावेशी बनाउने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई आमनागरिकको पहुँचसम्म पुगाउने, शिक्षकहरूको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने, लगानीअनुरूपको प्रतिफल सुनिश्चित गर्ने, संविधान प्रदत्त शिक्षासम्बन्धि हकहरूको उपभोग गर्ने साथै यस गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने कार्य चूनौतीपूर्ण छ । यसैगरी सामुदायिक विद्यालयको आधारभूत तह कक्षा १–५ मा घट्दो विद्यार्थी संख्या, कक्षा १–१० को विद्यमान टिकाउ दरलाई वृद्धि गर्ने, कक्षा १–८ सम्मको कक्षा छाड्ने दरहरूलाई घटाउने साथै यस गाउँपालिकामा रहेका विद्यालयहरुको भौतिक अबस्थालाई सुविधासम्पन्न बनाउने चुनौती पनि रहेको छ ।

**अवसरहरु**

यस गाउँपालिकाका सबै क्षेत्रमा माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने विद्यालय संख्या पर्याप्त भएको, महिला, दलित, जनजाति र अपाङ्गता भएका समुदायका बालबालिका र विद्यार्थीहरूको विद्यालय तहमा भर्ना दरमा उल्लेखनीय रूपमा वृद्धि भएको, साधारण शिक्षाका अतिरिक्त माध्यमिक शिक्षामा प्राविधिक तथा व्यावसायिक धार समेत सञ्चालन भएको एउटा विद्यालय स्थापना भएको त्यस्तै समुदायमा शिक्षाप्रतिको आकर्षण बढेको, स्वास्थ्य तथा सरसफाइ, वातावरण संरक्षण र आफ्ना हक अधिकारप्रतिको सजगता हरेक नागरिकमा बढेको, शैक्षिक सूचना प्रणाली र शैक्षिक सुशासनका लागि सूचना तथा सञ्चार प्रविधिको आधारशिला तयार भएको साथै अधिकांश विद्यालयहरुका **ICT** प्रयोगशाला समेत निर्माण भइ शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भएका आदि कारणहरूले गुणात्मक शिक्षाको विकास गर्ने अवसर सिर्जना भएको छ। साथै देहायका अबसरहरु पनि रहेका छन्।

- स्थानीय सरकारले शिक्षा सम्बन्धि संघीय सरकारको शैक्षिक नीति, नियम, मापदण्डसँग नबाँझिने गरी नीति, कानुन, मापदण्ड, योजना निर्माण, कार्यान्वयन र अनुगमन गर्ने व्यवस्था हुनु।
- संघीय संरचना अनुसार सञ्चालनमा रहेका सबै तहमा स्थानीय तह स्वायत्त हुनु।
- योजना तथा बजेट निर्माणमा स्थानीय तह स्वायत्त हुनु।
- राष्ट्रिय शिक्षा नीति २०७६ निर्माण हुनु।
- राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयन हुनु।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहका लागि शिक्षा सम्बन्धि २३ वटा अधिकारहरुको व्यवस्था भएको हुनु।

**दीर्घकालीन सोच र गन्तव्य**

विद्यालय तहको शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, उद्यमी र नवप्रवर्तनशील मानव पुँजीको विकासबाट गाउँपालिकाको आर्थिक सामाजिक रूपान्तरण।

**नयाँ गाउँ शिक्षा क्षेत्र योजनाका मुख्य रणनीति**

- विद्यार्थी सङ्ख्या र भौगोलिकता आधारमा विद्यालय समायोजन गर्ने कार्यको थालनी गर्ने।
- विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि प्रधानाध्यापकहरूलाई मुख्य जिम्मेबार बनाउने।
- शिक्षण पेशामा योग्य जनशक्तिलाई आकर्षण गर्ने।
- प्रारम्भिक बालविकासको प्रभावबारी व्यवस्थापन गर्दै सो तहको शिक्षा सबै बालबालिकाहरुका लागि अनिवार्य गर्ने।
- अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न सरोकारवाला सबै निकायको क्षमता विकास, जागरुक र जवाफदेही बनाउने,
- प्रतिभा पलायनलाई रोक्न मागमा आधारित प्रविधिमैत्री शिक्षा प्रणालीको विकास गरी सीपयुक्त जनशक्ति तयार पार्ने,
- युवाहरुका लागि यस गाउँपालिकामा सञ्चालित प्राविधिक तथा व्यवसायिक धारका विद्यालयहरुवाट गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच सुनिश्चित गर्ने,

DRAFT

- नागरिकहरुलाई कामको संसारसँग छोटो अवधिका व्यवसायिक तालिमका माध्यमवाट परिचित गराइ सीपको प्रमाणीकरणको व्यवस्था मिलाउने,
- शिक्षाको समग्र गुणस्तर कायम गर्न विद्यालयमा प्रतिफलमा आधारित थप लगानी पद्धतिको विकास गर्ने,
- सम्पूर्ण शिक्षा प्रणालिलाई सूचना तथा सञ्चार प्रविधिमा आधारित बनाउने।

**अपेक्षित उपलब्धिहरु**

यस १०बर्षे शिक्षा योजनाले आधारभूत तहको खुद भर्नादर १०० प्रतिशत पुर्‍याउने, माध्यमिक तहको खुद भर्नादर ७५ प्रतिशत पुर्‍याउने, आधारभूत तहको कूल भर्नादर १०० प्रतिशतमा झार्ने, माध्यमिक तहको कूलभर्नादर ८० प्रतिशतमा झार्ने, सबै तहको टिकाउ दर १०० प्रतिशत पुर्‍याउने, लैङ्गिक समता सूचक १ पुर्‍याउने, विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या शुन्यमा झार्ने, कक्षा दोहोर्‍याउने दर शुन्यमा झार्ने, सबै तह र कक्षाको विषयगत सिकाइ उपलब्धि ६० प्रतिशत पुर्‍याउने, पन्ध्र बर्ष भन्दा माथिको साक्षरता दर १०० प्रतिशत पुर्‍याउने र अजयमेरु गाउँपालिकाले आफ्नो बार्षिक कूल समानीकरण बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्ने लक्ष्य राखेको छ।

## परिच्छेद -१

## अजयमेरु गाउँपालिकाको सामान्य परिचय

### १.१ परिचयः

डडेल्धुरा जिल्लाका तत्कालिन अजयमेरू, समैजी, भद्रपूर, चिपुर, देवल गा.वि.स. मिलाएर अजयमेरू गाउँपालिका निर्माण गरि यस क्षेत्रको महत्वपूर्ण एतिहासिक तथा पर्यटकीय क्षेत्र अजयमेरू कोटको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको छ। अजयमेरू गाउँपालिका सुदूरपश्चिम प्रदेशको पहाडी जिल्ला डडेल्धुरा मा रहेको छ। यस गाउँपालिकामा ६ वटा वडाहरु रहेका छन्। साविकको भद्रपूर गा.वि.स. हालको वडा न. ३ मा यस पालिकाको केन्द्र रहेको छ। प्राकृतिक स्रोतको दृष्टिकोणले सम्भावनायुक्त तथा भरिपूर्ण, मानवीय स्रोतको दृष्टिकोणबाट नेतृत्त्व क्षमतायुक्त राजनीतिक दल र सचेत एवम् उत्प्रेरित बासी यस गाउँपालिकाको दीगो विकासका आधार स्तम्भका रुपमा रहेका छन्। हिन्दू धर्मावलम्बीको अत्याधिक बाहुल्यता (१००%) रहेको यस क्षेत्रमा विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहनुका साथै विभिन्न चाडपर्वहरु मनाइने गरिन्छ। यस गाउँपालिकाको राजनैतिक विभाजित ६ वटै वडाहरुको आ-आफ्नै अलग अलग विशेषता रहेको छ।

२८°५९" देखि २९°२६" उत्तरी अक्षांश तथा ८०°१२" देखि ८०°४०" पूर्बी देशान्तरमा सुदूरपश्चिम प्रदेश डडेल्धुरा जिल्लाको सदरमुकाम देखि ९ किलोमिटर उत्तरमा अबस्थित यस गाउँपालिकाको क्षेत्रफल १४९.६२ वर्ग किमि रहेको छ। गाउँपालिकाको सिमाना पूर्वमा अमरगढी गाउँपालिका, पश्चिममा बैतडीको मेलैली गाउँपालिका, उत्तरमा बैतडीको पाटन गाउँपालिका र दक्षिणमा भागेश्वर गाउँपालिकासँग जोडिएको छ। यस गाउँपालिकाको हावापानी समशितोष्ण र शितोष्ण रहेको छ। महाभारतको लेक तथा अन्य उच्च भागमा हिँउदको समयमा हिँउ पर्ने भएकोले ०° र गर्मियाममा ३२° सम्म पुग्ने गर्दछ। यस क्षेत्रको अधिकांश भूगाग बनजगलले अगोटेको छ। यस क्षेत्रको महत्वपूर्ण भूभागका रुपमा रहेको बन क्षेत्रमा धूपीसल्ला, सल्ला, बाज तिखाज, गुराँस, साल,विभिन्न किसिमका जटिवुटीहरु तथा बुट्यानहरुको वन रहेको छ। पूर्ब

पश्चिम फराकिलो  र उत्तर दक्षिण साँघुरो रहेको यस पालिकाको भूभाग समुन्द्रि सतहदेखि ४३२ मिटर देखि अधिकतम २६३९ मिटर उचाइसम्म रहेको छ।

### १.१.१ नामाकरण

कुत्युरवंशी रैका राजा नाग मल्ल ले डडेल्धुरालाई ४ गड, पश्या, लुलान, रुपाल, बोकटा, पिल्कोट र भूत्यू गरी आठ वर्गमा विभाजन गरी अजयमेरुकोट वाट शासन गरेका थिए। नेपालको संविधान २०७२ जारी भएपछि नेपाल राज्यलाई ७५३ ओटा स्थानीय तहमा विभाजन गरेपश्चात डडेल्धुरा जिल्लाका तत्कालिन समैजी, भद्रपूर, अजयमेरु, चिपुर र देवल दिव्यपूर गा.वि.स. हरुलाई मिलाई अजयमेरु गाउँपालिकाको निर्माण अजयमेरु नामाकरण गरी गरेको हो।

### १.१.२ क्षेत्रफल, भौगोलिक अवस्थिति र हावापानी

नेपालको नक्सामा सुदुरपश्चम प्रदेशको डडेल्धुरा जिल्लामा पर्ने अजयमेरु गाउँपालिका ८०.५° देखि ८०.५४° पूर्वि देशान्तर र २९.३१° देखि२९.३९° उत्तरी अक्षांश सम्म अबस्थित छ। यसको क्षेत्रफल १४८.९ वर्ग कि.मि. रहेको छ। जुन नेपालको कूल क्षेत्रफलको ०.१ प्रतिशत र डडेल्धुरा जिल्लाको कूल क्षेत्रफलको प्रतिशत हो। यस गाउँपालिकाको पूर्वमा अमरगढी गाउँपालिका, पश्चिम र उत्तरमा बैतडी जिल्ला र दक्षिणमा भागेश्वर गाउँपालिका पर्दछ। यस गाउँपालिकाको पश्चिम, पूर्व र दक्षिणी सीमानाको काम नदीनालाले गरेको छ। यस गाउँपालिकाको हावापानी समशितोष्ण र सितोष्ण रहेको छ। लेकाली भेगको औषत तापक्रम हिउदमा ०° सम्म र गर्मि याममा १५° देखि २०° सम्म पुग्ने गर्दछ। भने समसितोष्ण हावापानी पाइने मध्य पहाडी भेगमा हिउदमा र गर्मि याममा २०° देखि ३०° सम्म पुग्ने गर्दछ। यस क्षेत्रको अधिकांश भूभाग सल्ला, धूपीसल्ला, वाँज तिखाँज, लालिगुरास तथा अन्य बुट्यान र जडिबुटी युक्त वनजंगलले ढाकेको छ

### १.१.३.ऐतिहासिक,पर्यटकीय तथा धार्मिकस्थलहरु

अजयमेरु कोट, डागेश्वरी मन्दिर, विरवेताल, जगन्नाथ मन्दिर, समैजी, झाल आदि यहाँका प्रमुख धार्मिक स्थल हुन्। यस क्षेत्रका सबै बासिन्दाहरुले गौरा पर्वलाई साताव्यापी  महोत्सवका रुपमा मनाउने चलन रहेको पाइन्छ।

## १.२ योजनाको पृष्ठभूमिः

शिक्षा विकासको प्रमुख पूर्वाधार र मेरुदण्ड हो, जसले ब्यक्ति र समुदायको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गरी सभ्य तथा सुसंस्कृत समाजको विकास गर्नु आजको अपरिहार्य आवश्यकता भएको छ। नेपालको संविधान ले संघीय गणतन्त्रात्मक व्यवस्था सहित संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचना रहने भनी उल्लेख गरेको छ। साथै सो संविधानको अनुसूची-८ ले स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षाको अधिकार प्रदान गरेको छ। नेपालको संविधान, तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेखित स्थानीय तहलाई प्रदान गरिएका शिक्षा सम्बन्धि अधिकारहरुलाई कार्यान्वयन गरी सम्पूर्ण बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न योजनाबद्ध तरिकाबाट अघि बढ्नु वर्तमान समयको आवश्यकता हो।

अजयमेरु गाउँपालिकाको हाल शैक्षिक व्यवस्थापन र गुणस्तरका पक्षमा धैरै समस्याहरु छन्। उल्लेखित क्षेत्रमा रहेका विविध समस्याहरु पहिचान गरी समाधान गर्नु, राष्ट्रिय शिक्षा नीति,२०७६, अनिवार्य तथा निसुल्क शिक्षा सम्बन्धि ऐन २०७६ को मर्म बमोजिम कार्य गर्दै अघि बढ्नु तथा दिगो विकास लक्ष्य नं.४ मा उल्लेख भएको सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरमा प्रोत्साहित गर्ने नेपाल सरकारको लक्ष्यमा

हातेमालो गर्दै संघ, प्रदेश र स्थानीय तहको विचमा हुनुपर्ने समन्वय, सहअस्तित्व र सहकार्यको अन्तरसम्बन्धलाई कायम गर्नु समेत यस योजनाको प्रमुख उद्देश्य हो।

सामाजिक रूपान्तरणका लागि विद्यालय शिक्षा सधैं सबैको चिन्ता र चासोको बिषय रहेको हुन्छ। नेपाल सरकारले शिक्षा विकासका लागि विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु समेत गरेको पाइन्छ। युनेस्कोद्वारा दक्षिण कोरियाको ईन्चोनमा आयोजना गरेको विश्व शिक्षा मन्च, २०१५ को ईन्चोन घोषणामा समेत नेपालले प्रतिबद्धता जनाएको छ। यसका अतिरिक्त नेपालको संविधान, २०७२ मा रहेको शिक्षाको मौलिक हक कार्यान्वयन गर्नको लागि समेत गाउँस्तरीय योजना निर्माण गर्नु आवश्यक देखिन्छ। विभिन्न समयमा देखा पर्ने महामारी, प्रकोप तथा आपत विपतबाट उत्पन्न हुने जोखिम न्युनीकरण गर्न सक्षम उत्थानशील शिक्षा पद्धतिको विकास गर्नु जरुरी छ भन्ने कुरा समेत कोभिड-१९ को महामारीले समेत पुष्टि गरी सकेको छ। तसर्थ विद्यालय शिक्षामा विकल्पहरुको उपलब्धता अति अवश्यक छ। उल्लेखित सन्दर्भहरु तथा राज्यको विकेन्द्रिकरण तथा पुर्नसंरचनाको अवधारणा अनुसार अजयमेरु गाउँपालिकालाई शैक्षिक गाउँपालिकाको रुपमा विकास गरी सबै बालबालिकाहरुलाई निःशुल्क तथा गुणस्तरीय विद्यालय शिक्षा प्रदान गर्ने उद्देश्यहरुमा समेत केन्द्रित रही अजयमेरु गाउँपालिकाको १० बर्षे शिक्षाक्षेत्र योजना (२०७८-२०८७) तयार गरिएको छ। नेपालको संविधानले राज्यको संरचनालाई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरी माध्यमिक तहसम्मको शिक्षा सम्बन्धि सम्पूर्ण अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। राज्यले स्थानीय तहमा शिक्षा सम्बन्धि सम्पूर्ण अधिकारहरु प्रदान गरिसकेपछि स्थानीय तहले कसरी ति अधिकारको प्रयोग गर्ने हुन् भन्ने खुल्दुली जनमानसमा रहेकाले यस गाउपालिकाको शिक्षा पद्धतिलाई योजनावद्ध बनाउने प्रयास स्वरुप यो योजना निर्माण गरिएको छ। नेपालको विद्यमान शैक्षिक अबस्थालाई सतही ढंगले हेर्ने हो भने पहुँचमा मात्र वृद्धि भएको तर गुणस्तरमा सुधार हुन सकेको छैन। एकातिर सामुदायीक विद्यालय र संस्थागत विद्यालय बिचको तथ्याङ्कीय दुरी बढ्दै गइरहेको छ भने अर्कोतिर सामुदायिक विद्यालयहरुको माध्यमिक तहको नतिजा हेर्दा यिनको औचित्यमाथि पनि प्रश्नचिह्न खडा हुन सक्ने अबस्था आइरहेको छ। तसर्थ शैक्षिक पहुँचलाई मात्र नभइ गुणस्तरमा बढि ध्यान केन्द्रित गर्नुपर्ने अबस्था आएको छ। गुणस्तरीय शिक्षाका माध्यमवाट यस गाउँपालिका र राष्ट्रलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने थलोका रुपमा यस गाउँपालिकाका विद्यालयहरुलाई बनाउन यस योजनाको कार्यान्वयन जरुरि छ।

### १.२.१ शिक्षा क्षेत्रको वर्तमान क्षेत्रगत अवस्था

अजयमेरु गाउपालिका सुदूरपश्चिम प्रदेश को डडेल्धुरा जिल्ला अन्तर्गत पर्दछ । यस गाउपालिकालाई प्रशासनिक रुपमा ६ वडामा विभाजन गरिएको छ। यस गाउपालिकामा शै.स. २०७८ सम्ममा सामुदायिक मावि ९, सामुदायिक आधारभूत (१–८) सम्मका ७ ओटा, सामुदायिक र संस्थागत आधारभूत(१–५) १४ओटा, सामुदायिक आधारभूत(१–३) एक गरी कूल ३२ विद्यालय सञ्चालनमा छन्। एनेक्स कार्यक्रम अन्तरगत प्राविधिक तथा व्यावसायिक शिक्षा धारको एक माध्यमिक विद्यालय रहेको छ। समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्र ७ र विद्यालयमा आधारित ३० गरी ३७ सञ्चालनमा छन्। प्रारम्भिक बाल विकास शिक्षामा ४२ सहयोगी कार्यकर्ता, प्राथमिक तहमा ८३ दरबन्दी २५ राहत अनुदान कोटा, निम्न माध्यमिक तहमा ३१ दरबन्दी र १२ राहत अनुदान कोटा, १४ स्वयंसेबक र ३ जना अनुदान कोटामा

कार्यरत छन् । माध्यमिक तह(९—१२) सम्ममा १६ दरबन्दी र ३४ राहत अनुदान कोटा, ४ स्वयंसेबक र २ जना अनुदान कोटामा शिक्षकहरु कार्यरत रहेका छन् ।

यस गाउपालिकाका विद्यालयहरुमा कक्षा १ देखि ५ सम्म स्थानीय विषयको पाठ्यक्रमको निर्माण र पाठ्यपुस्तकको लेखनको सुरुवातिकरण, विद्यालयमा ई–हाजिरी, सिसी क्यामेरा जडानको सुरुवात, नतिजा प्रबोधीकरण र कक्षा ८ को गाउपालिका स्तरिय परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी , शिक्षक र विद्यालयलाई समेत पुरस्कार र SEE मा उत्कृष्ट विद्यार्थीलाई पुरस्कार लगायतका स्थानीय स्रोतको अधिकतम परिचालन हुने शिक्षण सिकाइका असल अभ्यासहरु भइरहेका छन् ।

### १.२.२संयुक्त राष्ट्र संघीय बालअधिकार महासन्धि

संयुक्तराष्ट्रसंघको महासभाबाट सन् १९८९ नोभेम्बर २० तारिखका दिन महासन्धि घोषणा भए अनुसार महासन्धिको धारा २८ मा शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकार र कम्तीमा प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क गराउने दायित्व उल्लेख गरिएको छ । यसै गरी धारा २९ मा शिक्षा बालबालिकाको व्यक्तित्व र बौद्धिक क्षमताको विकासतर्फ निर्देशित हुनुपर्ने तथा धारा ३२ मा स्वास्थ्य शिक्षा र विकासमा हानी पुग्ने प्रकारले काममा लगाएर बालश्रम गर्न नहुने कुरा उल्लेख गरेको छ ।

### १.२.३ दिगो विकासका लक्ष्यहरू (२०३०)

सन् २०३० सम्म विश्वमा निश्चित लक्ष्य हासिल गर्नका लागि जम्मा १७ वटा दिगो विकासका लक्ष्यहरू निर्धारण गरेको छ । यी लक्ष्यहरू मध्ये लक्ष्य ४ मा दिगो विकासको लक्ष्यले शिक्षा सम्बन्धि दिगो विकासको लक्ष्य राखेको छ । जसमा सन् २०३० सम्ममा सबैका लागि समावेशी तथा समानतामा आधारित गुणस्तरीय शिक्षाका साथै जीवनपर्यन्त सिकाइको सुनिश्चितता गर्ने कुराको उल्लेख गरेको छ, जसमा नेपालले पनि प्रतिबद्धता जनाएको छ।

### १.२.४ चालु पञ्चवर्षिय योजना (२०७६।७७-२०८१।८२)

चालु पञ्चवर्षिय योजना(२०७६।७७-२०८१।८२) ले पनि शिक्षाबाट सामाजिक आर्थिक रुपान्तरणका लागि मानव संशाधनको विकास गर्ने सोच राखेको छ । साथै उक्त योजनाले गुणस्तरीय शिक्षा मार्फत प्रगतिशिल, दक्ष, प्रतिस्पर्धि, उत्पादनशील र नव प्रवर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य राखेको छ । सो लक्ष्य प्राप्तिको लागि सो योजनाले जम्मा ५ वटा उद्देश्य, १४ वटा रणनीति र ५५ वटा कार्यनीतिको व्यवस्था गरेको छ । सो योजनामा उक्त योजनाको अवधिभर १५ वर्षमाथिको साक्षरता दर ९० प्रतिशत, युवा साक्षरता दर ९९ प्रतिशत, आधारभूत तहको खुद भर्नादर ९९.५ प्रतिशत, माध्यमिक तहको भर्नादर ६५ प्रतिशत, प्रारम्भिक बालविकासको खुद भर्नादर सतप्रतिशत, उच्च शिक्षाको खुद भर्नादर २२ प्रतिशत, काम गर्ने उमेर समूहका तालिम प्राप्त जनसंख्या ६० प्रतिशत, मातृभाषामा पठनपाठन हुने विद्यालयको संख्या २० प्रतिशतले वृद्धि भएको हुने जस्ता अपेक्षित उपलब्धिहरु राखेको पाइन्छ ।

### १.२.५ नेपालको संविधान

वर्तमान नेपालको संविधान को धारा १६ देखि ४८ सम्म मौलिक हक र कर्तव्य खण्ड अर्न्तगत धारा ३१ मा शिक्षा सम्बन्धि हकको व्यवस्था निम्नानुसार गरिएको छ ।

१. प्रत्येक नागरीकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

२.प्रत्येक नागरीकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुनेछ ।

DRAFT

३. अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरीकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।

३.दृष्टिविहीन नागरीकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धि अपाङ्गता भएका नागरीकलाई साङ्केतिक भाषाको माध्यमबाट कानूनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।

४.नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउनका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

त्यसैगरी धारा ३९ मा बालबालिकाको हक अन्तर्गत बालबालिकालाई परिवार र राज्यबाट शिक्षा तथा प्रारम्भिक बालविकासकोहक हुनेछ भन्ने व्यवस्था गरिएको छ। साथै भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व अन्तर्गत (ज) मा नागरीकका आधारभूत आवश्यकता सम्बन्धि देहायका नीतिहरु राखिएका छन।

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाँउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने।

२. शिक्षाक्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने।

३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाइ क्रमशः निःशुल्क बनाउँदै लैजाने।

३.नागरीकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र पर्वर्द्धन गर्ने नेपालको संविधान (२०७२) को अनुसूची ८ मा आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्था र अनुसुचि ९ को संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा (२) शिक्षा, खेलकुद र पत्रपत्रिका सम्बन्धि व्यवस्था गरिएको छ।

### १.२.६ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ मा गाउँपालिका तथा गाउँपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धि व्यवस्था अनुसूची-१ अनुसार उल्लेख गरिएको छ।

### १.२.७ राष्ट्रिय शिक्षा नीति२०७६

नेपाल सरकारले मिति २०७६ कार्तिक १८ गते नेपालको राष्ट्रिय शिक्षा नीति स्वीकृत गरी जारी गरेको छ ।यो नीतिमा दूरदृष्टि नीति र कार्यनीति उल्लेख ,रणनीति ,उद्देश्य ,लक्ष्य ,गरिएको छ। यसमा ५५ ओटा नीतिहरू विस्तृतरूपमा उल्लेख गरी संघीय, प्रदेश र स्थानीय सरकारको जिम्मेवारी पनि तोकिएको छ। यसले समेटेका केही मुख्य मुख्य प्रावधानहरू देहाय बमोजिम छन्। उक्त नीतिमा "शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजि कन्याय, रुपान्तरण र समृद्धि" को दुरदृष्टि र सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाइ देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने लक्ष्य राखिएको छ।

### १.२.८ साक्षरताको अवस्थाः

**वडागत साक्षरताको अवस्था**

यस गाउँपालिकाको नेपाल सरकार (साविक जिल्ला शिक्षा कार्यालय डडेल्धुरा) बाट २०७४ सालमा साक्षर गाउँपालिका घोषणा गरिएको थियो। यसमा प्रत्येक साविकका सामुदायिक सिकाइ केन्द्रहरुको मार्फत तथ्याङ्क सङ्कलनका आधारमा निम्न तालिका अनुसार रहेको छ। जस अनुसार साक्षरता प्रतिशत ९६.८ प्रतिशत अजयमेरु गाउँपालिकाको रहेको छ।

**तालिका १ : वडागत साक्षरता प्रतिशत**

| वडा न. | साक्षरता प्रतिशत |
| --- | --- |

DRAFT

| | |
|---|---|
| **१** | **९५.९७** |
| **२** | **९५.६४** |
| **३** | **९८.५** |
| **४** | **९७.५** |
| **५** | **९६.६** |
| **६** | **९६.६** |
| **जम्मा** | **९६.८** |

स्रोतः साक्षरता घोषणा २०७३ जिल्ला शिक्षा कार्यालय डडेल्धुरा।

**१.१.९.अजयमेरु गाउँपालिकाको वर्तमान शैक्षिक संस्थाको विवरणको अवस्था:**यस अजयमेरु गाउँपालिकामा हाल प्रारम्भिक बालविकास देखि विद्यालय तहसम्म पठनपाठन हुन्छ। विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका २: शैक्षिक संस्थाहरुको तहगत सामुदायिक विद्यालयको विवरण: २०७८**

| सञ्चालित कक्षाहरु अनुसार विद्यालयहरुको विवरण | | | | | बालविकास कक्षा | | सामुदायिक सिकाइ केन्द्र |
|---|---|---|---|---|---|---|---|
| १-३ \१-५ | १-८ | १-१० | १-१२ | जम्मा | विद्यालयमा | समुदायमा | |
| १३ | ८ | ३ | ६ | ३० | ३० | ७ | ५ |

स्रोतः अजयमेरु, शिक्षा, युवा तथा खेलकुद शाखा, डडेल्धुरा।

यस अजयमेरु गाउँपालिका अन्तरगत ३० वटा सामुदायिक विद्यालयहरु तथा २ वटा संस्थागत विद्यालयहरु गरी जम्मा ३२ वटा विद्यालयहरु रहेका छन्। विद्यालयमा आधारित ३० वटा र समुदायमा आधारित ७ वटा गरी ३७ वटा प्रारम्भिक बालविकास कक्षाहरु रहेका छन्। सामुदायिक सिकाइ केन्द्र ५ वटा रहेका छन्। प्रारम्भिक बालविकास कक्षामा ४२ जना सहजकर्ता / बालविकास शिक्षक रहेका छन्। आधारभूत तहमा १७८ जना र माध्यमिक तहमा ५६ जना ( प्राविधिकधार तर्फका प्रशिक्षक समेत) गरी जम्मा २३४ जना शिक्षकहरु स्वीकृत दरबन्दी तथा राहतमा, अनुदान र स्वयंसेबक गरी कार्यरत रहेका छन। सामुदायिक सिकाइ केन्द्रमा ५ जना परिचालक कार्यरत छन्। यसै गरी विद्यालय सहायक कर्मचारी ९ जना र विद्यालय सहयोगी कर्मचारी ३२ जना गरी कर्मचारी ४१ जना रहेका छन्।

**तालिका ३: वडागत शैक्षिक संस्थाहरुको विवरण: २०७८**

| क्र.सं. | वडा नं. | बालविकास कक्षा | | | विद्यालय | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | विद्यालयमा | समुदायमा | जम्मा | सामुदायिक | संस्थागत | जम्मा | |
| १ | | ६ | २ | ८ | ६ | | ६ | |
| २ | | ५ | ३ | ८ | ५ | १ | ६ | |
| ३ | | ४ | | ४ | ४ | | ४ | |
| ४ | | ५ | २ | ७ | ५ | १ | ६ | |
| ५ | | ३ | | ३ | ३ | | ३ | |
| ६ | | ७ | | ७ | ७ | | ७ | |
| जम्मा | | ३० | ७ | ३७ | ३० | २ | ३२ | |

स्रोतः अजयमेरु गापा, शिक्षा, युवा तथा खेलकुद शाखा, डडेल्धुरा।

**१.२.१० विद्यार्थी सङ्ख्याको विवरण:**

DRAFT

**तालिका ४: सम्पूर्ण विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको कक्षागत विवरण: २०७८**

| कक्षा | छात्रा | छात्र | जम्मा | कैफीयत |
|---|---|---|---|---|
| बालविकास | २४६ | २७६ | ५२२ | |
| कक्षा १ | १३८ | १४९ | २८७ | |
| कक्षा २ | १५८ | १८२ | ३४० | |
| कक्षा ३ | १५९ | १५२ | ३११ | |
| कक्षा ४ | १८२ | १७५ | ३५७ | |
| कक्षा ५ | १९३ | १७७ | ३७० | |
| कक्षा १-५ | ८३० | ८३५ | १६६५ | |
| कक्षा ६ | २२४ | १८१ | ४०५ | |
| कक्षा ७ | १९४ | २०० | ३९४ | |
| कक्षा ८ | २१४ | २०३ | ४१७ | |
| कक्षा ६-८ | ६३२ | ५८४ | १२१६ | |
| कक्षा ९ | १७८ | १४९ | ३२७ | |
| कक्षा १० | १८६ | १६० | ३४६ | |
| कक्षा ९-१० | ३६४ | ३०९ | ६७३ | |
| कक्षा ११ | १२१ | ९६ | २१७ | |
| कक्षा १२ | ३८ | ४० | ७८ | |
| कक्षा ११-१२ | १५९ | १३६ | २९५ | |
| जम्मा | | | | |

स्रोतः IEMIS, CEHRD, 2078, अजयमेरु, शिक्षा, युवातथा खेलकुद शाखा, डडेल्धुरा ।

**तालिका ५ : सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ताको विवरण: २०७८**

| तह/पद | स्विकृत | राहत/ अनुदान | स्वयंसेवक | जम्मा |
|---|---|---|---|---|
| बालविकास | ४२ | | | |
| आधारभूत शिक्षक | ११३ | ४१ | २४ | १७८ |
| माध्यमिक शिक्षक | १४ | ३८ | ४ | ५६ |
| विद्यालय सहायक | ९ | | | |
| का.स. | ३२ | | | |
| परिचालक (CLC) | ५ | | | |

DRAFT

स्रोतः अजयमेरु शिक्षा, युवा तथा खेलकुद शाखा, डडेल्धुरा।

**तालिका ६:- सामुदायिक विद्यालयमा रहेका शिक्षक दरबन्दी तथा शिक्षक विद्यार्थी अनुपातको विवरणः २०७७**

| तह | शिक्षक दरबन्दी विवरण | | | | विद्यार्थी सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| | स्विकृत | राहत | स्वयंसेबक | कूल जम्मा | | |
| माध्यमिक (९-१२) | १४ | ३८ | ४ | ५६ | ९६८ | १:१३ |
| आधारभूत (६-८) | ३१ | १५ | १४ | ६० | १२१६ | १:१४ |
| आधारभूत (१-५) | ८२ | २६ | १० | ११८ | १६६५ | १:२२ |
| बालविकास | ४२ | | | | ५२२ | १:१७ |

स्रोतः IEMIS 2077, CEHRD, अजयमेरु शिक्षा, युवा तथा खेलकुद शाखा, डडेल्धुरा।

**तालिका ७:-विद्यार्थीहरुको तहगत औसत सिकाइ उपलब्धि विवरणः**

| शैक्षिक सत्र | आधारभूत तह | | | | मावि तह | कैफियत |
|---|---|---|---|---|---|---|
| | १-३ | १-५ | ६-८ | १-८ | ९-१० | |
| | | | | | | |
| | | | | | | |

स्रोतः अजयमेरु शिक्षा, युवा तथा खेलकुद शाखा, डडेल्धुरा।

माथिको तालिकालाई विश्लेषण गर्दा सिकाइ उपलब्धि समग्रमा सन्तोषजनक प्राप्त हुन सकेको अवस्था छैन। तर माध्यमिक तहको घटेको छ। सुधारका कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

### १.२.११ हाल सञ्चालित मुख्य कार्यक्रमहरू

अजयमेरु गाउँपालिकाले शिक्षाको गुणस्तर सुधार गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। विद्यालयको भौतिक संरचना निर्माण तथा आन्तरिक तथा बाह्य वातावरण सुदृढ गर्दै बालबालिकाको उच्चतम सिकाइ बृद्धि गर्न तथा समग्र गाउँपालिकाको शैक्षिक सुधारका लागि देहायका कार्यक्रमका माध्यमबाट समेत गाउँपालिका प्रयत्नरत छ।

**१. स्वयंसेबक शिक्षक नियुक्तिद्वारा अपुग शिक्षकको व्यवस्थापनः**

गाउँपालिकामा विद्यालय संख्याका आधारमा शिक्षक दरबन्दीको पर्याप्तता नभएका कारण शिक्षक पदपूर्ति गर्नका लागि कार्यविधि तयार गरी स्थानीय तहस्तरमा स्वयंसेबक दरबन्दी कायम गरी आवश्यक पर्ने शिक्षकको पदपूर्ति गरेको छ।

**२. शिक्षकको क्षमता अभिबृद्धिका लागि गाउँपालिका स्तरमा शिक्षक कार्यशाला सञ्चालन**

**३. विद्यालयको गुणस्तर सुधारका लागि शिक्षक, अभिभावक तथा विद्यार्थी बीच अन्तरक्रिया कार्यक्रम**

**४.सूचना तथा सञ्चार प्रविधिको व्यवस्थापनः**

माध्यमिक तह सञ्चालित विद्यालयहरुमा WIFI जडान तथा सञ्चालन, ल्यापटप तथा प्रोजेक्टरको व्यवस्था

**५.उत्कृष्ट बालविकासलाई पुरुस्कारः** बालविकास शिक्षकलाई थप हौसला तथा अझै राम्रो काम गर्नका लागि उत्प्रेरणा मिलोस भनी यस गाउँपालिकाले उत्कृष्ट बालविकासलाई प्रोत्साहनको कार्यक्रम उपलब्ध गराएको छ।

**६.परीक्षामा नयाँ व्यवस्थापनः**शैक्षिक सुधार तथा विद्यार्थी मूल्याङ्कनलाई वास्तविकतामा लैजान गाउँपालिकाले अजयमेरु गाउँपालिका अन्तरगतका विद्यालयहरुमा सञ्चालित आधारभूत तहको अन्तमा कक्षा -८ को आधारभूत शिक्षा परीक्षालाई माध्यमिक शिक्षा परीक्षाको मोडेलमा व्यवस्थापन गर्ने गरिएको छ। अन्य कक्षाहरुको प्रथम, द्वितीय त्रैमासिक र बार्षिक परीक्षा पनि प्रश्नपत्रको एकरुपताका लागि गाउँपालिकाबाट नै व्यवस्थापन गरी परीक्षा सञ्चालन गर्ने कार्य र कक्षा ८ को उत्तरपुस्तिका परीक्षणको कार्य सांकेतिक (कोड नम्बर) का आधारमा विद्यार्थीहरुको नतिजा प्रकाशन, विश्लेषण तथा पुनर्योगको व्यवस्था समेत गरिएको छ।

माथि उल्लेखित कार्यक्रमहरूका अतिरिक्त हाल तीनै तहका सरकारहरूद्वारा कार्यान्वयनमा रहेका केही कार्यक्रमहरू निम्नानुसार छन् :-

१. मासिक रुपमा प्र.अ. बैठक सञ्चालन
२. बालविकासकेन्द्रका सहजकर्ताका लागि क्षमता विकास तालिम
३. विद्यालयमा भौतिकविकास निर्माण (भवन ,पुस्तकालय ,फर्निचरसहित कक्षा कोठा ,विज्ञान प्रयोगशाला,ICT प्रयोगशाला, वास सहितको शौचालयमर्मत सम्भार आदि ,घेरबार ,)
४. शैक्षिक सामग्रीका लागि अनुदान वा खरीद
५. राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम
६. कक्षाकोठा व्यवस्थापन अनुदान
७. छात्रवृत्ति र प्रोहत्सान अनुदान
८. प्रति विद्यार्थी लागत अनुदान
९. शिक्षण सिकाइ सुधार अनुदान
१०. विद्यालय तथा कक्षा अनुगमन निरीक्षण/सुपरिवेक्षण
११. लेखा तथा जिन्सी व्यवस्थापन तालिम
१२. एकमुष्ट सशर्त अनुदान
१३. खेलकुद र अतिरिक्त क्रियाकलाप
१४. सामुदायिक सिकाइ केन्द्र
१५. साक्षरता र निरन्तर शिक्षा कक्षा
१६. आइ.सि.टि जडान
१७. दिवा खाजा (प्रारम्भिक बालविकास देखि कक्षा पाँचसम्म)
१८. सरकारी र विभिन्न गैरसरकारी संघसंस्थाबाट आयोजना तथा सञ्चालन गरिने कार्यक्रमहरू
१९. अभिभावक शिक्षा कार्यक्रम
२०. विद्यार्थी मनोपरामर्स कार्यक्रम
२१. विद्यार्थी, शिक्षक, प्र अ, विद्यालयका पदाधिकारी र जनप्रतिनिधिहरुका बिचमा शैक्षिक छलफल तथा अन्तर्क्रिया
२२. नमुना विद्यालय कार्यक्रम

### १.२.१२सुधार गर्नुपर्ने पक्षहरु

- ❖ प्रधानाध्यापक, शिक्षकहरुको क्षमता विकास तथा कार्यसम्पादन करार।
- ❖ शिक्षण पेशामा दक्ष जनशक्ति आकर्षण।

- ❖ न्यूनतम मापदण्ड पूरा नगरेका बालविकास केन्द्रको गुणस्तर सुधार
- ❖ सबै बालबालिकाको प्रारम्भिक बालविकास केन्द्रमा पहुँच सुनिश्चित गर्ने ।
- ❖ आधारभूत तहका विद्यालयको न्यूनतम आवश्यकताहरु पूरा गर्ने ।
- ❖ आधारभूत तहमा निःशुल्क तथा अनिवार्य शिक्षा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- ❖ विद्यालय छोड्ने, कक्षा दोहोर्‍याउने दर घटाउने ।
- ❖ सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री तथा सिकाइ वातावरणको कमी हुनु ।
- ❖ आधारभूत र माध्यमिक तहमा बालबालिकाको सिकाइ उपलब्धिमा बृद्धि गर्ने ।
- ❖ माध्यमिक तहको शिक्षा गुणस्तरीय बनाउने ।
- ❖ सबै विद्यालयमा सूचना, प्रविधि तथा सञ्चारको पहुँच बिस्तार गर्ने ।
- ❖ माध्यमिक तहमा प्राविधिक शिक्षाको पहुँच, विस्तार तथा गुणस्तरमा अभिबृद्धि गरी प्राविधिक तथा व्यवसायिक शिक्षालाई सर्वसुलभ बनाउने ।
- ❖ अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउने ।

**१.२.१३ योजना निर्माणको प्रक्रियाः**

शिक्षा क्षेत्रको सुधारका लागि व्यवस्थित तथा संरचनागत कार्यक्रमको आवश्यकता पर्दछ । विगतको अनुभव, वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकोले सबै तथ्यगत वस्तुस्थतिको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रुपमा कार्यान्वयन तहसम्म पुर्‍याई लक्षित प्रतिफल पाउन आफैमा कठीन र चुनौतीपूर्ण छ । यद्यपि यो गाउँ शिक्षा योजना निर्माण गर्न निम्न चरण र प्रक्रियाहरुलाई अवलम्बन र अनुसरण गरिएको छः-

- ❖ शिक्षा शाखा प्रमुखको संयोजकत्वमा मस्यौदा लेखन समिति गठन गरियो ।
- ❖ योजनालाई मूर्तरुप दिन योजना निर्माण कार्यदलका पदाधिकारीहरुबीच आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको ।
- ❖ राष्टिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको समन्वयमा सबै पालिकाका योजना निर्माण कार्यदलका पदाधिकारीहरुको अन्तरक्रियाबाट मस्यौदाको अन्तिम तयारी ।
- ❖ योजनाको खाका तयार गरी बिषयवस्तु माथि छलफल भएको ।
- ❖ वडास्तरमा विद्यालयका प्रधानाध्यापक, विब्यस अध्यक्ष, शि.अ.संघ अध्यक्ष र अन्य शैक्षिक सरोकारवालाहरुसँग लिखित सुझाव सङ्कलन ।
- ❖ गाउँपालिकाको बजेट, शिक्षा शाखामा तयार पारिएका स्रोतसामग्री, संघ र प्रदेश सरकारको वस्तुस्थिति र अन्य आधार पत्रहरुको समेत अध्ययन गरिएको ।
- ❖ विगतका जिल्ला शिक्षा योजना तथा तत्कालिन जिल्ला शिक्षा कार्यालयका तथ्याङ्कहरुलाई आधार बनाइएको ।
- ❖ २०६८ सालको जनगणनालाई आधार मानी तथ्याङ्क सङ्कलन, प्रक्षेपण, विश्लेषण र प्रमाणीकरण गरिएको ।
- ❖ गाउँपालिका तथा गाउँसभाबाट परिमार्जित तथा अनुमोदन सहित तथ्याङ्क लिएको ।

DRAFT

- ❖ १० बर्षे गाउँ शिक्षा योजना निर्माणका लागि कार्यपालिकाको बैठकबाट अनुमोदित गरिएको छ।
- ❖ लेखन समितिले पहिलो मस्यौदा निर्माण गरी थप सल्लाह सुझावका लागि गाउँपालिकाका पदाधिकारी तथा शिक्षा सरोकारवालाहरुसँग मस्यौदा माथि सल्लाह सुझाव सङ्कलन।
- ❖ सबै सरोकारबालावाट प्राप्त सुझावहरूलाई समेटी गाउँ शिक्षा योजनालाई अन्तिम रुप प्रदान।
- ❖ १० बर्षे गाउँ शिक्षा योजना निर्माणका लागि कार्यपालिकाको बैठकबाट अनुमोदित गरिएको छ।
- ❖ गाउँ सभाबाट शिक्षा योजना पारित गरिएको थियो।

**१.२.१४ पूर्व योजनाहरुको समीक्षाः**

जनप्रतिनिधि संस्थाको रुपमा विकास भइ स्थानीय सरकारको एउटा महत्वपूर्ण कार्य शिक्षाको योजना निर्माण गर्नु पनि हो। मुख्यतया यो योजना सुरुवातको भएको कारण पहिलेका योजनाहरुको समीक्षा गर्ने कार्य नभएता पनि तत्कालिन जिल्ला शिक्षा योजना डडेल्धुरा र यस गाउँपालिकामा वि.स. २०७५ सालमा बनेको गाँउ शिक्षा योजनालाई आधार मानिएको छ। विद्यालय सुधार योजना, अजयमेरु गाउँपालिकाको बस्तुगत विवरण, २०७५ लाई मार्गदर्शनको रुपमा लिइएको छ। तलदेखि माथि बन्ने उर्ध्वमुखी (Bottom up approach) योजनाको स्थानीय रुपलाई आधार मानी योजना निर्माण गरिएको भएतापनि संघीय सरकार, प्रदेश सरकार र स्थानीय माग अनुसारका कार्यक्रमहरु समन्वयात्मक रुपमा कार्यान्वयन हुने योजनाले अपेक्षा गरेको छ।

**१.२.१५ योजना निर्माणको खाकाः**

योजनाले परिकल्पना गरेको शैक्षिक उपलब्धि प्राप्त गर्न मुख्यतया विद्यालय पहुँच बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय पुर्‍याउनका लागि विद्यालय तथा बालविकास केन्द्रहरुलाई पहिलो इकाइ अर्थात खुड्किलो मानेर विद्यालयद्वारा भरेर पठाइएका तथ्याङ्क विवरणहरु, फ्ल्यास रिपोर्ट, जनगना-२०६८ र त्यसलाई प्रक्षेपण गरिएको जनसङ्ख्या सहितको तथ्याङ्क, सरोकारवालाबाट प्राप्त स्रोतहरु, नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा तथा मानव श्रोत विकास केन्द्रका प्रतिवेदन तथा तथ्याङ्कहरुमा राखीएका द्वितीय स्रोत एवम् स्थलगत रुपमा गरिएको छलफल एवम् प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोतको रुपमा लिई योजनालाई बढी भरपर्दो विश्वासिलो र यथार्थपरक बनाउने प्रयास गरिएको छ।

**परिच्छेद –२**

**नयाँ गाँउ शिक्षाक्षेत्र योजना**

**२.१. सन्दर्भ र औचित्यः**

देशमा प्रजातन्त्रको पुनर्वहालीसँगै शिक्षा आर्जनका लागि विभिन्न विद्यालय तथा विश्वविद्यालयको स्थापनाभएको देखिन्छ । सर्वसाधारणका लागि शिक्षा आर्जन गर्न सहज वातावरण भएसँगै सरकारले शिक्षासँग सम्बन्धित विभिन्न नीति तथा कार्यक्रम ल्याएको देखिन्छ। वि.सं. २०१० को नेपाल शिक्षा नामक योजना कार्यान्वयन भएसँगै शिक्षा प्राप्त गर्न आम नागरिकको चासो बढेको देखिन्छ।

नेपालमा शिक्षामा आम नागरिकको पहुँच बृद्धि गर्न तथा शिक्षालाई व्यवसायिक तथा प्रतिस्पर्धी बनाउनका लागि शिक्षासँग सम्बन्धित विभिन्न नीति, नियम तथा परियोजना सञ्चालन भएका छन्। हाल नेपालमा कार्यान्वयनमा रहेको संविधानले अधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेसँगै शैक्षिक योजना प्रणालीमा पनि विकेन्द्रिकरणको आवश्यकता रहेको छ।

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ । प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क ग्यारेन्टी गरेको छ भने माध्यमिक तहको शिक्षालाई अनिवार्य गरेको छ। त्यसै गरी गरिब तथा जोखिममा रहेका बालबालिकालाई कानुन बमोजिम निःशुल्क शिक्षाको हक प्रदान गरेको छ । संविधानको अनुसूची-८ ले स्थानीय तहको अधिकारको सूचीको क्र.सं. (८) मा आधारभूत र माध्यमिक तहको शिक्षा स्थानीय तहको क्षेत्राधिकारमा रहेको व्यवस्था गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) अनुसार शिक्षाका २३ वटा अधिकार स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा स्थानीय सरकारले अधिकार कार्यान्वयन गर्न तथा शिक्षाको विकास मार्फत समृद्ध अजयमेरु गाउँपालिका निर्माणका लागि सुनिश्चित यो गाउँ शिक्षा योजना निर्माण गरिएको हो।

साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ (२४) मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका बिषयका लागि आवधिक, बार्षिक, रणनीतिगत बिषयमा क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाइ लागु गर्न सक्ने अधिकारको व्यवस्था गरेको छ। स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ ले पनि स्थानीय तहले बार्षिक योजना र बजेट तर्जुमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण (Profile) तयार वा अद्यावधिक गर्नु पर्नेछ। अद्यावधिक वस्तुगत विवरण आफ्ना website मार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ। त्यसै गरी उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन २०७५ ले स्थानीय आवश्यकतामा आधारित मा जोड दिएको छ। यस्ता नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्न पनि शिक्षा योजना आवश्यक छ।

सरकारले विद्यालय शिक्षामा गरेको लगानी अनुरुप शैक्षिक योजना, नीति तथा कार्यक्रम निर्माण नभएको हुँदा खर्च भएको स्रोतको प्रतिफल मापन गर्न सकिरहेको अबस्था छैन भने अर्को तिर स्थानीय तहमा रहेका शैक्षिक मुद्दा तथा समस्याका आधारमा शैक्षिक योजना कार्यान्वयनका लागि समेत योजना नभएको हुँदा तथा शैक्षिक सूचकको हिसाबले स्थानीय तहले शैक्षिक उपलब्धि मापन गर्न सकिएको छैन। तसर्थ स्थानीय तहको शिक्षा योजना बनाउन आवश्यक छ। लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप सहितको समग्र योजना बनाउन स्रोतको सही सदुपयोग, अपेक्षित उपलब्धि हासिल गर्न सजिलो हुनका साथै तीनै तहको सरकारले बनाएका योजनाहरु अन्तरसम्बन्धित हुन जरुरी छ। संविधानको मर्म अनुसार तीन तहका सरकारबिचको समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तमा आधारित शिक्षा योजना

निर्माण गरी स्रोत र साधनको उच्चतम प्रयोग गर्न योजना कार्यान्वयन आवश्यक देखिएको छ । यसर्थ अजयमेरु गाउँपालिकाले शिक्षाको समग्र विकास तथा शिक्षाको माध्यमबाट सामाजिक रुपान्तरणका लागि गाउँ शिक्षा योजना निर्माण गर्ने प्रयत्न गरेको हो ।

शिक्षाको सुधारमा लागि वि.सं. २०८७ (सन् २०३०) सम्म प्राप्त गर्ने उपलब्धिहरुलाई समेट्ने गरी यस खण्डमा गाउँ शिक्षा योजनाको दुरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्यहरु (Objectives), रणनीतिहरु (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key Indicators) प्रस्तुत गरिएको छ ।

**२.२ दीर्घकालिन राष्टिय सोच**

आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमवाट न्यायपूर्ण समाजको विकास सहित नेपाललाई समृद्ध र नेपालीलाई सुखि बनाउन योगदान गर्ने ।

**२.३ गाउँपालिकाको दीर्घकालिन सोच तथा गन्तब्य**

विद्यालय तहको शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, उद्यमी र नवप्रवर्तनशील मानव पुँजीको विकासबाट गाउँपालिकाको आर्थिक सामाजिक रूपान्तरण ।

**२.४ प्रमुख उद्देश्यहरू**

अजयमेरु गाउपालिकाको शैक्षिक विकासको लागी निर्माण गरिएको १० वर्षे गाउ शिक्षा योजनाले विद्यालय तहको शिक्षालाई बढी उद्देश्यमूलक समसामयिक एवम् स्तरीय बनाउने प्रयास गरेको छ। यस योजनाको मूल ध्येय शैक्षिक गुणस्तर सुधारका लागि राम्रो विद्यालय, राम्रो शिक्षण र राम्रो सिकाइको सुनिश्चितता प्रदान गर्नु हो । यो शिक्षा योजना यस क्षेत्रका विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयलाई सहयोग गर्ने एउटा साधन हो । विद्यालय व्यवस्थापन समिति (विव्यस) को नेतृत्व र सबै सरोकारवालाहरूको सहयोग तथा सहभागितामा विद्यालयको शैक्षिक गुणस्तरमा जोड दिनुको साथै समग्र पक्षको सुधारमा केन्द्रित रही योजना तयार गरिएको छ । समाजसेवी, शिक्षाप्रेमी, विद्यार्थी, शिक्षकलगायतका सरोकारवालाहरूको सक्रिय सहभागिताको प्रवर्ध्न, गतिशील संलग्नता र अपनत्व वृद्धि गर्नुलाई यस योजनामा मुख्य स्थान दिइएको छ। विद्यालय समुदायको महत्वपूर्ण सम्पत्ति भएकाले समुदायको सहयोगबाट मात्र यसको अपेक्षित विकास सम्भव छ भन्ने व्यावहारिक सिद्धान्तलाई यस योजना अभ्यासले आत्मसात् गर्दछ । त्यसैले योजनामा सरकारबाट प्राप्त हुने अनुदानका अतिरिक्त विद्यालयको आन्तरिक स्रोत तथा सबै सहयोगी निकायसँगको समन्वय, साझेदारी र सहकार्यमा विद्यालयलाई प्राप्त हुने सहयोगबाट सम्पादन गर्न सकिने कार्यकलापहरूलाई समेत समावेश गरिएको छ । यसका साथै योजनामा बजेट बिना र कम बजेटमा गर्न सकिने कार्यकलापहरूमा विशेष जोड दिनु आवश्यक छ। योजनाको आधारमा नै शिक्षा विकास तथा सम्पूर्ण शैक्षिक क्रियाकलाप सञ्चालन हुने भएकाले यस गाउ शिक्षा योजनालाई परिणाममुखी बनाउने काम गरिएको छ। यस गाउ शिक्षा योजनाका उद्देश्यहरु निम्नानुसार रहेका छन्।

१. सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु ।

२. प्राविधिक शिक्षा र व्यावसायिक सिप विकासमा समाबेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु ।

३. गाउँपालिका भित्रका सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षाका अबसरहरू सुनिश्चित गर्नु ।

४.विद्यालयमा सुशासन प्रवर्ध्न गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु ।
५.आपतकालिन र सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु ।
६. योजनाको अन्तसम्म गाउँपालिकाका सबै विद्यालयको हरेक विषयको सिकाइ उपलब्धि ६० प्रतिशतभन्दा माथि पुर्‍याउनु ।

**२.५रणनीतिहरुः**

माथि उल्लेखित उद्देश्यहरु प्राप्त गर्नका लागि विभिन्न रणनीतिहरु तय गरिएको छ । तय गरिएका उद्देश्य प्राप्त गर्न प्राथमिकतामा आधारित तपसिल बमोजिमको रणनीतिहरु कार्यान्वयन गरिने छ ।

- ❖ प्रचलित ऐन तथा कानुन बमोजिम प्रारम्भिक बालविकासको रणनैतिक योजना तयार गरी लागु गरिने छ ।
- ❖ एक वडामा एक नमुना विद्यालय तथा बालविकास केन्द्रको अवधारणा कार्यान्वयन गरिने छ ।
- ❖ गाउँपालिकाभित्र स्नातक तह अध्यापन गर्ने सस्थाको स्थापनाका लागि पूर्वाधार विकास गरिने छ ।
- ❖ संघीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनको आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच तथा सहभागिताको सुनिश्चितता गरिने छ ।
- ❖ आधारभूत तहको शिक्षालाई निःशुल्क तथा अनिवार्य तथा माध्यमिक शिक्षालाई निःशुल्क गरी सबै बालबालिकाको शिक्षामा पहुँच अभिबृद्धि गरिने छ ।
- ❖ संघ तथा प्रदेश सरकारको समन्वय तथा सहजीकरणमा स्थानीय सरकारले विद्यालयको भौतिक पूर्वाधार विकास, शैक्षिक, आर्थिक विकासको व्यवस्थापन गर्दै सबै बालबालिकाको शिक्षाको पहुँचको सुनिश्चितता गरिने छ ।
- ❖ स्थानीय परिवेश, आवश्यकता, सामाजिक, संस्कृति अनुरुप कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिने छ ।
- ❖ विद्यालयमा नेतृत्व विकास, पारदर्शिता, जवाफदेहिता कायम गर्न विद्यालयका सरोकारवालाको क्षमता अभिबृद्धि गरिने छ ।
- ❖ बालबालिकाको स्वास्थ्य, सरसफाइका लागि स्थानीय गैरसरकारी तथा शिक्षा सरोकारवालासँग समन्वय र सहकार्य गरी विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम लागु गरिने छ । साथै संघीय तथा प्रदेश सरकारको सहयोग तथा सहकार्यमा विद्यालयमा दिवाखाजाको व्यवस्था मिलाईने छ ।
- ❖ प्रत्येक वडाको अग्रणी विद्यालयलाई शैक्षिक सम्पर्क विद्यालयको रुपमा कायम गरिने छ । साथै सक्रिय शिक्षकलाई सम्पर्क ब्यक्ति वडागत रुपमा तोकिने छ ।
- ❖ शिक्षकको शैक्षिक क्षमता अभिबृद्धि गर्न समय समयमा शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई तालिम, कार्यशाला, अभिमुखीकरण कार्यक्रम, बैठक, अन्तरक्रिया कार्यक्रम वडागत तथा पालिका स्तरमा सञ्चालन गरिने छन् ।
- ❖ विशेष शिक्षा आवश्यकता भएका बालबालिकाहरुका लागि विशेष कक्षा सञ्चालन गरिने छ ।

DRAFT

❖ विपन्न तथा जेहेन्दार विद्यार्थीको पहिचान गरी छात्रवृत्ति, शैक्षिक सामग्री उपलब्ध गराइ उनीहरुको शैक्षिक निरन्तरतामा जोड दिइने छ।

❖ कार्य सम्पादनका आधारमा प्रत्येक बर्ष उत्कृष्ट शिक्षक छनौट गरी पुरुस्कृत गरिने छ।

❖ रणनीतिक योजना कार्यान्वयनको अवस्था मापन गरी आवधिक प्रतिवेदन तयार गर्न पालिका स्तरमा अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन समिति गठन गरिने छ।

❖ शिक्षाको पेशागत सहयोग र विद्यालय सुपरिवेक्षण कार्यका लागि पालिका स्तरमा विज्ञ समूह, साथी समूहको रोष्टर समूह गठन गरी परिचालन गरिने छ।

❖ सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिबृद्धि गरी सामाजिक परिचालनका कार्यक्रममा सहभागी गराइने छ

❖ बालबालिकाको पठन सीप अभिबृद्धि गर्न वडास्तरमा र पालिकास्तरमा शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ। विद्यार्थीहरु तथा अभिभावकहरुको संलग्नतामा गरिने छ।

❖ विद्यार्थीहरुलाई राष्ट्र समाज प्रति उत्तरदायित्व बोध गर्नका लागि अनिवार्य रुपमा माध्यमिक तहका विद्यार्थीहरुलाई स्काउट, रेडक्रस जस्ता मानवीय कार्य र गतिविधिमा संलग्न गराइने छ।

❖ शिक्षक नियुक्ति व्यवस्थापन र सेवा सर्त सम्बन्धिको निश्चित मापदण्ड तयार पारी लागु गरिने छ।

❖ विद्यार्थीहरुलाई खेल योगाभ्यास र सह क्रियाकलाप सञ्चालनका लागि वडा स्तरमा आधुनिक प्रविधिसहितका रङ्गशाला निर्माणमा जोड दिइने छ।

❖ स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्री निर्माण र प्रयोगमा जोड दिइने छ। विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइने छ।

❖ प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गरिने छ।

❖ शिक्षाको गुणस्तर सुधारका लागि समन्वय सहकार्य र सह-अस्तित्वको अवधारणा अनुरुप नीति निर्माण, स्रोत बाँडफाँड तथा लगानीका लागि संघ, प्रदेश सरकारसँग सहकार्य गरिने छ।

❖ स्थानीय तहमा स्रोतकेन्द्र र निरीक्षण क्षेत्रको अवधारणा लाई सक्रियताका साथ कार्यविधि निमाण गरी सञ्चालन गरिने छ।

❖ सम्पूर्ण शिक्षा प्रणालिलाई सूचना तथा सञ्चार प्रविधिमा आधारित बनाउने अभ्यास गरिने छ।

❖ पालिकास्तरमा अतिरिक्त क्रियाकलापहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न बालसञ्जालहरूलाई सक्रिय गराइनेछ।

DRAFT

**२.६ प्रमुख उपलब्धि तथा सूचकहरु:**यस गाउँ शिक्षा योजनाका प्रमुख उपलब्धि सूचकहरु निम्नबमोजिम निर्धारण गरिएको छन् :-

**तालिका १०: दश बर्षे गाउँ शिक्षा योजनाका प्रमुख उपलब्धि सूचक:**

| क्र स | सुचकहरु | आधार वर्ष (वि. स. २०७७) को अवस्था | वि. स. २०८२ को लक्ष्य | वि. स. २०८७ को लक्ष्य |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास शिक्षा | | | |
| १.१ | कूल भर्नादर | ६८.७ | ७८ | १०० |
| १.२ | चार वर्षका बालबालिकाको भर्ना अनुपात | | | |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | | | |
| १.४ | कक्षा १ मा नवप्रवेशि मध्ये प्रारम्भिक बालविकास शिक्षाको अनुभव प्राप्त बालवालिकाको प्रतिशत | ६८ | ८० | १०० |
| १.५ | आधारभूत तालिम प्राप्त शिक्षक(प्राबाशि) | | | |
| २ | आधारभूत शिक्षा | | | |
| २.१ | कक्षा १ मा कूल प्रवेशदर | १०८.७ | १०२ | १०० |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९९.७ | १०० | १०० |
| २.३ | कक्षा १-५ कूल भर्नादर | १२४.७ | ११० | १०० |
| २.४ | कक्षा १-५ मा खुद भर्नादर | ९९.५ | १०० | १०० |
| २.५ | कक्षा १-८ मा कूल भर्नादर | ११६.७ | १०५ | १०० |
| २.६ | कक्षा १-८ मा खुद भर्नादर | ९८.३ | १०० | १०० |
| २.७ | कक्षा १-८ को लैङ्गिक समता सुचकाङ्क | ०.९७ | १ | १ |
| २.८ | कक्षा ८ मा टीकाउ दर | | | |
| २.९ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | | | |
| २.१० | ५ देखि १२ वर्ष उमेरका विद्यालय वाहिर रहेका बालबालिकाको प्रतिशत | | | |
| ३ | माध्यमिक शिक्षा | | | |
| ३.१ | कूल भर्नादर कक्षा ९-१० | १२७.२ | ११० | १०० |
| ३.२ | खुद भर्नादर कक्षा ९-१० | ७१.३ | ८० | १०० |
| ३.३ | कूल भर्नादर कक्षा ९-१२ | ८७.३ | ९० | १०० |
| ३.४ | खुद भर्नादर कक्षा ९-१२ | ४८.९ | ५० | ६० |
| ३.५ | कूल भर्नादर कक्षा ११-१२ | ५१.४ | ५५ | ६० |
| ३.६ | खुद भर्नादर कक्षा ११-१२ | २६.४ | ३० | ४० |
| ३.७ | कक्षा १० सम्मको टीकाउ दर | ६७ | ७० | ७५ |
| ३.८ | कक्षा १२ सम्मको टीकाउ दर | | | |

DRAFT

| | | | | |
|---|---|---|---|---|
| ३.९ | कक्षा १ देखि १२ मा खुद भर्नादरको आधारमा लैङ्गिक समता सुचकाङ्क | ०.९३ | | |
| ४ | अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ | | | |
| ३.१ | ५ वर्ष माथिको साक्षरता दर | | | |
| ३.२ | १५ देखि २४ बर्षको साक्षरता दर | | | |
| ३.३ | १५ वर्ष माथिको साक्षरता दर | | | |
| ५ | महिला शिक्षक प्रतिशत | | | |
| ४.१ | आधारभूत तह | | | |
| ४.२ | माध्यमिक तह | | | |
| ६ | प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेका विद्यालय प्रतिशत | | | |
| ५.१ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | | | |
| ५.२ | आधारभूत विद्यालय | | | |
| ५.३ | माध्यमिक विद्यालय | | | |
| ७ | स्थानीय बजेटमा शिक्षा क्षेत्रको बजेटको प्रतिशत | | | |

**परिच्छेद -३**

**शिक्षाका क्षेत्रहरु**

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

प्रारम्भिक बालविकास शिक्षा विद्यालय जाने उमेर पूर्वका बालवालिकाहरुको सर्वाङ्गिण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो । सर्वाङ्गिण विकास अन्तर्गत बालबालिकाहरुको शारीरिक, मानसिक तथा बौद्धिक सामाजिक र संवेगात्मक विकास पर्दछन । कुनै एक पक्षको विकास कमजोर हुँदा व्यक्तिको व्यक्तित्व विकासमा बाधा पर्न सक्ने भएकाले बालबालिकामा उल्लेखित सबै पक्षको विकासमा ध्यान दिनु आवश्यक छ । त्यसैले प्रारम्भिक बालविकास शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अंक चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गिण विकासमा सहयोग गर्नका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्दछ । प्रारम्भिक बालविकास शिक्षाका कार्यक्रमहरु विभिन्न समयावधिमा सुरु गर्ने भएतापनि चार वर्ष उमेर पुगेका बालवालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा प्रचलित ऐन कानूनमा उल्लेख गरिएको छ । अतः यस शिक्षालाई विशेष प्राथमिकतामा दिन आवश्यक भएकोले अजयमेरु गाउँपालिकाको दश वर्षिय शिक्षाक्षेत्र योजनाको मुख्य अंगको रुपमा राखिएको छ ।

### ३.१.२ वर्तमान अवस्था

अजयमेरु गाउँपालिकामा हाल जम्मा ३६ बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन । जसमध्ये २९ वटा प्रारम्भिक बालविकास केन्द्र विद्यालयमा र ७ वटा समुदायमा आधारित गरी सञ्चालित रहेका छन । यस गाउँपालिका

DRAFT

अन्तर्गत हाल बालविकास शिक्षाको खुद भर्नादर ६८ प्रतिशत रहेको छ । संस्थागत विद्यालय तथा नीजि क्षेत्रबाट सञ्चालित विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षामा ३ वर्षेको कार्यक्रम सञ्चालनमा छन भने २ सामुदायिक विद्यालयहरुमा २ वर्षको प्रारम्भिक बालविकास शिक्षाको कार्यक्रम सञ्चालन छ । यी सबै शैक्षिक संस्थाहरुमा कूल ५२२ बालबालिकाहरु सहभागि भएका छन । यस गाउँपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षाको कूल भर्नादर १२६ र खुद भर्नादर ६८ रहेको छ । कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहितको भर्नादर ६८.१ रहेको छ । प्रारम्भिक बालविकास  शिक्षामा  लैङ्गिक समता सुचक ०.८९ रहेको छ । प्रारम्भिक बालविकास शिक्षामा कार्यरत शिक्षकहरु ४२ जना रहेका छन । वर्तमान यस अवस्थालाई विश्लेषण गर्दा प्रारम्भिक बालविकास तथा शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन ।

१. प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षामा पहुँच पुर्‍याउने ।

२. सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रमा न्यूनतम मापदण्ड पूरा गर्ने ।

**३.१.३ उद्देश्य**

यस योजनाले प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धि निम्न उद्देश्यहरु राखेको छः

१. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गिण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास शिक्षामा पहुँच बढाउनु ।

२. प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरुमा गुणस्तर सुनिश्चित गर्नु ।

३. सबै बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु ।

**३.१.४ रणनीतिहरु**

योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धि उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अबलम्बन गरिने छनः

१. चार वर्ष उमेरका सबै बालबालिकाहरुलाई बालविकास/पूर्वप्राथमिक कक्षामा भर्ना गराउने ।

२. समुदाय र विद्यालयमा आधारित बालविकास केन्द्रहरुको वैज्ञानिक नक्शांकन गर्ने ।

३. सहजकर्ताको स्थायित्वका लागि स्थानीय निकाय तथा अन्य संघसंस्थाबाट प्राप्त स्रोत परिचालन गरि पारिश्रमिकमा बृद्धि गर्ने साथै बालविकासकेन्द्र व्यवस्थापन समितिलाई सक्रिय बनाइ आयआर्जनका कार्यक्रम सुरुगरी छुट्टै बालविकास कोषको स्थापना गर्न बालविकासकेन्द्रहरुलाई प्रोत्साहित गर्ने ।

४. खुला शिक्षाको माध्यमबाट न्यूनतम योग्यता नपुगेका सहयोगी कार्यकर्तालाई माथिल्लो शिक्षा हासिल गर्नको लागि प्रोत्साहित गर्ने र क्षमता अभिवृद्धि गर्नको लागि तालिम तथा नमुना बालविकासकेन्द्रको अवलोकन भ्रमणको व्यवस्था मिलाउने ।

५. समुदायमा आधारित भएर संचालनमा रहेका बालविकास केन्द्रलाई समुदायबाट बालमैत्री सुविधाजनक कक्षाकोठा निर्माण गर्न आवश्यक पहल गर्ने । विद्यालयमा संचालनमा रहेका बालविकास केन्द्रलाई सुविधाजनक कक्षाकोठा उपलब्ध गराइ कक्षा संचालन गर्न पहल गर्ने र अव स्थापना हुने बालविकास केन्द्रको लागि कक्षाकोठा भएनभएको अध्ययन गरेर मात्र कक्षाकोठा भएकालाई मात्र उपलब्ध गराउने ।

६. बालविकासकेन्द्रमा भर्ना गर्दा जन्मदर्तालाई अनिवार्य गर्ने ।

७. गाउँपालिका भित्रका सबै बालविकास केन्द्रहरुमा आवश्यक पूर्वाधारसहित बालमैत्री तथा छापामय कक्षा व्यवस्थापन गर्ने ।

DRAFT

८. अनुगमन सूचकमा रहि आन्तरिक तथा वाह्य अनुगमन प्रणालीलाई प्रभावकारी वनाउन मातृ विद्यालयका प्रधानाध्यापकलाई जिम्मेबार बनाउने।

९. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसस्था निजीक्षेत्र र समुदायलाई जिम्मेबार बनाउने।

### ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क. उपलब्धि तथा नतिजाहरु**

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरू १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच हुनेछ।

२. प्रारम्भिक बालविकास तहको कूल भर्नादर १०० पुगेको हुनेछ।

३. प्रारम्भिक बालविकास तहमा न्यूनतम योग्यता पुगेका सहयोगी कार्यकर्ताहरु सत प्रतिशत पुगेको हुनेछ।

४.कक्षा १ मा नवप्रवेश गर्ने प्रारम्भिक बालविकास शिक्षाको अनुभव प्राप्तगर्ने बालवालिका १०० प्रतिशत पुगेको हुनेछ।

५. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, परिवार, समुदाय, गैर सरकारी संघ संस्था र विद्यालयहरु जिम्मेवार भइ कक्षा १ मा भर्ना हुने सबै बालबालिकाहरु प्रारम्भिक बालविकासको अनुभव सहितका हुनेछन् ।

६. सबै बालविकास केन्द्रहरू अनुगमन सूचकहरुका आधारमा सिकाइमैत्री र बालमैत्री भएका हुनेछन्।

**ग. प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**तालिका ३.१.५.१ प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डहरु विकास परिमार्जन तथा प्रबोधीकरण | पटक | १ | १ | १ | ० | ० | ३ | २ | केन्द्र र प्रदेश |
| २ | नक्साङ्कन गरी पुनर्वितरण | पटक | ० | ० | १ | १ | ० | २ | ० | स्थानीय तह |
| ३ | अभिलेख व्यवस्थापन | निरन्तर | १ | १ | १ | १ | १ | सबैमा | सबैमा | केन्द्र |
| ४ | सहयोगी कार्यकर्ताहरूलाई बालमैत्री तालिम तथा शैक्षिक सामग्रि निर्माण कार्यशाला | सङ्ख्या | ० | १० | १० | १० | ७ | ३७ | ३७ | स्थानीय तह र सहयोगी संस्था |
| ५ | शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा | पटक | १ | १ | १ | १ | १ | १ | ३७ | केन्द्र |

DRAFT

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | समावेश गराउने | | | | | | | | | |
| ६ | प्रविधिमैत्री शैक्षिक सामग्रीहरुको व्यवस्थापन गर्ने | पटक | ० | १ | ० | १ | १ | १ | सबै | केन्द्र |
| ७ | प्रत्येक वडामा एउटा नमुना बालविकास केन्द्र स्थापना गर्ने | पटक | | १ | १ | १ | १ | १ | १ | |

**तालिका ३.१.५.२ प्रारम्भिक बालविकास शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्ने अनुमानित बजेट (रु हजारमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | आवश्यक बजेट अनुमानित (रु हजारमा)(५ बर्षको) | | | | | | बजेट बाँकि (५ बर्ष) २०८३-२०८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डहरु विकास परिमार्जन तथा प्रबोधीकरण | पटक | १०० | १५० | १७५ | २०० | २२५ | ८५० | ९०० | संघ र प्रदेश गर्ने |
| २ | नक्साङ्कन गरी पुनर्वितरण | पटक | ० | ० | १५० | १७५ | ० | ३२५ | ० | स्थानीय तह |
| ३ | अभिलेख व्यवस्थापन | निरन्तर | २५ | ३० | ४० | ४५ | ५० | १९० | ४०० | केन्द्रले र स्थानीय तह |
| ४ | सहयोगी कार्यकर्ताहरूलाई बालमैत्री तालिम तथा शैक्षिक सामग्रि निर्माण कार्यशाला | सङ्ख्या | ० | २०० | २५० | २७५ | २८० | १००५ | १३०० | स्थानीय तह |
| ५ | शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अनिवार्य समावेश गराउने | पटक | २०० | २१० | २२० | २३० | २४० | ११०० | १५०० | केन्द्र र स्थानीय तह |
| ६ | प्रविधिमैत्री शैक्षिक सामग्रीहरुको व्यवस्थापन गर्ने | पटक | ० | २५० | ३०० | ३२५ | ३५० | १२२५ | १५०० | केन्द्र र स्थानीय तह |
| ७ | प्रत्येक वडामा एउटा नमुना बालविकास केन्द्र स्थापना गर्ने | | ० | ५०० | ५५० | ६०० | ६५० | २३०० | ७०० | केन्द्र, प्रदेश र स्थानीय तह |

DRAFT

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कूल जम्मा रकम (रु हजारमा) | ३२५ | १३४० | १६८५ | १८५० | १७९५ | ६१४५ | ६३०० | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

मानव जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान सीप आर्जन गर्ने गरी घर परिवार तथा समुदायमा आफ्ना विचारहरु अभिव्यक्त गर्न र समाजमा घुलमिल तथा आफूलाई सामाजिक परिवेशमा समायोजन गरी सामाजिकिकरणमा सहज बनाउने प्रारम्भिक बालविकास देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा भनिन्छ। नेपालको संविधान को धारा ३१ मा आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुनेछ भन्ने व्यवस्था मौलिक हक अन्तर्गत राखिएको छ। आधारभूत शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापित गरिएको छ । शिक्षामा सबैको पहुँचका लागि सरेकारबालाहरूमा प्रतिवद्धताको कमि रहेको र गरिएका प्रतिवद्धताहरु पनि कार्यान्वयनमा आएको देखिदैन। एकातर्फ निर्दिष्ट सिकाइलाई मात्र स्तरियता मान्ने र अर्कोतर्फ कागजि काम कार्वाहिलाई मात्र आफ्नो जिम्मेवारी र दायित्व सम्झने स्थिति रहेको विद्यमान अवस्थामा व्यवहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, संस्कार र संस्कृतिप्रति लगाव, नैतिक आचरण र जिम्मेवारी, मौलिक रुपमा उपयोग गर्न सक्ने गुणस्तरीय आधारभूत शिक्षा प्रदान गर्ने उद्देश्यमा केन्द्रित रही यस खण्डमा आधारभूत शिक्षाको कक्षा १ देखि ८ सम्म आगामी १० वर्षभित्रका विभिन्न क्रियाकलापहरु समावेश गरिएको छ ।

### ३.२.२ वर्तमान अवस्था

अजयमेरु गाउँपालिकामा शैक्षिक सत्र २०७८ मा आधारभूत तहकक्षा १-८ मा जम्मा २८८१ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन । अजयमेरु गाउँपालिकाको वर्तमान अवस्था हेर्दा आधारभूत तह कक्षा १-८ खुद भर्ना दर ९८.३ प्रतिशत, कूल भर्ना दर ११६.५ प्रतिशत, प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको ६८ प्रतिशत रहेको छ। विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्रि, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ । दिवा खाजा कार्यक्रमलाई सिकाइ तथा विद्यार्थीको स्वास्थ्यसँग प्रभावकारी ढङ्गले जोड्नुपर्ने आवश्यकता देखिन्छ । आधारभूत तहमा विद्यालय छोड्ने र दोहोर्‍याउने दरलाई कम गर्नु आवश्यक छ । राष्ट्रिय प्रारम्भिक पढाइ कार्यक्रमले कक्षा १ देखि ३ का विद्यार्थीहरुको पठन सीपमा सहयोग गरेको पाइएको छ। पाठ्यक्रमको सफल कार्यान्वयनको लागि अध्यापन गर्ने शिक्षकहरुको क्षमता वृद्धि गर्नु अति आवश्यक छ । शिक्षण सिकाइ विधि सुधारका लागि सम्पूर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ। उल्लेखित विश्लेषणका आधारमा आधारभूत शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन।

१. आधारभूत शिक्षा उमेर समूहका सबै बालबालिकाहरुको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु।
२. आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य गर्नु।
३. आधारभूत तहको शैक्षिक गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिको वृद्धि गर्नु।
३. खुद भर्ना दर शतप्रतिशत पुर्‍याउनु, कक्षा दोहोर्‍याउने र छोड्ने दर शून्यमा झार्नु।
४.लैङ्गिक समता कायम गर्नु।
५.बालमैत्री वातावरण निर्माण गर्नु र पर्याप्त भौतिक पूर्वाधार विकास गर्नु।
६.शिक्षकहरुको विषयगत र कक्षागत दरबन्दीको व्यवस्था मिलाउनु।

DRAFT

८. पोषण, स्वास्थ्य तथा दिवा खाजा लगायत विद्यार्थी सहायता प्रणाली स्थापना गर्नु ।

९. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा विकास गर्ने र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी परीक्षालाई विश्वसनीय र वैध बनाउनु ।

**३.२.३ उद्देश्य**

यस योजनाले आधारभूत शिक्षा सम्बन्धि निम्नलिखित उद्देश्यहरु राखेको छः

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

२. आधारभूत विद्यालय उमेरका सबै बालबालिकालाई आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्था सुनिश्चित गर्नु ।

३. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरुमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु र सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु ।

**३.२.४ रणनीतिहरु**

आधारभूत शिक्षा सम्बन्धि उद्देश्यहरु हासिल गर्न निम्नअनुसार रणनीतिहरु अवलम्बन गरिनेछ ।

१. विद्यालय छोड्ने, कक्षा दोहोर्‍याउने दर घटाउने तथा खूद भर्ना दर, तह पूरा गर्ने दरमा वृद्धि गर्न यस्ता बालबालिकाको अवस्था पहिचान गरी लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने ।

२. सामुदायिक विद्यालयमा नेपाल सरकाबाट प्राप्त दरबन्दीको पुनर्वितरण गरी अपुग रहेका विद्यालयहरु विद्यार्थी संख्या र विषयगत आधारमा दरबन्दी थप गर्न नेपाल सरकार समक्ष पहल गर्ने र सो कार्य पूरा नहुन्जेल सम्मका लागि गाउँपालिकाले प्रतिस्पर्धाका आधारमा स्वयंसेबक शिक्षक छनोट गरी परिचालन गर्ने ।

३. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास र अभिभावक अभिमुखिकरण गर्ने ।

४. विद्यालयमा सरसफाइ, दिवाखाजा भण्डार तथा तयारी लगायतका कार्यक्रमहरु अनुगमन गरी उत्कृष्टलाई पुरस्कार तथा कमजोरलाई सुधार गर्न प्रेरित गर्ने ।

५. आधारभूत तह उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई औपचारिक शिक्षा भित्र सहभागी गराउन वैकल्पिक शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्ने ।

६. विद्यालयहरूमा प्रविधिमैत्रि, सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरी सबै बालबालिकाका लागि सिकाइमैत्री वातावरण विकास गर्ने ।

७. प्रत्येक बालबालिकालाई आत्म सम्मानपूर्वक सिक्ने वातावरण निर्माण गर्न सम्बन्धित विद्यालयका शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाउने ।

८. कक्षा १-३ सम्मका बालबालिकाको पढाइ सीपको विकास गर्ने कार्यक्रम अभियानका रूपमा सञ्चालन गर्ने ।

९. आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रुपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेहि हुने प्रणालीको विकास गर्ने ।

१०. शिक्षकहरुलाई शिक्षण विधि र प्रविधिमा अद्यावधिक गर्न क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।

११. उत्कृष्ट नतिजाका आधारमा शिक्षकहरुलाई पुरुस्कारको व्यवस्था गर्ने ।

१२. आवश्यकताका आधारमा आधारभूत विद्यालयहरुमा भौतिक सुविधा विस्तारका कार्यक्रमहरू सञ्चालन गर्ने ।

DRAFT

### ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क. उपलब्धि**

१. सबै बालबालिकाहरू गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको अवसर सुनिश्चित भएको हुनेछ।

२.आधारभूत तहको कूल तथा खुद भर्नादर सतप्रतिशत पुगेको हुनेछ।

३.आधारभूत तहको बालबालिकाको भर्ना अनुपात समदरमा पुगेको हुनेछ।

४.कक्षा ८ को सबै विषयको सिकाइ उपलब्धि ६० प्रतिशत पुगेको हुनेछ।

**ख. नतिजाहरु**

१. आधारभूत तहमा अपुग शिक्षक व्यवस्थापनको लागि गाउँपालिकाले दक्ष, सक्षम, योग्यता पुगेका व्यक्तिहरुबाट प्रतिस्पर्धाका आधारमा स्वयंसेबक शिक्षक छनोटलाई निरन्तरता प्रदान गरेको हुने,

२. विद्यालय सम्बद्ध पदाधिकारी तथा अन्य सरोकारवाला सँग आधारभूत शिक्षा सम्बन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन हुने,

३. आधारभूत तह उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई औपचारिक शिक्षा भित्र सहभागी गराउन वैकल्पिक शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गरिएको हुने,

४. विद्यालयहरूमा सुरक्षित र बालमैत्री भौतिक पूर्वाधार विकास गरिएको हुने,

५. कक्षा १-३ सम्मका बालबालिकाको पढाइ सीपको विकास गर्न विभिन्न सघन तथा प्रतिस्पर्धात्मक कार्यक्रमहरु सञ्चालन भएका हुने,

६. आधारभूत तहमा शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेहि हुने गरी कार्यसम्पादन करार (TOR) कार्यान्वयन भएको हुने,

**ग. प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**तालिका ३.२.५.१आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | भर्ना अभियान | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय र स्थानीय तह |
| २ | भौतिक पूर्वाधार व्यवस्थापन | सङ्ख्या | ० | ६ | ८ | ८ | ८ | ३० | ३० | विद्यालय, संघ, प्रदेश र स्थानीय |
| ३ | सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय र संघ, प्रदेश, स्थानीय |
| ४ | बिषयगत क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, प्रदेश र स्थानीय |
| ५ | परीक्षा व्यवस्थापन | पटक | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | संघ, प्रदेश र स्थानीय |
| ६ | सरोकारवालाहरु पदाधिकारीको क्षमता | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय र संघ, प्रदेश, स्थानीय |

DRAFT

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विकास | | | | | | | | |
| ७ | छात्रछात्राहरुलाई व्यक्तिगत स्वास्थ्य सम्बन्धि अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

१. **तालिका ३.२.५.२आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्ने अनुमानित बजेट (रु हजारमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | आवश्यक बजेट अनुमानित (रु हजारमा)(५ बर्षको) | | | | | | बजेट बाँकि (५ बर्ष) २०८३-२०८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | भर्ना अभियान | पटक | १०० | १५० | १७५ | २०० | २२५ | ८५० | १००० | संघ,प्रदेश, स्थानीय गर्ने |
| २ | भौतिक पूर्वाधार व्यवस्थापन | सङ्ख्या | ० | ७२०० | ७२०० | ७२०० | ७२०० | २८८०० | ३०००० | संघ, प्रदेश र स्थानीय |
| ३ | सिकाइ उपलब्धि परीक्षण | पटक | २०० | २२५ | २५० | २७५ | ३०० | १२५० | १३०० | संघ, प्रदेश, स्थानीय |
| ४ | बिषयगत क्षमता विकास | पटक | ३०० | ३२५ | ३५० | ४०० | ४५० | १८२५ | २००० | संघ, प्रदेश, स्थानीय |
| ५ | परीक्षा व्यवस्थापन | पटक | ८०० | ८२५ | ८५० | ८७५ | ८७५ | ४२२५ | ४२०० | संघ,प्रदेश, स्थानीय |
| ६ | सरोकारवालाहरु पदाधिकारीको क्षमता विकास | पटक | १५० | १७५ | २०० | २२५ | २५० | १००० | १२०० | स्थानीय तह |
| ७ | छात्रछात्राहरुलाई व्यक्तिगत स्वास्थ्य सम्बन्धि अभिमुखीकरण | | १०० | ११० | १२० | १३० | १४० | ६०० | ५०० | स्थानीय तह र सहयोगी संस्था |
| कूल जम्मा रमा (रु हजारमा) | | | १६५० | ९०१० | ९१४५ | ९३०५ | ९४४० | ३८५५० | | |

DRAFT

### ३.३माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको विद्यालय शिक्षाको संरचना मध्ये कक्षा ९ देखि १२ सम्मको चार वर्षको शिक्षालाई माध्यमिक शिक्षाको तह भन्ने र प्रचलित ऐन कानूनमा उल्लेख गरिएको छ । माध्यमिक शिक्षाका धारहरु साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक धार हुन । यस तहमा एकलपथिय पाठ्यक्रमको नीति अबलम्बन गर्ने गरिएको छ । कक्षा ९ र १० मा वार्षिक ३२ घण्टा र कक्षा ११ र १२ मा पनि वार्षिक ३२ पाठ्यघण्टाको विषयवस्तु राखिएको छ । मानविय मूल्य, मान्यता र

लोकतान्त्रिक संस्कार अबलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरीकको जिम्मेवारी वहन गर्न सक्ने, विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह गर्न सक्ने, दैनिक जीवनमा भाषिक एवं सञ्चारका साथै गणितीय सीपको प्रयोग गर्न सक्ने, श्रमप्रति सम्मान गर्दै कामको संसारमा प्रवेश गर्न सक्ने, प्राकृतिक एवं सामाजिक घटनाको विश्लेषण गर्दै सकारात्मक व्यवहार प्रदर्शन गर्ने जस्ता सक्षमताहरु यस तहमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि तोकिएका छन । साथै विद्यार्थीहरुको मूल्याङ्कन एवम् स्तर निर्धारणका लागि राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गत कक्षा १० को अन्तिम परीक्षा प्रदेश स्तरबाट र कक्षा १२ को अन्तमा लिईने परीक्षा संघबाट सञ्चालन हुने व्यवस्था छ ।

### ३.३.२ वर्तमान अवस्था

अजयमेरु गाउँपालिकामा शैक्षिक सत्र २०७७ सम्ममा कक्षा १-१२ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयहरु ६ र १-१० सम्मका ३ गरी जम्मा ९ रहेका छन । माध्यमिक तहको लैङ्गिक समता सुचकाङ्क ०.९० रहेको छ । यस तहमा शैक्षिक सत्र २०७८मा जम्मा ९६८ विद्यार्थीहरु सामुदायिक विद्यालयहरुमा अध्ययनरत रहेका छन । अजयमेरु गाउँपालिकाको वर्तमान अवस्था केलाएर हेर्दा माध्यमिक तह कक्षा ९-१२ को खूद भर्ना दर ५० प्रतिशत , कूल भर्ना दर ८२.३ प्रतिशत रहेको छ । एउटा प्राविधिक माध्यमिक विद्यालय रहेको छ । विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ । माध्यमिक तहमा विद्यालय छोड्ने र दोहोर्‍याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ । पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरुको क्षमता वृद्धि गर्नु आवश्यक छ । शिक्षण सिकाइ विधि सुधारका लागि सम्पूर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ । संविधानले माध्यमिक शिक्षा निःशुल्क भनेको भएतापनि हाल माध्यमिक तहको शिक्षा पुर्ण रुपमा निःशुल्क गर्न सकिएको छैन । शिक्षक तथा कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, प्र अ को लागि नेतृत्व विकास सम्बन्धि तालिमहरु पर्याप्त रूपमा सञ्चालन गरेको पाइदैन । विभिन्न ढंगले विकास गरिएको व्यक्तिगत क्षमतालाई संस्थामा प्रयोग गर्न सकिएको अवस्था छैन । सूचना तथा सञ्चार प्रविधिमा आधारित व्यवस्थापन प्रणालीलाई अझै लागु गर्नुपर्ने आवश्कता छ । राम्रो नेतृत्व भएको प्रध्यानाध्यापकको विद्यालय व्यवस्थापन प्रभावकारी भएकोले प्रधानाध्यापकहरुको नेतृत्व विकास सम्बन्धि तालिमहरु सञ्चालन गर्नु अति आवश्यक छ । माध्यमिक तहमा विषयगत शिक्षक तथा दरवन्दि पर्याप्त छैनन् । उल्लेखित विश्लेषणका आधारमा माध्यमिक शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन ।

१. माध्यमिक तहसम्मको शिक्षा पूर्ण रुपमा निःशुल्क गर्ने ।
२. प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षाको विस्तार गर्ने ।
३. कक्षा १० उत्तीर्ण गरेका विद्यार्थीहरुको कक्षा ११ मा भर्नादर बढाउने ।
४. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरुको पहुँच विस्तार गर्ने ।
५. सिकाइको गुणस्तर सुधार गरी सिकारु सिकाइमा सुधार ल्याउने ।
६. शिक्षकको पेशागत वृ विकास गर्ने ।
७. विषयगत शिक्षक दरवन्दिको व्यवस्थापन गर्ने ।

### ३.३.३ उद्देश्यहरु

DRAFT

यस योजनाले माध्यमिक शिक्षा सम्बन्धि निम्नलिखित उद्देश्यहरु राखेको छः

१. माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार तथा गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
२. माध्यमिक शिक्षामा खुद भर्नादर तथा टीकाउ दर बढाउनु ।
३. निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्नु ।
४. विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेहि बनाउनु ।
५. प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्र विस्तार गर्नु ।
६. उच्च शिक्षा अध्ययनका लागि योग्य तथा र स्वःपहिचान सहितको जनशक्ति उत्पादन गर्नु ।

**३.३.४ रणनीतिहरू**

माध्यमिक शिक्षा सम्बन्धि उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ ।

१. माध्यमिक शिक्षामा सहज पहुँच नभएका बालबालिकाहरूको पहिचान गरी आवश्यकतामा आधारित लक्षित कार्यक्रम सञ्चालन गर्ने ।
२. आर्थिक समस्याका कारणले माध्यमिक शिक्षा अध्ययन गर्न नसक्ने अवस्थाका बालबालिकाहरुका लागि आर्थिक सहयोगको व्यवस्था गर्ने ।
३. विद्यार्थीको मनोबल बढाउन विद्यार्थी मनोपरामर्श कार्यक्रम सञ्चालन गर्ने ।
४. सामुदायिक विद्यालयमा नेपाल सरकाबाट प्राप्त दरबन्दीको पुनर्वितरण गरी अपुग रहेका विद्यालयहरु विद्यार्थी संख्या र विषयगत आधारमा दरबन्दी थप गर्न नेपाल सरकार समक्ष पहल गर्ने र सो कार्य पूरा नहुन्जेल सम्मका लागि गाउँपालिकाले योग्यता पुगेका व्यक्तिहरूबाट प्रतिस्पर्धाका आधारमा स्वयंसेबक शिक्षक छनोट तथा परिचालन गर्ने ।
५. माध्यमिक विद्यालयहरूमा शैक्षिक गुणस्तरमा आधारित अतिरिक्त कार्यक्रमहरु सञ्चालन गर्ने ।
६. सम्पूर्ण माध्यमिक विद्यालयमा इ-पुस्तकालय विज्ञान प्रयोगशाला, पुस्तकालय तथा कम्प्युटर ल्याबको अनिवार्य व्यवस्था गर्ने ।
७. माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गरी विद्यालय व्यवस्थापन तथा विकासप्रति प्र अ लाई उत्तरदायी बनाउने ।
८. प्राविधिक शिक्षामा सबैको पहुँच विस्तार गर्न विद्यालयको नक्साङ्कनका आधारमा प्राविधिक धारको कार्यक्रम सञ्चालन गर्ने ।
९. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको शैक्षिक गुणस्तर परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने र सुधार क्षेत्रमा केन्द्रित हुने ।
१०. विद्यालयहरुमा बालक्लव र वडा तथा पालिकास्तीय बालसञ्जालका माध्यमवाट बालबालिकाहरूको सर्वाङ्गिण विकासमा सहयोग पुर्‍याउने गरी अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने ।

**३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क. उपलब्धि**

१. सबै बालबालिकाहरूका लागि गुणस्तरीय माध्यमिक शिक्षामा पहुँचको अवसर सुनिश्चित भएको हुनेछ ।
२.माध्यमिक तहको कूल भर्नादर १०० तथा खुद भर्नादर  ८० प्रतिशत पुगेको हुनेछ ।

३.माध्यमिक तहको विद्यार्थी  लैंगिक अनुपात समदरमा पुगेको हुनेछ।
३.कक्षा १२ को टीकाउदर १०० र सिकाइ उपलब्धि ६० पुगेको हुनेछ।
४.कक्षा ८ बाट उत्तीर्ण भै कक्षा ९ मा प्रवेश हुने दर १०० प्रतिशत पुगेको हुनेछ।

**ख. नतिजाहरु**

१. प्राविधिक तथा व्यावसायिक माध्यमिक विद्यालयमा संकायगत संख्यामा वृद्धि भएको हुने।
२. माध्यमिक तहमा विषयगत शिक्षक व्यवस्थापन भएको हुने।
३. माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने।
४. विद्यालयहरूमा सुरक्षित र बालमैत्री, समतामुखी भौतिक पूर्वाधार विकास गरिएको हुने।
५. माध्यमिक तहमा शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेहि हुने गरी कार्यसम्पादन करार (TOR) लागु भएको हुने।
६. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भइ सिकाइलाई सहयोग हुने।
७. गाउँपालिका भित्रका सबै माध्यमिक विद्यालयहरुमा आवश्यकता अनुसार विद्यालय भवन, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर ल्याव, सुद्ध खानेपानी, शौचालयका साथै अन्य आवश्यक पूर्वाधारको व्यवस्था भएको हुने।

**ग. प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**तालिका ३.३.५.१ माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | भर्ना अभियान, कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, प्रदेश, स्थानीय गर्ने |
| २ | विशेष प्रकारका बालबालिका लागि कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ५ | स्थानीय तह |
| ३ | पालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | २ | २ | २ | २ | २ | २ | १० | संघ, प्रदेश, स्थानीय तह |
| ४ | लक्षित वर्गका विद्यार्थीलाई छत्रवृत्तिको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह |
| ५ | सुचना सञ्चार प्रविधिको व्यवस्था | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | संघ,प्रदेश, स्थानीय तह |
| ६ | सिकाइ उपलब्धि सुधारका लागि अन्तरक्रिया कार्यक्रम सञ्चालन | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | स्थानीय |

DRAFT

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | दरबन्दी मिलान | पटक | ० | ० | ० | १ | ० | १ | १ | स्थानीय तह |
| ८ | तथ्याङ्क व्यवस्थापनका लागि क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ९ | शैक्षिक सामग्रीको व्यवस्थापन | विद्यालय | १ | २ | २ | १ | १ | ७ | ७ | स्थानीय तह र अन्य संघसंस्था |
| १० | महामारीको अवस्थामा विभिन्न कार्यक्रम तथा मनोपरामर्श सञ्चालन | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | संघ, प्रदेश, स्थानीय तह |
| ११ | भौतिक पूर्वाधारको विकास | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | १२ | संघ, प्रदेश, स्थानीय तह |
| १२ | मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियासँग एकीकृत गरी सुधार र प्रयोगका लागि दक्षता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| १३ | विद्यालय, वडा तथा पालिकास्तरमा बालक्लब तथा बालसञ्जाल गठन र अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

DRAFT

**तालिका ३.३. ५.२माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्ने अनुमानित बजेट (रु हजारमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | आवश्यक बजेट अनुमानित (रु हजारमा)(५ बर्षको) | | | | | | बजेट बाँकि (५ बर्ष) २०८३-२०८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | भर्ना अभियान, कार्यक्रम सञ्चालन | पटक | ५० | ६० | ७० | ८० | ९० | ३५० | ४०० | संघ, प्रदेश, स्थानीय गर्ने |
| २ | विशेष प्रकारका बालबालिका लागि कार्यक्रम सञ्चालन | पटक | ० | १०० | १२५ | १५० | १७५ | ५५० | ६०० | स्थानीय तह |
| ३ | पालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | १०० | ११० | १२० | १३० | १४० | ६०० | १२५० | संघ, प्रदेश, स्थानीय तह |
| ४ | लक्षित वर्गका विद्यार्थीलाई छत्रवृत्तिको व्यवस्था | पटक | १५० | २०० | २५० | २७५ | ३०० | ११७५ | १२०० | स्थानीय तह |
| ५ | सुचना सञ्चार प्रविधिको व्यवस्था | विद्यालय | १०० | १२५ | १५० | १७५ | २०० | ७५० | ८०० | संघ,प्रदेश, स्थानीय तह |
| ६ | सिकाइ उपलब्धि सुधारका लागि अन्तरक्रिया कार्यक्रम सञ्चालन | विद्यालय | १०० | १२० | १३० | १४० | १५० | ६४० | ७०० | स्थानीय |
| ७ | दरबन्दी मिलान | पटक | ० | ० | ० | १५० | ० | १५० | २०० | स्थानीय तह |
| ८ | तथ्याङ्क व्यवस्थापनका लागि क्षमता विकास | पटक | १०० | १२५ | १४० | १५० | १६० | ६७५ | ७०० | संघ, प्रदेश, स्थानीय तह |
| ९ | शैक्षिक सामग्रीको व्यवस्थापन | विद्यालय | १५० | १७५ | २०० | २२५ | २५० | १००० | १३०० | स्थानीय तह र अन्य संघसंस्था |
| १० | महामारीको अवस्थामा विभिन्न कार्यक्रम तथा मनोपरामर्श सञ्चालन | विद्यालय | ३०० | ३५० | ३७५ | ४०० | ४५० | १८७५ | २००० | संघ, प्रदेश, स्थानीय तह |
| ११ | भौतिक पूर्वाधारको | सङ्ख्या | ७२०० | ७४०० | ७६०० | ७८०० | ८००० | ३८००० | ४०००० | संघ, प्रदेश, |

DRAFT

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विकास | | | | | | | | | स्थानीय तह |
| १२ | मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियासँग एकीकृत गरी सुधार र प्रयोगका लागि क्षमता विकास | पटक | १५० | १७५ | २०० | २२५ | २५० | १००० | १४०० | संघ, प्रदेश, स्थानीय तह |
| १३ | विद्यालय, वडा तथा पालिकास्तरमा बालक्लब तथा बालसञ्जाल गठन र अभिमुखीकरण | | २०० | २२० | २३० | २४० | २५० | ११४० | २४०० | स्थानीय तह र सहयोगी संस्था |
| कूल जम्मा | | | **८६००** | **९१६०** | **९५९०** | **१०१४०** | **१०४१५** | ४७९०५ | | |

### ३.४. उच्च शिक्षा

### ३.३.१ परिचय

विद्यालय शिक्षा पश्चात आर्जन गरिने माथिल्लो तहको शिक्षा उच्च शिक्षा हो । उच्च शिक्षाले देशका लागि आवश्यक पर्ने विभिन्न विधाका जनशक्तिहरु उत्पादन गर्ने गर्दछ । वर्तमान समयमा कक्षा १२ पछिको स्नातक, स्नातकोत्तर, एम फिल र पी. एच. डी कार्यक्रमहरु उच्च शिक्षा अन्तर्गत पर्दछन ।

### ३.३.२ वर्तमान अवस्था

उच्च शिक्षा अन्तर्गत यस गाउँपालिकामा हालसम्म सञ्चालनमा रहेका छैनन् । वर्तमान समयमा कक्षा १२ सम्म विद्यालय शिक्षा रहेको अवस्थामा अब कक्षा १२ उत्तीर्ण गर्ने विद्यार्थीहरुलाई अजयमेरु गाउँपालिकामै गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने संस्थाको आवश्यकता रहेको देखिन्छ । साथै गाउँपालिकाका माध्यमिक विद्यालयहरुको उच्च शिक्षा प्रदान गर्ने संस्थाहरुसँग सम्बन्ध समेत राम्रो हुन जरुरी देखिन्छ । उल्लेखित विश्लेषणका आधारमा उच्च शिक्षा र माध्यमिक शिक्षाको सम्बन्धमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन ।

१. माध्यमिक विद्यालयहरु र उच्च शिक्षा प्रदायकबीच सुमधुर सम्बन्ध कायम गर्नु ।
२. विद्यालय शिक्षा सम्पन्न गरेका विद्यार्थीहरुलाई गुणस्तरीय उच्च शिक्षाको सुनिश्चितता गराउनु ।
३. गाउँपालिका भित्र उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू स्थापनाका लागि पूर्वाधार तयार पार्नु ।

### ३.३.३ उद्देश्यहरु

यस योजनाले उच्च शिक्षाको माध्यमिक शिक्षासँग सम्बन्ध विस्तार गर्ने सम्बन्धि निम्नलिखित उद्देश्यहरु राखेको छः

१. उच्च शिक्षा प्रदायक संस्था र माध्यमिक विद्यालयहरु बीच सुमधुर सम्बन्ध कायम गर्ने ।
२. विद्यालय शिक्षा पूरा गरेका विद्यार्थीहरुलाई अजयमेरु भित्रै गुणस्तरीय उच्च शिक्षाको व्यवस्था गर्नका लागि पूर्वाधार तयार पार्ने ।

### ३.३.४ रणनीतिहरु

DRAFT

उच्च शिक्षा र माध्यमिक शिक्षाको सम्बन्ध विस्तार सम्बन्धि उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ।

१. माध्यमिक विद्यालयहरु र उच्च शिक्षा प्रदायक संस्थाहरुसँग शैक्षिक सम्बन्ध कायम गर्ने।
२. उच्च शिक्षा प्रदानका लागि इच्छुक संस्थालाई आवश्यक अनुदान उपलब्ध गराइ क्षमता अभिवृद्धि गर्ने।
३. माध्यमिक शिक्षामा अब्बल विद्यार्थीहरूका लागि गुणस्तरीय उच्च शिक्षा उपलब्ध गराउन सहयोग गर्ने।

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क. उपलब्धि**

१. सम्पूर्ण सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालय र उच्च शिक्षा प्रदायक संस्थाहरुको बीचमा सुमधुर सम्बन्ध कायम भएको हुनेछ।
२. सम्पूर्ण उच्च शिक्षा प्रदान गर्न इच्छुक संस्थाहरुले गाउँपालिकाबाट प्रोत्साहन प्राप्त गरेका हुनेछन।
३. अजयमेरु गाउँपालिकाका विभिन्न माध्यमिक विद्यालयहरुबाट विद्यालय शिक्षा पूरा गर्ने विद्यार्थीहरु मध्ये ८० प्रतिशत विद्यार्थीहरु उच्च शिक्षामा भर्ना भएका हुनेछन।

**ख. नतिजा**

१. उच्च शिक्षा प्रदायक संस्थाहरु, विद्यालयहरु र स्थानीय तह गुणस्तरीय शिक्षाको लागि अन्तरसम्बन्धित भएका हुने।
२. उच्च शिक्षा प्रदान गर्न इच्छुक संस्थाहरुको भौतिक पूर्वाधार विकास भएको हुने।

**ग. प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**तालिका ३.४.५.१ उच्च शिक्षाका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अन्तरक्रिया कार्यक्रम सञ्चालन | पटक | ० | ० | ० | १ | १ | २ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| २ | प्रोत्साहनको व्यवस्था | पटक | ० | ० | ० | १ | १ | २ | ५ | स्थानीय तह |
| ३ | उच्च शैक्षिक संस्थाको व्यवस्था तथा भर्ना | विद्यालय | ० | ० | ० | २ | २ | २ | २ | स्थानीय तह |

**तालिका ३.४.५.२ उच्च शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | आवश्यक बजेट अनुमानित (रु हजारमा)(५ बर्षको) | | | | | | बजेट बाँकि (५ बर्ष) २०८३-२०८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अन्तरक्रिया कार्यक्रम सञ्चालन | पटक | ० | ० | ० | ३०० | ३२५ | ६२५ | ७०० | संघ, प्रदेश, स्थानीय तह |
| २ | प्रोत्साहनको व्यवस्था | पटक | ० | ० | ० | २०० | २५० | ४५० | ५०० | स्थानीय तह |
| ३ | उच्च शैक्षिक संस्थाको व्यवस्था तथा भर्ना | विद्यालय | ० | ० | ० | १५० | २०० | ३५० | ४५० | स्थानीय तह |
| कूल जम्मा रकम (रु हजारमा) | | | ० | ० | ० | ६५० | ७७५ | १४२५ | १६५० | |

DRAFT

**३.५प्राविधिक तथा व्यावसायिक शिक्षा**

**३.४.१ परिचय**

कुनैपनि राष्ट्रको समृद्धि र विकासको मूल पूर्वाधार प्राविधिक तथा व्यावसायिक शिक्षा हो । मानव जीवनलाई सफल र सरल बनाउन प्राविधिक तथा व्यावसायिक शिक्षाको ठुलो महत्व छ । नेपालका प्रथम वैज्ञानिक गेहेन्द्र शमसेर देखि वर्तमान समयसम्म आइपुग्दा प्राविधिक शिक्षाको जगतमा नेपालले ठुलै फड्को मारेको छ । वर्तमान समयमा विभिन्न माध्यमिक विद्यालयहरुमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट अनुमति प्राप्त कक्षा ९ देखि १२ सम्मका विभिन्न ६ वटा धारहरुमा समेत प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनमा रहेको छ । रोजगारी, सीप, जीवनपर्यन्त शिक्षा तथा जीवनोपयोगी शिक्षाको मेरुदण्ड भनेर प्राविधिक तथा व्यावसायिक शिक्षालाई लिइन्छ । इन्जिनियरिङ, चिकित्सा, वन, कम्प्युटर, पशु, कला, सङ्गीत लगायतका थुप्रै विषयमा पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम समेत विकास गरी कार्यान्वयनमा रहेको पाइन्छ ।

**३.४.२ वर्तमान अवस्था**

अजयमेरु गाउँपालिकामा हाल प्राविधिक शिक्षा धार तर्फ शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट शैक्षिक सत्र २०७० बाटअनुमति प्राप्त गरी शैक्षिक सत्र २०७० देखि श्री बालकल्याण माध्यमिक विद्यालय अजयमेरु-१, पुइलेकमा बाली विज्ञान विषयमा कक्षा ९-१२ सम्मको पठनपाठन सञ्चालन हुने गरेको छ। बाली विज्ञान विषयमा प्रतिवर्ष प्रतिकक्षा ४८ जना विद्यार्थी भर्ना भएर अध्ययन गर्न पाउने व्यवस्था रहेको छ ।

अजयमेरुगाउँपालिका अन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) को आङ्गिक संस्थाको रुपमा अन्य कुनै पनि विद्यालय रहेका छैनन् । प्राविधिक शिक्षा आजको आवश्यकता भएपनि आर्थिक अवस्था कमजोर भएको कारण धैरैजसो विद्यार्थीहरुले सो तहको अध्ययन गर्न पाएका छैनन । विद्यालय तथा शिक्षालयहरुमा प्राविधिक शिक्षाको लागि आवश्यक पर्ने पूर्वाधारहरुको पर्याप्तता हुन सकेको छैन । प्राविधिक शिक्षाका कक्षाहरु बढि प्रयोगात्मक बनाउनुपर्ने आवश्यकता समेत रहेको छ । माथि उल्लेखित वर्तमान अवस्थालाई विश्लेषण गर्दा प्राविधिक शिक्षाका केहि चुनौतिहरु यसप्रकार रहेका छनः

१. शिक्षा तथा मानव स्रोत विकास केन्द्रले अनुमति प्रदान गर्ने बाली विज्ञान बाहेकका धारहरुको अनुमति प्राप्त गरी सञ्चालन गर्नु ।

२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको शिक्षालय र स्थानीय तह बीचमा समन्वय बढाउनु ।

३. विद्यालय तथा शिक्षालयका प्राविधिक कक्षाहरुलाई बढि भन्दा बढी प्रयोगात्मक बनाउन आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारहरुको विकास गर्नु ।

४.प्राविधिक तथा व्यावसायिक शिक्षा पढ्न इच्छुक सबै स्थानीय विद्यार्थीहरुलाई अध्ययनको अवसर प्रदान गर्नु ।

**३.४.३ उद्देश्य**

यस योजनाले प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धि निम्नलिखित उद्देश्यहरु राखेको छः

१. प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच विस्तार गर्ने ।

२. अजयमेरु गाउँपालिका क्षेत्रको विकासका लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति उत्पादन गर्ने ।

३. प्राविधिक तथा व्यावसायिक शिक्षालाई गुणस्तरीय तथा प्रभावकारी बनाउने ।

DRAFT

४. प्राविधिक तथा व्यावसायिक शिक्षा पढ्न चाहने स्थानीय विद्यार्थीहरुलाई प्राविधिक शिक्षा अध्ययनको अवसर प्रदान गर्ने ।

**३.४.४ रणनीतिहरु**

प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धि उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ ।

१. गाउँपालिका अन्तर्गत विभिन्न विद्यालयहरुमा फरक फरक धारको प्राविधिक तथा व्यावसायिक शिक्षाको पठनपाठनको व्यवस्थाको लागि पहल गर्ने ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई पढ्दै कमाउदैको अबधारणा अनुरुप गाउँपालिका भित्रै रोजगारीको अवसर प्रदान गर्ने ।

३. विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ अवसर प्रदान गर्न छात्रवृति प्रदान गर्ने ।

**३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क. उपलब्धि**

१. गाउँपालिका अन्तर्गत विभिन्न विद्यालयहरुमा फरक फरक धारको प्राविधिक तथा व्यावसायिक शिक्षाको पठनपाठनको व्यवस्थाको भएको हुनेछ ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने विद्यार्थीको संख्या बढेको हुनेछ ।
३. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्यापन गराउने प्रशिक्षकहरुको क्षमता अभिवृद्धि भएको हुनेछ ।

**ख. नतिजा**

१.प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्न चाहनेको लागि पहुँच पुगेको हुने ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षामा सहज पहुँच विस्तार गर्न छात्रवृतिको व्यवस्था भएको हुने ।

**ग. प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**तालिका ३.५.५.१ प्राविधिक तथा व्यवसायिक शिक्षाका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | योग्य जनशक्तिको छनौट | पटक | ० | १ | १ | १ | १ | ४ | ५ | संघ र प्रदेश गर्ने |
| २ | व्यवसायिक तालिम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ५ | संघ, प्रदेश, स्थानीय |
| ३ | प्राविधिक धारका साथै प्राविधिक धार सञ्चालन गर्न इच्छुक विद्यालयलाई प्रोत्साहन कार्यक्रम | पटक | ० | १ | २ | १ | २ | ४ | ५ | संघ, प्रदेश, स्थानीय |

**तालिका ३.५.५.२ प्राविधिक तथा व्यावसायिक शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)**

DRAFT

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | आवश्यक बजेट अनुमानित (रु हजारमा)(५ बर्षको) | | | | | | बजेट बाँकि (५ बर्ष) २०८३-२०८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | योग्य जनशक्तिको छनौट | पटक | ० | १५० | १७५ | २०० | २५० | ७७५ | १००० | संघ र प्रदेश गर्ने |
| २ | व्यवसायिक तालिम सञ्चालन | पटक | ० | ३५० | ४५० | ५०० | ५५० | १८५० | २२०० | संघ, प्रदेश, स्थानीय |
| ३ | प्राविधिक धारका साथै प्राविधिक धार सञ्चालन गर्न इच्छुक विद्यालयलाई प्रोत्साहन कार्यक्रम | पटक | ० | ५०० | १६०० | १००० | २००० | ५१०० | ६००० | संघ, प्रदेश, स्थानीय |
| कूल जम्मा रकम | | | ० | १००० | २२२५ | १७०० | २८०० | ७७२५ | ९२०० | |

**३.६पाठ्यक्रम र पाठ्यसामग्री**

**३.५.१ परिचय**

शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार पाठ्यक्रम हो । शिक्षाको राष्ट्रिय,तहगत तथा कक्षागत उद्देश्यहरु परिपूर्ति गर्नका लागि सबैभन्दा महत्वपूर्ण साधन पाठ्यक्रम हो । पाठ्यक्रम अन्तरगत कुनै कक्षा वा तहमा कुन बिषयमा के पढाउने ? कुन कुन बिषयवस्तु पढाउने? के कस्ता विधि तथा क्रियाकलापहरुको माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने? के कसरी मूल्याङ्कन गर्ने? जस्ता महत्वपूर्ण पक्षहरु पर्दछन् । पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्न पाठ्यक्रमका आधारमा तयार पारिने सामग्री पाठ्यसामग्री हो । नेपालमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप पहिलो पटक वि.सं. २०६३ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको थियो । यसले मार्गनिर्देश गरे अनुसार विद्यालय शिक्षाको पाठ्यक्रम विकास र परिमार्जन गरिएको थियो । समसामयीक परिवर्तनलाई समेटि वि.सं. २०७१ मा उक्त प्रारुपमा परिमार्जन गरिएको थियो । नेपालमा विद्यालय शिक्षामा पहुँच बढाउन तथा गुणस्तरमा सुधार ल्याउन राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरूहुँदै आएको छ ।

**३.५.२ वर्तमान अवस्था**

समाजवाद उन्मुख राष्ट्र निर्माणका लागि शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउदै सामाजिक न्यायमा आधारित सक्षम, नैतिक, राष्ट्रिय हितप्रति समर्पित र प्रतिस्पर्धि जनशक्ति तयार गर्ने र वि.सं. २०८७ सम्म मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्न आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य हासिल गर्न मेरुदण्डका रुपमा रहेको विद्यालय शिक्षामा राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ तथा राष्ट्रिय शिक्षा नीति २०७६ ले संघीय, प्रादेशिक तथा स्थानीय सरकारको जिम्मेवारी निर्दिष्ट गरे अनुसार स्थानीय सरकारले गाउँ शिक्षा योजनामा पाठ्यक्रम सम्बद्ध नीति तर्जुमा गर्न आवश्यक छ । राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार सबै तहको शिक्षामा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित शिक्षा (STEM- EDUCATION) लाई पाठ्यक्रमको अभिन्न अङ्ग बनाएको छ । नेपाल भौगोलिक, सामाजिक र सांस्कृतिक विविधतायुक्त देश हो । ठूलो सम्भावना बोकेको धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र संवर्धन भइ नसक्नु शैक्षिक गुणस्तर अपेक्षित रुपमा बढ्न नसकेका, समग्र शिक्षा पद्धतिबाट उत्पादित जनशक्तिले रोजगार बजारमा स्थान ग्रहण गर्न नसक्नु र स्वरोजगारको अवस्था समेत सिर्जना हुन् नसक्नु, उत्पादित

DRAFT

जनशक्तिमा नैतिक मूल्य मान्यता र आचरण अपेक्षाकृत रुपमा वृद्धि हुन नसक्नु जस्ता मुख्य समस्याहरुलाई स्थानिय पाठ्यक्रम नीतिले संबोधन गर्नुपर्ने प्रमुख चुनौतिको रुपमा रहेको छ । यी बाहेक गाउँपालिकामा रहेका पाठ्यक्रम निर्माण, कार्यान्वयन तथा मूल्याङ्कन सम्बन्धि समस्या र चुनौती यस प्रकार छनः-

१. पाठ्यक्रमले तोकेका व्यवहारिक तथा जीवनोपयोगी सीप विकास गर्नु ।
२. पाठ्यक्रमले तोके अनुसारका शैक्षणिक योजना निर्माण गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गराउनु ।
३. पाठ्यक्रम विकास एवम् कार्यान्वयनका लागि संस्थागत संयन्त्रको विकास गर्नु ।
४. वर्तमान सूचना तथा प्रविधिको भरपुर प्रयेग गर्न सक्ने गरी उपलब्ध जनशक्तिको क्षमता विकास गर्नु ।
५. स्थानीय तहको सक्रियतामा मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्रि विकास तथा उत्पादन गर्नु ।
६. शिक्षणलाई सिकाइमा रुपान्तरण गर्न, शिक्षक र विद्यार्थीको सहकार्यबाट सिक्न र ज्ञान आर्जन गर्न मार्गनिर्देशित गर्ने पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास गर्नु ।
७. स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु ।
८. विद्यार्थी मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन पद्धति अनुरुप विकसित गर्ने, मूल्याङ्कनको पृष्ठपोषणका आधारमा शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गर्न नसक्नु ।
९. पाठ्यपुस्तकको सीमित घेरा भन्दा बाहिर पनि शिक्षण सिकाइ क्रियाकलापलाई आबद्ध गराउनु ।
१०. स्थानीय स्रोत, साधन, स्थापित मूल्य मान्यता तथा मौलिक परम्परामा आधारित पाठ्यसामग्री निर्माण गर्नु ।
११. पाठ्यक्रम प्रबोधिकरण समयमा नहुनु ।

**३.५.३ उद्देश्य**

यस योजनाले पाठ्यक्रम तथा पाठ्यसामग्रि सम्बन्धि निम्नलिखित उद्देश्यहरु राखेको छः

१. स्थानीय तहको आवश्यकता बमोजिमको स्थानीय बिषयको पाठ्यक्रम निर्माण गर्नु ।
२. राष्ट्रिय पाठ्यक्रम प्रारुपको मार्गदर्शन बमोजिम स्थानीय सरकारले स्थानीय पाठ्यक्रम प्रारुप तर्जुमा गर्नु र स्थानीय पाठ्यक्रमको निर्माण गर्नु ।
३. शिक्षण सिकाइमा रुपान्तरण गर्न, शिक्षक र विद्यार्थीको सहकार्यबाट सिक्न सिकाउन र ज्ञान आर्जन गर्न मार्गनिर्देशित पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास एवम् तिनको समन्वयात्मक रुपमा कार्यान्वयन गर्नु ।
४. विद्यार्थी मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन पद्धति अनुरुप विकसित गर्नु ।

**३.५.४ रणनीति**

पाठ्यक्रम र पाठ्यसामग्री सम्बन्धि उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ ।

१. स्थानीय स्तरका आवश्यकतामा आधारित नयाँ पाठ्यक्रमको निर्माण गर्ने, गराउने ।
२. पाठ्यक्रम विकास समूहको पेशागत क्षमता विकास गर्ने ।
३. पाठ्यक्रममा समाविष्ट विषयवस्तु तथा शैक्षणिक कौशलमा पुनर्संरचना गर्ने ।
४. राष्ट्रिय पाठ्यक्रमसँग सम्बन्धित रही स्थानीय आवश्यकता सँग सान्दर्भिक पाठ्यक्रम, सन्दर्भ सामग्री तथा शैक्षणिक सामग्रीहरुको निर्माण गर्ने ।
५. सबलीकृत पाठ्यक्रम व्यवस्थापन, प्रबोधीकरण, अनुगमन तथा मूल्याङ्कन पद्धति मार्फत पाठ्यक्रमको कार्यान्वयन गर्ने ।
६. समय समयमा विषयगत शिक्षक कार्यशालाहरुको आयोजनागरी पाठ्यक्रम तथा पाठ्यसामग्रिहरूको पुनर्ताजकी गराउने ।

**३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

DRAFT

**क. उपलब्धि**

१. स्थानीय स्तरका आवश्यकतामा आधारित कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण भएको हुनेछ।

२. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको कार्यान्वयन सम्बन्धि प्रबोधिकरण भएको हुनेछ।

३. स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयनको लागि पाठ्यसामग्री विकास भएको हुनेछ।

**ख. नतिजा**

१.आधारभूत तहमा अध्ययनरत सबै विद्यार्थीहरुमा स्थानीय पाठ्यक्रम सम्बद्ध पाठ्यसामग्री पुगेको हुने।

२. स्थानीय पाठ्यक्रम निर्माण तथा प्रबोधिकरणमा सरोकारवालहरुको सहभागिता भएको हुने।

३.स्थानीय पाठ्यक्रमप्रति विद्यार्थी, शिक्षक, अभिभावक लगायतका सरोकारवालाहरुले अपनत्व ग्रहण गरी सो को सफल कार्यान्वयन भएको हुने।

४. पाठ्यक्रम अनुरुप शैक्षणिक योजनाका आधारमा सबै विषयको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भएको हुने।

**ग. प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**तालिका ३.६.५.१ पाठ्यक्रम तथा पाठ्यसामग्रीका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्थानीय पाठ्यक्रम निर्माण, स्थानीय तथा अन्य पाठ्यसामग्री विकास, छपाइ र वितरण | पटक | १ | १ | ० | ० | ० | २ | २ | संघ, प्रदेश, स्थानीय तह |
| २ | पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा प्रबोधिकरणका लागि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ३ | पाठ्यक्रम तथा पाठ्यसामग्रीका बिषयवस्तु सङ्कलन, निर्माणको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ४ | पाठ्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन | विद्यालय | ३० | ३० | ३० | ३० | ३० | ३० | ३० | संघ, प्रदेश, स्थानीय तह |

DRAFT

**तालिका ३.६.५.२ पाठ्यक्रम र पाठ्यसामग्रीका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | आवश्यक बजेट अनुमानित (रु हजारमा)(५ बर्षको) | | | | | | बजेट बाँकि (५ बर्ष) २०८३-२०८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्थानीय पाठ्यक्रम निर्माण, स्थानीय तथा अन्य पाठ्यसामग्री विकास, छपाइ र वितरण | पटक | ८०० | ८५० | ० | ० | ० | १६५० | १८५० | संघ, प्रदेश, स्थानीय तह |
| २ | पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा पाठ्यक्रम प्रबोधिकरणका लागि तालिम | पटक | ४०० | ४२५ | ४५० | ४७५ | ५०० | २२५० | २५०० | संघ, प्रदेश, स्थानीय तह |
| ३ | पाठ्यक्रम तथा पाठ्यसामग्रीका बिषयवस्तु सङ्कलन, निर्माणको व्यवस्थापन | पटक | २०० | २५० | २७५ | ३०० | ३२५ | १३५० | १४५० | संघ, प्रदेश, स्थानीय तह |
| ४ | पाठ्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन | विद्यालय | १५० | २०० | २५० | २७५ | ३०० | ११७५ | १२२५ | संघ, प्रदेश, स्थानीय तह |
| कूल जम्मा रकम रु | | | १४५० | १७२५ | ९७५ | १०५० | ११२५ | ६३२५ | ७०२५ | |

### ३.७ शिक्षक व्यवस्थापन र विकास

### ३.७.१ परिचय

नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेप्टेम्बरको संयुक्त राष्ट्र संघको साधारण सभाबाट पारित दिगो विकास लक्ष्यहरु मध्ये लक्ष्य ४ "सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता" पूरा गर्न नेपालले राष्ट्रिय कार्य ढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शिक्षक व्यवस्थापन तथा विकास अत्यन्तै आवश्यक छ । शिक्षकको योग्यता, क्षमता, दक्षताको विद्यार्थी सिकाइमा प्रत्यक्ष प्रभाव पर्छ । नेपालमा विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरुले शिक्षकको पेशागत क्षमता विकासलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्दै आएका छन् । शिक्षक तयारीका लागि माध्यमिक विद्यालयहरुले प्रविणता प्रमाण पत्र तह, विश्व विद्यालय

तहले स्नातक तह र स्नाकोत्तर तह सञ्चालन गर्दै आएका छन् । शिक्षक को पेशागत क्षमताको विकासका लागि दश महिने शिक्षक तालिम ,TPD तालिमजस्ता थुप्रै तालिमहरु आमने-सामने तथा सूचना प्रविधिको माध्यमवाट सञ्चालन हुँदै आएका छन् । शिक्षक सेवा आयोगले शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा संचालन, रिक्त दरबन्दीमा शिक्षक आपूर्तिका लागि परीक्षा सञ्चालन र स्थायी शिक्षकको बढुवाको लागि कार्य गरिरहेको छ ।

### ३.७.२ वर्तमान अवस्था

#### ३.७.२.१ शिक्षक तयारी

शिक्षण पेसालाई रोजेको पेसामा विकास गर्न नेपालको पन्ध्रौं योजना (२०७६/२०७७-२०८०/२०८१) ले यस पेसामा अब्बल प्रतिभाहरुलाई आकर्षित गर्न विश्व विद्यालयमा उत्कृष्ठ सफलता हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण सेवामा प्रवेश गर्न पाउने व्यवस्था गर्ने उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली २०५७ ले शिक्षक हुनका लागि शिक्षक अध्यापन अनुमतिपत्र अनिवार्य गरेको छ । स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने छनौट परीक्षामा उत्तीर्ण हुनु पर्ने ,स्थायी शिक्षक बढुवा हुनाका लागि निश्चित मापदण्ड पूरा गरेको हुनु पर्ने प्रावधान छ ।

#### ३.७.२.२ शिक्षण पेशामा आकर्षण र नियुक्ति

विद्यमान शिक्षा ऐन तथा नियमावलीहरुले शिक्षकहरुलाई शिक्षण पेशामा आकर्षित गराउन विभिन्न व्यवस्था गरेको पाइन्छ । शिक्षा नियमावली २०५९ ले पेसागत सुरक्षाका लागि  तलब ,भत्ता ,उपदान ,निवृत्तिभरण ,औषधोपचार खर्च,संचित बिरामी विदा, कार्यरत शिक्षक मृत्यु भएमा सन्ततिलाई छात्रवृत्ति आदि व्यवस्था गरेको हुनाले युवाहरुको शिक्षण पेसाप्रति आकर्षण बढेको भएपनि शिक्षण पेसामा प्रतिभावान ,दक्ष र सक्षम व्यक्तिलाई प्रवेश सहज बनाउन आवश्यक छ । प्रदेश स्तरमा शिक्षा सेवा आयोग स्थापना गर्नुपर्ने, राहत तथा स्थानीय स्रोतबाट शिक्षक नियुक्ति गर्नु पर्दा प्रदेश स्तरको शिक्षा सेवा आयोगले छनौट परीक्षा लिने र सफल उमेदवारलाई गरेको सिफारिसको आधारमा नियुक्ति दिने व्यवस्था गर्न आवश्यक छ । हाल स्थानीय तहले भर्ना गरेका शिक्षकले पाउने तलब न्यून छ । यसले पेसागत सन्तुष्टिमा प्रभाव पारेको छ । संघीय सरकारबाट दरबन्दीको व्यवस्था भइ स्थायी  शिक्षक नियुक्ति भइ नआउँदा सम्म स्थानीय स्तरमा  स्थानीय स्रोत शिक्षकको दरबन्दी कायम गरी प्रदेश तथा संघ स्तरको शिक्षक सेवा आयोगले लिएको छनौट परीक्षाको करार सुचिमा भएका उमेदवारलाई नियुक्ति दिने र यस्तो उमेदवार उपलब्ध नभएमा प्रदेश स्तरको शिक्षा सेवा आयोगले  छनौट परीक्षा संचालन गर्ने व्यवस्था गर्नु  पर्छ । सफल हुने शिक्षकलाई नेपाल सरकारले तोकेको तलब भत्ता पाउने गरी नियुक्ति गर्नु आवश्यक छ ।

#### ३.७.२.३ शिक्षण सिकाइ क्रियाकलाप

कक्षा कोठाको शिक्षण सिकाइ क्रियाकलापमा अपेक्षित सुधार भएको देखिन्न । कक्षाकोठामा  बाल मनोविज्ञान , सिकाइका सिद्धान्त, शैक्षणिक सामग्री, इन्टरनेटको प्रभावकारी प्रयोग गर्न दक्ष, योग्य, उत्प्रेरित शिक्षकको अभाव छ । विद्यालयहरुलाई आवश्यक पर्ने पूर्वाधारहरु सबै विद्यालयहरुमा पुर्‍याउन  सकिएको छैन ।

#### ३.७.२.४ शिक्षक पेसागत सहयोग पद्धति

नेपालमा रा.शि.प.यो. २०२८ ले विद्यालय सुपरिवेक्षणका लागि प्रा.वि.नि. र मा.वि.नि. को व्यवस्था गरेको थियो । ग्रामीण विकासका लागि सेती परियोजना (२०३८-२०४८),प्राथमिक  शिक्षा परियोजना (२०४२-२०४७),आधारभूत प्राथमिक शिक्षा परियोजना प्रथम  (२०४९-२०५४) र दोस्रो (२०५६-२०६१),विज्ञान शिक्षा  विकास परियोजना (२०४४-२०५१),प्राथमिक शिक्षा विकास परियोजना(१९९२-१९९९),माध्यमिक शिक्षा विकास परियोजना (१९९३-२०००),

शिक्षक शिक्षा परियोजना (२००२-२००९), विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६७/०६८- २०७२/०७३) हुँदै हाल विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/०७४-२०७७/०७८) ले शिक्षकको पेसागत विकासलाई महत्व दिई देशभरिका १०५३ स्रोतकेन्द्रका स्रोतव्यक्ति मार्फत प्र.अ. लाई व्यवस्थापन सम्बन्धि तालिम, शिक्षकहरुलाई विषयगत र विभिन्न किसिमका तालिम तथा क्षमता विकास कार्यक्रम संचालन भएको देखिन्छ। संघीय सरकारको स्थापना भएपछी यो व्यवस्था हटेको छ। प्रदेश स्तरमा एउटा मात्र रहेको तालिम केन्द्रले तालिम दिने कार्य परिणामात्मक रुपमा प्रभावकारी हुन सकेको छैन। स्थानीय स्तरमा शिक्षकलाई पेसागत सहयोग गर्न तालिम शाखाको स्थापना र आवश्यक पर्ने सबै किसिमका स्रोतको व्यवस्थापन गर्न आवश्यक छ।

### ३.७.२.५ शिक्षक उत्तरदायित्व

गुणस्तरीय शिक्षा र शिक्षकको उत्तरदायित्व परस्पर सम्बन्धित छन। बाल बालिकाको सिकाइ प्रति उत्तरदायित्व लिने शिक्षकले दिने शिक्षा गुणस्तरीय हुन्छ। विद्यार्थीले हासिल गर्ने सिकाइ उपलब्धिका लागि शिक्षक अभिभावक र प्र.अ. प्रति उत्तरदायी हुनु पर्छ। शिक्षक सेवा आयोग नियमावलीले कार्य सम्पादन मूल्यांकन द्वारा स्थायी शिक्षकलाई प्र.अ. प्रति उत्तरदायी बनाउन खोजेको छ तर त्यो अपर्याप्त र प्रभावहीन छ। पन्ध्रौ योजनाले कक्षाकोठाको सिकाइ क्रियाकलापमा शिक्षकले बिताउने समयलाई जोड दिएको छ। विद्यार्थीद्वारा शिक्षकको निगरानी गरेको रुपमा यसलाई हेरि दिनाले यो कार्यक्रम प्रभावहीन भएको छ। शिक्षकको पद कुनै कारणले रिक्त भएमा र पद पूर्ति गर्न ढिलाई हुँदा विद्यार्थीहरुको सिकाइ क्रियाकलाप अवरुद्ध हुन्छ। स्थायी शिक्षक सेवानिवृत्त भै दरबन्दी रिक्त भएको अवस्थामा अर्को स्थायी शिक्षक नआउँदासम्म कक्षाकोठाको सिकाइमा संलग्न भएको सुनिश्चित गरी पारिश्रमिक तोकी शिक्षकलाई निरन्तरता दिने कानुनी व्यवस्था गर्नु पर्छ। अन्य कुनै कारणले शिक्षक पद रिक्त भएमा अर्को व्यवस्था नहुँदासम्म सक्षम सेवानिवृत्त शिक्षकलाई काममा लगाउने र पारिश्रमिक दिने व्यवस्था गर्नु पर्छ। यसबाट तत्कालै शिक्षकको आपूर्ति हुनाले विद्यार्थीको सिकाइ अवरुद्ध हुने छैन।

### ३.७.२.६ शिक्षक आपूर्ति र वितरण

शिक्षा नियमावली २०५९ को नियम९२ अनुसार विद्यालयमा रहने शिक्षक दरबन्दीको व्यवस्था अनुसूची १२ मा गरिएको छ। पूर्व प्राथमिक मा १,प्राथमिक तहमा ५० जना भन्दा कम विद्यार्थी भए २, ५० भन्दा बढी भए कम्तिमा ३, कक्षा ६-८ का लागि कम्तिमा ४, कक्षा ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था गरेको छ। शिक्षक विद्यार्थी अनुपात हिमाली क्षेत्रका लागि १:४०,पहाडी क्षेत्रका लागि १:४५ तथा तराइ क्षेत्रका लागि १:५० तोकेको छ। हाल शिक्षक व्यवस्थापन गर्दा नियमित अनुदान प्राप्त शिक्षक संख्या र अनुपातले तोके अनुसारको विद्यार्थी संख्या भन्दा जति बढी हुन्छन त्यतिको अनुपातमा चाहिने शिक्षकको तलब स्थानीय सरकार मार्फत विद्यालयले अनुदान पाउने व्यवस्था गरेको छ। यसरि पाउने अनुदानमा नियुक्ति हुनका लागि स्थानीय स्रोतमा कार्यरत शिक्षकहरुमा प्रतिस्पर्धा बढेको देखिन्छ। शिक्षक नियुक्ति गर्दा विद्यालयको विषयगत आवश्यकताका आधारमा गर्नु पर्दछ। उपर्युक्त अवस्थाहरुको विश्लेषण गर्दा निम्नलिखित चुनौतिहरु पहिचान गरिएका छन।

१. शिक्षण पेसामा आकर्षण बढाउनु।
२. सक्षम शिक्षक आपूर्तिका लागि शिक्षा विषय अध्यापन गर्ने संस्थाहरुमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मूल्यांकन प्रक्रिया सुधार गरी व्यवस्थित गराउनु।

३. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गर्नु गराउनु, शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउनु तथा शिक्षण क्रियाकलापमा विविधता ल्याउनु।
४. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्य सम्पादन मूल्यांकनसँग आबद्ध गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु।
५. विषयगत दरबन्दी मिलान गर्नु र आवश्यक दरबन्दीको पूर्ति गर्नु।

**३.७.३.उद्देश्य**:

यस योजनाले शिक्षक व्यवस्थापन र विकास सम्बन्धि निम्नलिखित उद्देश्यहरु राखेको छः

१. सबै तहमा विषयवस्तुमा निपूर्ण शिक्षकको सुनिश्चितता गर्नु।

२. शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु

**३.७.४ रणनीतिहरु:**

शिक्षक व्यवस्थापन र विकास सम्बन्धि उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिने छन् :

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्ने।
२. स्थानीय स्रोतबाट शिक्षक नियुक्ति गर्नु पर्दा शिक्षक सेवा आयोगको प्रतिक्षा सूचीमा रहेका उमेद्वारहरुलाई पहिलो प्राथमिकता दिने र सो उपलब्ध हुन नसकेमा स्थानीय स्तरको छनौट समिति द्वारा शिक्षक सेवा आयोगले निर्धारण गरेको मापदण्ड अनुसार शिक्षक छनौट परीक्षा सञ्चालन गर्ने।
३. स्थानीय तहमा प्र.अ. तथा विषयगत शिक्षक संजाल तयार पार्ने।
४. विषयगत दक्षता र तालिम प्रशिक्षण अनुभव भएका सेवा निवृत शिक्षकहरुको सञ्जालद्वारा कार्यरत शिक्षकहरुको पेशागत विकास गर्ने।
५. शिक्षकको उपस्थिति, नियमितता र कार्य सम्पादनमा सुधार गरी नतिजा प्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृति विकासलाई विद्यार्थीको सिकाइसँग आवद्ध गर्ने।
६. ५५ वर्ष भन्दा बढि उमेर पुगेका शिक्षकहरुलाई स्वेच्छिक अबकास प्रणाली तर्फ आकर्षण गर्ने।

**३.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क)उपलब्धि**

१. सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भइ विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ।

**ख. नतिजा**

१. शिक्षण पेशा थप प्रतिस्पर्धी र सम्मानित हुने।
२. पेशागत विकासका प्रावधानहरुको विस्तार र सुदृढीकरण भइ स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने।
३. शिक्षकहरुको कार्यसम्पादनमा सुधार भएको हुने।
४. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण भएको हुने।

**ग. प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**तालिका ३.७.५.१ शिक्षक व्यवस्थापन तथा विकासका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|

DRAFT

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | (१० बर्ष) | |
| १ | स्वयं सेवक शिक्षक व्यवस्थापन तथा दरबन्दी पुनर्वितरण | पटक | ० | ० | ० | १ | ० | १ | १ | संघ र प्रदेश गर्ने |
| २ | शिक्षक कर्मचारी खाजा व्यवस्थापन | निरन्तर | | | | | | | | प्रदेश, स्थानीय |
| ३ | अस्थायी, करार, राहत र योग्यता पुगेका व्यक्तिहरुका लागि शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन | पटक | ० | ० | १ | १ | १ | ३ | ३ | स्थानीय तह |
| ४ | कक्षा ३, ५ र ८ का प्रमुख बिषयको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ४ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ५ | बिषयगत र शिक्षण प्रविधि सम्बन्धि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ६ | बिषयगत रोष्टर विज्ञ समूह निर्माण गरिने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह |
| ७ | वडा फोकलपर्सन गठन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह |
| ८ | विज्ञ समूहबाट कक्षाअवलोकन, अनुगमन सञ्चालन | पटक | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | स्थानीय तह |
| ९ | स्वेच्छिक अबकास प्रणाली | पटक | १ | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |

DRAFT

**तालिका ३.७.५.२शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | आवश्यक बजेट अनुमानित (रु हजारमा)(५ बर्षको) | | | | | | बजेट (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | २०८३-२०८७ | |
| १ | स्वयं सेवक शिक्षक व्यवस्थापन तथा दरबन्दी पुनर्वितरण | पटक | ० | ० | ० | २०० | ० | २०० | २२५ | संघ, प्रदेश, स्थानीय तह |
| २ | शिक्षक कर्मचारी खाजा व्यवस्थापन | पटक | ० | १०५० | १०५० | १०५० | १०५० | ४२०० | ५२५० | संघ, प्रदेश, स्थानीय |
| ३ | अस्थायी, करार, राहत र योग्यता पुगेका व्यक्तिहरुका लागि शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन | पटक | ० | ० | २२५ | २५० | २७५ | ७५० | १४५० | स्थानीय तह |
| ४ | कक्षा ३, ५ र ८ काप्रमुख बिषयको सिकाइ उपलब्धि परीक्षण | पटक | १५० | १७५ | २०० | २२५ | २५० | १००० | १४०० | संघ, प्रदेश, स्थानीय तह |
| ५ | बिषयगत र शिक्षण प्रविधि सम्बन्धि तालिम | पटक | १७५ | १८० | १९० | २०० | २२० | ९६५ | १३५० | संघ, प्रदेश, स्थानीय तह |
| ६ | बिषयगत रोष्टर विज्ञ समूह निर्माण गरिने | पटक | १५० | १६० | १७० | १८० | १९० | ८५० | १०५० | स्थानीय तह |
| ७ | वडा फोकलपर्सन गठन गर्ने | पटक | ५० | ६० | ७० | ८० | ९० | ३५० | ५५० | स्थानीय तह |
| ८ | विज्ञ समूहबाट कक्षाअवलोकन, अनुगमन सञ्चालन | पटक | २५० | २७५ | ३०० | ३१० | ३२० | ११४५ | १६५० | स्थानीय तह |
| ९ | स्वेच्छिक अबकास प्रणाली | पटक | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० | स्थानीय तह |
| १० | कर्मचारी अबकास कोष स्थापना | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० | |
| कूल जम्मा रकम रु | | | १७७५ | २९०० | ३२०५ | ३४९५ | ३३९५ | १४७७० | १७९२५ | |

**३.८विद्यालय व्यवस्थापन**

### ३.८.१ परिचय

वर्तमान विश्व परिवेशमा शिक्षा विकासको प्रमुख पूर्वाधार हो। यसले व्यक्ति, समुदाय र राष्ट्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। बालवालिकाहरुलाई समय सापेक्ष गुणस्तरीय शिक्षा प्रदान गरी सभ्य, सु-संस्कृत समाजको विकास गर्नु आजको आवश्यकता हो। यस सन्दर्भमा विद्यालय व्यवस्थापन महत्वपूर्ण पाटो हो। विद्यालय व्यवस्थापन पक्षले स्थानीय समुदाय, सम्बन्धित सरोकारवालाहरुको भूमिकालाई थप जिम्मेवार बनाइ विद्यालय प्रशासनलाई समुदायप्रति उत्तरदायी र जिम्मेवार बनाइनु पर्छ। विद्यालयमा सबैको विश्वास प्राप्त गर्न विद्यालयमा गरिने हरेक क्रियाकलाप तथा कार्यक्रममा सक्रिय सहभागिता, निष्पक्षता तथा पारदर्शिता हुनु आवश्यक छ। बालवालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय शिक्षा प्रदानका लागि नेपालको संविधानमा भएको प्रावधानलाई लागु गरी शिक्षा क्षेत्रको समुन्नत र न्यायोचित विकासमा विद्यालय व्यवस्थापन पक्षको महत्वपूर्ण योगदान रहन्छ।

### ३.८.२वर्तमान अवस्था

अजयमेरुगाउँपालिका अन्तर्गत शैक्षिक व्यवस्थापनको पक्ष सुधारोन्मुख रहेको भएतापनि धैरे जसो विद्यालयहरुमा भौतिक पूर्वाधारको कमि रहेको, तहगत प्रधानाध्यापकको व्यवस्थापन हुन नसकेको अवस्था समेत रहेको छ। हाल अजयमेरु गाउँपालिकामा ३० वटा विद्यालयमा र ३० वटा सामुदायमा आधारित बालविकास केन्द्रहरु,हाल अजयमेरु गाउँपालिकामा सरकारी अनुदान प्राप्त बालविकास ४० वटा, सामुदायिक विद्यालय ३० वटा र संस्थागत विद्यालय २ वटा रहेका छन्। विद्यालय सम्बद्ध पदाधिकारीहरुको क्षमता विकास गर्नुपर्ने अवस्था रहेको छ। उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा विद्यालय व्यवस्थापन क्षेत्रमा निम्न समस्याहरू पहिचान गरिएका छनः

१. अभिभावक सक्रियतामा कमी।
२. विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामा बढि चासो दिनु तर गठन पश्चात वैठकमा नियमित उपस्थिति नहुनु।
३. वि व्य स को बैठकमा बालबालिकाको शैक्षिक गुणस्तर, सिकाइ उपलब्धि जस्ता कुरामा छलफल केन्द्रित न्युन हुने तर भौतिक पूर्वाधार, शिक्षक नियुक्ति,सरूवा जस्ता पक्षमा छलफल बढि केन्द्रित हुने।
४. वि व्य सका सदस्यहरुलाई शिक्षा ऐन नियमावलीहरुमा तोकिएका आफ्ना काम, कर्तव्य र अधिकारकहरुको बारेमा जानकारी नहुनु।
५. विद्यालयका विभिन्न क्रियाकलापहरुका राजनितिक प्रभाव बढि हुनु।
६. विद्यालयका व्यवस्थापकिय पक्ष वि व्य स को मात्र जिम्मेवारी हो भन्ने मानसिकता रहनु।
७. शि अ संघका सदस्यहरुलाई शिक्षा ऐन नियमावलीहरुमा तोकिएका आफ्ना काम, कर्तव्य र अधिकारहरुको बारेमा जानकारी नहुनु।
८. विद्यालयको सामाजिक परीक्षणमा अनिवार्य उपस्थित हुनुपर्ने बाहेक शि अ संघको स्वतः उपस्थिति र वैठक बस्ने नगरेको
९. प्रध्यानाध्यापहरु लामो समय देखि एउटै विद्यालयमा मात्र सीमित हुनु।
१०. विद्यालयका प्र अ हरु प्रशासनिक कार्यमा मात्र सीमित नरही बाह्य व्यवस्थापकिय पक्षमा समेत बाध्यात्मक रुपमा काम गर्नु परेको।
११. प्र अ को कार्यसम्पादन लागि करार सम्झौता नभएकाले आफूखुसि कार्य गरी रहेको
१२. विद्यालयका सरोकारवालाहरुलाई प्र अ ले परिचालन नगरी आफू मात्रै अधिकांस समय खट्ने।

**३.८.३उद्देश्य**

यस योजनाले विद्यालय व्यवस्थापन सम्बन्धि निम्नलिखित उद्देश्यहरु राखेको छः

१. विद्यालय शिक्षाको भौतिक, प्रशासनिक तथा शैक्षणिक पक्षको व्यवस्थापन गर्नु
२. विद्यालयका सम्बद्ध पदाधिकारीहरुलाई विद्यालयप्रति जिम्मेवार बनाउनु
३. विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्नु

**३.८.४ रणनीति**

विद्यालय व्यवस्थापन सम्बन्धि उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछनः

१. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघलाई विद्यालयका सम्पूर्ण गतिविधिप्रति जिम्मेवार बनाउने।
२. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको वैठकलाई नियमित गर्ने र शैक्षणिक गतिविधिहरुमा केन्द्रित भइ निर्णय गर्ने र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने।
३. शिक्षक लगायत विद्यालयका विभिन्न पदाधिकारीहरुलाई तिनीहरुका काम, कर्तव्य तथा अधिकारहरुका बारेमा जानकारी गराउन विभिन्न समयमा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने।
४. विद्यालयमा गरिने शैक्षणिक गतिविधिहरुको अनुगमन गरी सम्बन्धित पक्षलाई सुझाव दिने।
५. विद्यालयप्रति अभिभावकहरुको भूमिका, सहयोग र सकारात्मक धारणाको विकास गराइ बालवालिका प्रति जिम्मेवार बनाउने।
६. विद्यालयका शिक्षक, कर्मचारीको राजनीतिक आबद्धता हटाई विद्यालयप्रति जिम्मेवार बनाउने।
७. विद्यालयको सामाजिक परीक्षण गराँउदा आर्थिक पक्षलाई मात्र जोड नदिई सम्पूर्ण पक्षको वास्तविक मूल्याङ्कन गरी विद्यालयलाई सुझाव दिने र सार्वजनिकिकरण गर्ने।
८. तह अनुसार योग्यता पुगेका प्रधानाध्यापकहरुको नियुक्त गरी कार्य सम्पादन करार गर्ने र कार्यसम्पादनका आधारमा पुरुस्कार र दण्डको व्यवस्था गर्ने ।
९. प्रधानाध्यापकहरूलाई दोहोरो जिम्मेवारीको बोझबाट मुक्त गरी प्रशासनिक र विद्यालयको गुणस्तर सुधारका कार्यमा मात्र विशेष जिम्मेवारी प्रदान गर्ने।
१०. विद्यालयको गुणस्तर सुधारका लागि प्रतिस्पर्धात्मक वातावरणको विकास गर्ने।
११. सरोकारवालाहरुको पूर्ण सहभागितामा विद्यालय सुधार योजना र गुणस्तर सुधारका योजना बनाइ कार्यान्वयन गर्ने।
१२. पालिका तथा विद्यालयस्तरमा सरोकारवालाका गुनासो सुन्न गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था गर्ने।
१३. बाल क्लब, रेडक्रस, इको क्लब, स्काउट जस्ता विद्यार्थीको सामूहिक समितिहरू गठन गर्ने।
१४. गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा आवश्यक पर्ने स्रोत, साधन र जनशक्तिको व्यवस्थापन गर्ने।
१५. विद्यालयका हरेक गतिविधिमा बालक्लव तथा बालसञ्जालका माध्यमवाट बालबालिकाको सहभागिता सुनिश्चित गर्ने।

**३.८.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क ).उपलब्धि**

१. अजयमेरु गाउँपालिका अन्तर्गतका सम्पूर्ण शैक्षिक संस्थाहरुको शैक्षिक, भौतिक र व्यवस्थापकीय पक्षहरु सबल भएका हुनेछन
२. गाउँपालिकाको औषत सिकाइ उपलब्धि ६० प्रतिशत पुगेको हुनेछ।

DRAFT

**ख) नतिजा**

१. विद्यालयका सम्बद्ध सबै पदाधिकारीहरुको क्षमता विकास भएको हुने
२. प्रधानाध्यापक, शिक्षक र विद्यालय सम्बद्ध पदाधिकारीहरु विद्यालयप्रति जिम्मेवार भइ कार्यसम्पादनमा बढि सक्रिय भएका हुने।
३. कार्यसम्पादन करार बमोजिमको कार्य पूरा भएको हुने।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य**

**तालिका ३.८.५.१ विद्यालय व्यवस्थापनका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ,प्रदेश, स्थानीय तह |
| २ | विद्यालयका सरोकारवालासँग अभिमुखीकरण सञ्चालन तथा सूचकका आधारमा उत्कृष्टलाई सम्मान | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ,प्रदेश, स्थानीय तह |
| ३ | करार सम्झौताका आधारमा प्रअको नियुक्ति तथा थप सुविधा | पटक | ० | १ | १ | १ | १ | १ | १ | स्थानीय तह |
| ४ | अन्तर विद्यालय भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह |
| ५ | विद्यालयको समग्र पक्षको अनुगमन निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, प्रदेश, स्थानीय |

DRAFT

**तालिका ३.८.५.२ विद्यालय व्यवस्थापनका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | आवश्यक बजेट अनुमानित (रु हजारमा)(५ बर्षको) | | | | | | बजेट (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | २०८३-२०८७ | |
| १ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | २०० | २५० | २७५ | २८० | ३०० | **१३०५** | १५५० | संघ,प्रदेश, स्थानीय तह |
| २ | विद्यालयका सरोकारवालासँग अभिमुखीकरण सञ्चालन तथा सूचकका आधारमा उत्कृष्टलाई सम्मान | पटक | ८० | ९० | १०० | ११० | १४० | **५२०** | ५५० | संघ,प्रदेश, स्थानीय तह |
| ३ | करार सम्झौताका आधारमा प्रअको नियुक्ति तथा थप सुविधा | पटक | ० | १५० | २०० | २५० | ३०० | **९००** | १००० | स्थानीय तह |
| ४ | अन्तर विद्यालय भ्रमण | पटक | ० | १०० | १५० | २०० | २५० | **७००** | ९८० | स्थानीय तह |
| ५ | विद्यालयको समग्र पक्षको अनुगमन निरीक्षण | पटक | १०० | ११० | १२० | १३० | १४० | **६००** | ७२० | संघ, प्रदेश, स्थानीय |
| कूल जम्मा रकम (रु हजारमा) | | | **३८०** | **७००** | **८४५** | **९७०** | **११३०** | **४०२५** | ४८०० | |

## ३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा

### ३.९.१ परिचय

नेपालको संविधानले प्रत्येक नागरीकलाई राज्यबाट आधारभूत तहसम्म शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । औपचारिक शिक्षामा पहुँच नपुगेका बालबालिका तथा प्रौढहरूलाई शिक्षामा पहुँच विस्तार गर्न, जीविकोपार्जनमा सहयोग पुर्‍याउन  र संसारसँग आवद्ध गर्न प्रचलनमा ल्याइएका पछिल्ला अवधारणाहरु निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक, निरन्तर, खुला एवं जीवयपर्यन्त शिक्षाले काम गर्दछ । संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अबलम्बन गरेको सिद्धान्त, दिगो विकास लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरीकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासंगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । वि.सं. २०८५ बैशाख १ गते देखि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा

DRAFT

नियन्त्रणमा रहेको कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्ने नपाउने व्यवस्था भएसँगै निरन्तर शिक्षा खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाको भूमिका अझै महत्वपूर्ण रहेको देखिन्छ।

**३.९.२वर्तमानअवस्था**

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीयतहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक सिकाइको व्यवस्थापन अन्तर्गत संरचना, लगानी, अपनत्व जिम्मेवारी स्थानीयतहलाई प्रदान गरेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित तथ्याङ्क, २०७६ अनुसार हालसम्म राष्ट्रिय युवा साक्षरता १५-२४ वर्ष ९२ प्रतिशत र राष्ट्रिय प्रौढ साक्षरता १५+ वर्षको ५८ प्रतिशत रहेको छ। हाल अजयमेरु गाउँपालिकाको साक्षरता दर ९६.८ प्रतिशत रहेको छ। त्यसैगरी विगतमा निरक्षरहरुलाई साक्षर गराउन उल्लेखनिय भूमिका खेल्ने सामुदायिक सिकाइ केन्द्रको संख्या ५ रहेको छ। यसरी हेर्दा शिक्षा क्षेत्र एउटा सिङ्गै पाटोको रूपमा रहेको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले न व्यक्तिगत रुपमा नत संस्थागत रुपमा र प्रणालीगत रूपमानै क्षमता विकास गर्ने विषयले महत्व पाएको देखिन्छ। उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा क्षेत्रमा निम्न समस्याहरु पहिचान गरीएका छन।

१. साक्षर व्यक्तिहरुलाई निरन्तर शिक्षाको कार्यक्रम दिन नसक्नु
२. साक्षरता कार्यक्रममा सहभागि भएका व्यक्तिहरूले सिकेका ज्ञान र सीपलाई रोजगारसँग जोड्न नसकिनु
३. अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षा संचालन गर्ने संस्था र संयन्त्रको प्रयाप्त व्यवस्था र विकास नहुनु
४. साक्षर भएकाहरू सीपको प्रयोग र अभ्यास नहुँदापुन: निरक्षर हुनुपरेको
५. शैक्षिक सत्र पूरा नगरी बिचैमा छोड्ने र नियमित नहुने बालबालिकाको संख्या समेत बढि रहेको
६. महिला, पछाडि परेका वर्गलाई लक्षित गरी जीवनोपयोगी सीप, लघुऋण, अनुदान र रोजगारीको अवसर दिनेजस्ता कार्यक्रमलाई एकिकृत रूपमा सञ्चालन नगरिएको

**३.९.३उद्देश्यहरू**

यस योजनाले निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा सम्बन्धि निम्नलिखित उद्देश्यहरु राखेको छः

१. निरक्षर व्यक्तिहरूलाई साक्षर बनाउने।
२. सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि गरी केन्द्रलाई विद्यालय तहको शिक्षा गुणस्तरीय बनाउने सहयोगी संस्थाको रुपमा विकास गर्ने।
३. सामुदायिक सिकाइ केन्द्रलाई शैक्षिक सूचना केन्द्रको रूपमा विकास गर्ने।
४. निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, आयमूलक तथा सीपमूलक जस्ता कार्यक्रम सञ्चालन गरी व्यक्तिका दैनिक जीवनसंग सम्बन्धित आवश्यकताहरुको परिपूर्ति गर्नमा सहयोग गर्ने।
५. विभिन्न कारणले विद्यालय बाहिर रहेका र बिचैमा विद्यालय छोड़ने बालबालिकाहरुलाई वैकल्पिक कक्षा मार्फत सिकाइ गरी साधारण विद्यालयको प्रवाहमा समाहित गर्ने।

**३.९.४रणनीति**

निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा सम्बन्धि उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछनः

१. निरक्षर व्यक्तिहरूलाई साक्षर हुने अवसर प्रदान गर्ने।

२. गाउँपालिकाले प्रचलित कानूनमा आधारित भएर सामुदायिक सिकाइ केन्द्र सञ्चालन सम्बन्धि निर्देशिका तयार गर्ने।
३. सिकाइ केन्द्रको पदाधिकारीलाई सार्वजनिक शिक्षा केन्द्र सञ्चालन गर्नका लागि क्षमता अभिवृद्धि गर्ने।
४. प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्रको स्थापना गर्ने।
५. अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षा संचालन गर्ने संघसंस्था बीच समन्वय समूह बनाइ परिचालन गर्ने।
६. स्थानिय परिवेश र आवश्यकता अनुसार आयआर्जनको कार्यक्रम सञ्चालन गर्ने।
७. सीप सिकेकाहरुलाई काम गर्न आर्थिक स्रोत जुटाउने कार्यक्रम सञ्चालन गर्ने।
८. सबैलाई कक्षा ८ सम्मको आधारभूत शिक्षाको अवसर प्रदान गर्ने।
९. विचमा विद्यालय छोड़ने दरमा न्यूनीकरण गर्ने।
१०. महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरूलाई जीवनपयोगी सीपको विकास गरी सिकाइमा निरन्तर सहयोग पुरयाउने।

**३.८.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क (उपलब्धि**

१. १५ वर्षभन्दा माथिको साक्षरता१०० प्रतिशत पुगेको हुनेछ।
२. ५ वर्षभन्दा माथिको साक्षरता१०० प्रतिशत पुगेको हुनेछ।
३. १५ देखि २४ वर्षकोसाक्षरता१०० प्रतिशत पुगेको हुनेछ।
४. विद्यार्थीहरुको बीचमा विद्यालय छोड्ने दर० प्रतिशत पुगेको हुनेछ।
५. आवश्यकता अनुसार सामुदायिक सिकाइ केन्द्रको विस्तार भएको हुनेछ।

**ख) नतिजा**

१. सबै नागरीकहरुलाई साक्षरता, निरन्तर शिक्षा खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त शिक्षा र सिकाइको अवसर प्राप्त हुने।
२. सामुदायिक सिकाइ केन्द्रको संस्थागत संयन्त्र एवं सञ्चालन मापदण्ड तयार भइ एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइ केन्द्रको रूपमा विकास हुने।
३. निरन्तर, खुला, अनौपचारिक जीवनपर्यन्त शिक्षा र सिकाइबाट सीपमूलक जनशक्ति उत्पादन हुने।
४. विद्यालयमा नियमित उपस्थित भइ शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध हुने।

**ग) प्रमुखक्रियाकलाप**

**तालिका ३.९.५.१ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिकशिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यकता अनुसार लघुकक्षा सञ्चालन | पटक | ० | ० | १ | १ | १ | ३ | ५ | संघ, प्रदेश, स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | स्वयंसेवक परिचालन | वडामा | ० | ० | ५ | ५ | ५ | | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ३ | सिकाइ केन्द्रका पदाधिकारीहरुलाई तालिम | पटक | ० | ० | १ | १ | १ | ३ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ४ | सिकाइ भ्रमण | पटक | ० | ० | १ | १ | १ | ३ | ५ | स्थानीय तह |
| ५ | वडा शिक्षा समिति गठन र परिचालन | पटक | ० | १ | १ | १ | १ | ४ | ५ | स्थानीय तह |
| ६ | आयमूलक कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ५ | स्थानीय तह |
| ७ | जोडकोष स्थापना कार्यविधि निर्माण र सञ्चालन | पटक | ० | ० | १ | १ | १ | ३ | ५ | स्थानीय तह |
| ८ | वैकल्पिक कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ५ | स्थानीय तह |
| ९ | पढाइको वातावरण सृजना गर्न अभिभावकहरुलाई वडागत सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह |
| १० | लक्षित समूहका लागि मागमा आधारित तालिम सञ्चालन | पटक | ० | ० | १ | १ | १ | ३ | ५ | स्थानीय तह |

DRAFT

**तालिका ३.९.५.२ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | आवश्यक बजेट अनुमानित (रु हजारमा)(५ बर्षको) | | | | | | बजेट बाँकि (५ बर्ष) २०८३-२०८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यकता अनुसार लघुकक्षा सञ्चालन | पटक | ० | ० | १७० | २०० | २२५ | ५९५ | ६५० | संघ, प्रदेश, स्थानीय तह |
| २ | स्वयंसेवक परिचालन | वडामा | ० | ० | १५० | १८० | २२५ | ५५५ | ६५० | संघ, प्रदेश, स्थानीय तह |
| ३ | सिकाइ केन्द्रका पदाधिकारीहरुलाई तालिम | पटक | ० | ० | १५० | १७५ | १९० | ५१५ | ६१५ | संघ, प्रदेश, स्थानीय तह |
| ४ | सिकाइ भ्रमण | पटक | ० | ० | ३०० | ३५० | ३७५ | १०२५ | १४५० | स्थानीय तह |
| ५ | वडा शिक्षा समिति गठन र परिचालन | पटक | ० | १७५ | २०० | २२५ | २५० | ८५० | ९५० | स्थानीय तह |
| ६ | आयमूलक कार्यक्रम सञ्चालन | पटक | ० | १५० | १७५ | २०० | २२५ | ७५० | ८५० | स्थानीय तह |
| ७ | जोडकोष स्थापना कार्यविधि निर्माण र सञ्चालन | पटक | ० | ० | ५० | ७० | ९० | २१० | ४२५ | स्थानीय तह |
| ८ | वैकल्पिक कार्यक्रम सञ्चालन | पटक | ० | १०० | १५० | १७५ | २०० | ६२५ | ८५० | स्थानीय तह |
| ९ | पढाइको वातावरण सृजना गर्न अभिभावकहरुलाई वडागत सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | १५० | १७५ | २०० | २२५ | २५० | १००० | १४५० | स्थानीय तह |
| १० | लक्षित समूहका लागि मागमा आधारित तालिम सञ्चालन | पटक | ० | ० | १७५ | २०० | २२५ | ६०० | ९५० | स्थानीय तह |
| कूल जम्मा रकम (रु हजारमा) | | | १५० | ६०० | १७२० | २००० | २२५५ | ६७२५ | ८८४० | |

DRAFT

## ३.१०गुणस्तरीय सार्वजनिक शिक्षा

### ३.१०.१ परिचय

गुणस्तरीय सार्वजनिक शिक्षा एक आधारभूत मौलिक अधिकार हो । सम्पूर्ण बालबालिकाहरुलाई समावेशी र समानतामा आधारित गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने राज्यको दायित्व हो। गुणस्तरीय शिक्षा बालबालिकाको लिंग, जाति, सामाजिक आर्थिक स्थिति वा भौगोलिक स्थानको प्रवाह नगरी उसको सर्वाङ्गिण (शारीरिक, मानसिक, सामाजिक, भावानात्मक र संज्ञानात्मक) विकासमा केन्द्रित हुन्छ । गुणस्तरीय शिक्षा अर्थपूर्ण, सान्दर्भिक साथै विद्यार्थी र समाजको आवश्यकतामा आधारित हुन्छ। गुणस्तरीय शिक्षाका मापदण्डको सम्बन्धमा समान अवधारणा पाइदैन । गुणस्तरीय, शिक्षाको बुदाँगत मापदण्डहरूमा समानता नभए पनि राज्यले तय गरेको शिक्षा नीति, शिक्षाका राष्ट्रिय उद्देश्य प्राप्तिका लागि निर्माण गरीएका पाठ्यक्रम, पाठ्यपुस्तक, विद्यालयको भौतिक सुविधा पठनपाठनको वातावरण एवं मूल्याङ्कन जस्ता पक्षहरूले गुणस्तरीय शिक्षामा महत्वपूर्ण भूमिका खेल्ने कुरामा दुईमत छैन । यसका साथै विषयगत शिक्षकको योग्यता, शिक्षण सीप पेशा प्रतिको जवाफदेहिता र शैक्षिक व्यवस्थापन गुणस्तरीय शिक्षामा प्रभाव पार्ने पक्ष हुन् । UNICEF ले पाँचवटा तत्त्वहरूको आधारमा गुणस्तरीय शिक्षालाई परिभाषित गरेको छ जसमा  विद्यार्थीको वाह्यअनुभव, सिकाइ गर्ने वातावरण, शैक्षिक विषयवस्तु, सिकाइ प्रकिया र शैक्षिक परिणाम पर्दछन ।

### ३.१०.२ वर्तमान अवस्था

गुणस्तरीय शिक्षा आजको आवश्यकता भन्ने नारालाई मध्यनजर गर्दै सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् 2030 सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास लक्ष्य (Sustainable Development Goal-SDG)  (२०१५-२०३०) का १७ ओटा लक्ष्यमा चौथो लक्ष्य “सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता एवं जीवनपर्यन्त सिकाइ अवसर” कायम गरेको छ । फलस्वरूप नेपाल सरकारले दिगो विकास लक्ष्य ४ को नेपाल राष्ट्रिय कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । त्यसैगरी विद्यालय क्षेत्रविकास योजना(SSDP) (२०७३/०७४-२०७९/०८०), सबैका लागि शिक्षा(EFA 2004-2009), माध्यमिक शिक्षा सहयोग कार्यक्रम(SESP 2003-2008), शिक्षक शिक्षण परियोजना (TEP 2002-2007) र विद्यालय क्षेत्र सुधार योजना (SSRP 2009-2016) मार्फत सबैलाई गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न सरकारले गरेको प्रयत्नहरूलाई निरन्तरता प्रदान गर्ने लक्ष्य लिएको छ। शैक्षिक गुणस्तर मापन गर्न कठीन छ । सामान्यतया विद्यार्थीले विभिन्न परीक्षामा प्राप्त गर्ने सफलता तथा अङ्कलाई गुणस्तर भन्ने गरिन्छ तर शिक्षाको गुणस्तरलाई परीक्षामा प्राप्त गरेको अंकमा सीमित गर्न सकिदैन । विद्यालयहरुको नियमित अनुगमन गर्नको लागि जनशक्तिको अभाव छ । निश्चित तह पूरा गरेपछि विद्यार्थीहरुमा जुन व्यवहार देखिनुपर्छ त्यो देखिएको पाँईदैन । उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा गुणस्तरीय सार्वजनिक शिक्षामा निम्न चुनौतिहरु पहिचान गरीएका छन ।

१. पाठ्यक्रमले तोकेका सक्षमताहरु विद्यार्थीहरुमा नपाइनु ।
२. विद्यार्थीहरुमा नैतिकता तथा व्यावहारिक ज्ञानको अभाव हुनु ।
३. व्यवहारको सकारात्मक परिवर्तन नै शिक्षा भएपनि उक्त धारणा अनुसारको व्यवहार नपाइनु ।
४. शिक्षकहरु नयाँ शिक्षण पद्धति प्रति अद्यावधिक हुन नसक्नु ।
५. शिक्षण सिकाइमा सूचना र सञ्चार पद्धतीको न्युन प्रयोग हुनु ।
६. कार्यसम्पादन मूल्याङ्कन औपचारिकतामा सीमित हुनु ।
७. विद्यार्थी मूल्याङ्कनलाई कक्षा उत्तीर्ण गराउनका लागि मात्र प्रयोग गरिनु ।

### ३.१०.३ उद्देश्य

DRAFT

यस योजनाले गुणस्तरीय सार्वजनिक शिक्षा सम्बन्धि निम्नलिखित उद्देश्यहरु राखेको छः

१. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने।
२. विद्यालयको वातावरण भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधता अनुकूल बनाइ बालबालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्ने।
३. ज्ञान र सीपको विकास, शिक्षाका सिद्धान्त र पद्धतिमा आएका परिवर्तनको विषयमा शिक्षकहरुलाई अद्यावधिक गराउने।
४. शिक्षण सिकाइ प्रक्रिया बालकेन्द्रित, सहभागितामूलक साथै क्रियाकलापमुखि र प्रभावकारी बनाउने।
५. विद्यार्थीहरूको मूल्याङ्कन गर्ने परिपाटीलाई स्तरीय र सामयीक बनाउने।
६. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्‌धन गरी बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास गर्ने।

**३.१०.४ रणनीतिहरू**

गुणस्तरीय सार्वजनिक शिक्षा सम्बन्धि उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछनः

१. विद्यालय उमेरका बालबालिकालाई आधारभूत तह सम्ममा गुणस्तरीय शिक्षामा पहुँचको सुनिश्चितता।
२. सम्पूर्ण गतिविधिहरुमा समावेशी सहभागितालाई प्रोत्साहन।
३. विद्यालयलाई बालमैत्री छात्रामैत्री, अपाङ्गमैत्री, सुरक्षित हिंसारहीत एवं भयरहीत सिकाइ केन्द्रको रूपमा विकास।
४. स्तरीय मापदण्डका आधारमा विद्यालय तथा शिक्षण संस्थाको भौतिक पूर्वाधार र सिकाइ वातावरण निर्माणगरी विपद उत्थानशील बनाउने।
५. स्थानीय परिवेश अनुकूल र आवश्यकतामा आधारित स्थानिय पाठ्यक्रम निर्माण गर्ने।
६. शिक्षक र कर्मचारीको वर्तमान परिपक्ष अनुरूप क्षमता अभिवृद्धि गरी दक्ष, योग्य र सीपयुक्त जनशक्तिको व्यवस्था गर्ने।
७. विद्यार्थीहरुलाई पुरस्कार, छात्रवृति आर्थिक शैक्षिक सहयोग जस्ता कार्यक्रमद्वारा विद्यार्थीहरुमा पढाइपति उत्सुकता तथा स्वयं अग्रसर हुने वातावरण सृजना गराउने।
८. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई थप व्यवस्थित र प्रभावकारीता कासाथ कार्यान्वयनमा ल्याउने साथै निर्णयात्मक मूल्याङ्कनलाई स्तरीय र सामयीक बनाउने ।
९. विद्यार्थी, शिक्षक, अविभावक र विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र भूमिकाको प्रबोधिकरण गराउने।
१०. गाउँ शिक्षा समितिले शिक्षा सम्बद्य सरोकारवालाहरुसँग छलफल तथा अन्तर्क्रिया गरेर गाउँपालिकामा माध्यमिक शिक्षा सम्मको गुणस्तरयीता मापन गर्ने मापदण्डहरु निर्धारण गर्ने।
११. शिक्षकको कार्यसम्पादन मूल्याङ्कनका आधारमा पुरुस्कार र दण्डको व्यवस्था गर्ने।

**३.१०.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क. उपलब्धि**

१. सबैका लागि समावेशी र समतामूलकू गुणस्तरीय शिक्षाको सुनिश्चितता भएको हुनेछ।
२. विद्यार्थी केन्द्रित शिक्षण क्रियाकलापको अभ्यास र नविन शिक्षण विधिहरूको प्रयोग भएको हुनेछ।
३. विद्यार्थीहरुमा सकारात्मक व्यवहार र नैतिक चरित्रको विकास भएको हुनेछ।

४. गुणस्तरीय शिक्षाको मापदण्ड निर्धारण भइ लागु भएको हुनेछ ।

**ख. नतिजा**

१. विद्यालय तहको शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच हुने ।
२. शिक्षण सिकाइ क्रियाकलाप स्वस्थ्य, सुरक्षित, आधारभूत सुविधा सम्पन्न, सौहार्दपूर्ण वातावरणमा सञ्चालन हुने ।
३. स्थानिय पाठ्यक्रमको निर्माण र कार्यान्वयन हुनें ।
४. विद्यार्थीहरूमा पढाइप्रति रुचि, उत्सुकता र स्वयं अग्रसर हुने वातावरणको सृजना हुने ।
५. विद्यालय तथा शिक्षण संस्थासंग सरोकार राख्ने सम्पूर्ण पक्ष आफ्नो काम, कर्तव्य र भूमिका प्रतिउत्तरदायी हुने
६. विद्यार्थीको मूल्याङ्कन प्रणाली स्तरीकरण हुने ।

**ग. प्रमुख क्रियाकलाप र लक्ष्य**

**तालिका ३.१०.५.१ गुणस्तरीय सार्वजनिक शिक्षाका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शैक्षिक सत्रको सुरुमा भर्ना अभियान र घरदैलो कार्यक्रम सञ्चालन | विद्यालय | ३० | ३० | ३० | ३० | ३० | ३० | ३० | संघ,प्रदेश, स्थानीय तह |
| २ | अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय, पालिका स्तरमा |
| ३ | इन्टरनेट सेवा विस्तार | विद्यालय | १५ | १८ | २० | २२ | २४ | २५ | ३० | संघ, प्रदेश, |
| ४ | शिक्षक कर्मचारीका लागि पुनर्ताजगी तालिम | पटक | ३० | ३० | ३० | ३० | ३० | ३० | ३० | स्थानीय तह |
| ५ | शिक्षक कर्मचारीलाई पुरस्कारको व्यवस्था | वडागत | १० | १० | १० | १० | १० | ५० | ५० | स्थानीय तह |
| ६ | पालिकास्तरमा प्रथम, द्वितीय लाई पुरुस्कार (विद्यार्थी आधारभूत र माध्यमिक) | जना | ६ | ६ | ६ | ६ | ६ | ३० | ३० | स्थानीय |
| ७ | विद्यार्थी मूल्याङ्कन तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह |
| ८ | शैक्षिक उपलब्धिका आधारमा विद्यालयलाई अनुदान कार्यक्रम | विद्यालय | ५ | ५ | ५ | | ५ | २५ | २५ | स्थानीय तह |

**तालिका ३.१०.५.२गुणस्तरीय सार्वजनिक शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | आवश्यक बजेट अनुमानित (रु हजारमा)(५ बर्षको) | | | | | | बजेट बाँकि ( ५ बर्ष) २०८३-२०८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शैक्षिक सत्रको सुरुमा भर्ना अभियान र घरदैलो कार्यक्रम सञ्चालन | विद्यालय | १५० | १७० | १८० | १९० | २०० | ८९० | ९८० | संघ,प्रदेश, स्थानीय तह |
| २ | अतिरिक्त कार्यक्रम सञ्चालन | पटक | ७५ | १०० | १२० | १४० | १५० | ५८५ | ७७५ | विद्यालय, पालिका स्तरमा |
| ३ | इन्टरनेट सेवा विस्तार | विद्यालय | १८० | १८७ | १९४ | २०१ | २०८ | ९७० | ९९५ | संघ, प्रदेश, स्थानीय |
| ४ | शिक्षक कर्मचारीका लागि पुनर्ताजगी तालिम | पटक | ६०० | ६०० | ६२५ | ६५० | ६६० | ३१३५ | ३२८० | स्थानीय तह |
| ५ | शिक्षक कर्मचारीलाई पुरस्कारको व्यवस्था | वडागत | ५० | १०० | १५० | २०० | २५० | ७५० | ९५० | स्थानीय तह |
| ६ | पालिकास्तरमा प्रथम, द्वितीय लाई पुरुस्कार (विद्यार्थी आधारभूत र माध्यमिक) | जना | ४० | ८० | १०० | १२० | १६० | ५०० | ८५० | स्थानीय |
| ७ | विद्यार्थी मूल्याङ्कन तालिम | पटक | १०० | १५० | १८० | १९० | २०० | ८२० | ९५० | स्थानीय तह |
| ८ | शैक्षिक उपलब्धिका आधारमा विद्यालयलाई अनुदान कार्यक्रम | विद्यालय | २५० | ३०० | ३५० | ४०० | ४५० | १७५० | २५०० | स्थानीय तह |
| कूल जम्मा रकम (रु हजारमा) | | | १४४५ | १६८७ | १८९९ | २०९१ | २२७८ | ९४०० | ११२८० | |

**३.११आर्थिक तथा सामाजिक रूपले पछाडि परेका वर्गको पहुँच/ समावेशी शिक्षा**

**३.११.१ परिचय**

व्यक्तिले आर्थिक र सामाजिक रूपमा कमजोर भएकै कारण शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित हुनुपरेको अवस्था हुन सक्छ । केहि विद्यार्थीहरुले बिचैमा पढाइ समेत छोडेको पाइन्छ । सबैको शिक्षामा पहुँच पुर्‍याउन नेपालको संविधान, शिक्षा ऐन तथा नियमावलीमा समेत व्यवस्था गरिएको छ । विगतमा कार्यान्वयन भएका सबैका लागि शिक्षा, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, सहश्राब्दि विकास लक्ष्य, विद्यालय क्षेत्र सुधार योजना, विद्यालय क्षेत्र विकास योजना, दिगो विकास लक्ष्य लगायतका विभिन्न शैक्षिक योजना तथा कार्यक्रमहरुले समेत समावेशी शिक्षालाई समावेश गरेका छन । विभिन्न समयमा यस सम्बन्धि नीतिगत एवं संस्थागत प्रयास भएका छन । यस गाउँपालिका अन्तर्गत आर्थिक तथा

DRAFT

सामाजिक रुपले पछाडि परेका वर्गको पहुँच पुऱ्याउन को लागि यो गाउँ शिक्षा योजनाले केहि नीतिगत प्रावधानहरु राखेको छ।

**३.११.२ वर्तमान अवस्था**

आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार सुचिमा आइसकेपछि आर्थिक रुपमा पछाडि परेको वर्गको शिक्षामा पहुँच पुऱ्याउन र समावेशी शिक्षालाई कार्यान्वयन गर्नु अब स्थानीय तहको प्रमुख जिम्मेवारी आएको छ। उल्लेखित अवस्थामा आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा क्षेत्रमा निम्न चुनौतिहरु पहिचान गरीएका छन।

१. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउनु ।
२. शिक्षामा समावेशीता सुनिश्चितता गर्नु।

**३.११.३उद्देश्य**

यस योजनाले आर्थिक तथा सामाजिक रुपले पछाडि परेकावर्गको पहुँच/समावेशी शिक्षा सम्बन्धि निम्नलिखित उद्देश्यहरु राखेको छः

१. माध्यमिक तहसम्मको शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने।
२. विद्यालय बाहिर रहेका सबै बालवालिकाहरुलाई विद्यालयमा भर्ना गराउने।
३. शिक्षामा सबैको समावेशीता सुनिश्चितता गर्ने।

**३.११.४ रणनीति**

आर्थिक तथा सामाजिक रुपले पछाडि परेकावर्गको पहुँच/समावेशी शिक्षा सम्बन्धि उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछनः

१. आर्थिक तथा सामाजिक रूपले पछाडि परेका वर्गको शिक्षामा पहुँच सुनिश्चित गर्न छात्रवृति लगायत थप आर्थिक सहुलियत प्रदान।
२. आर्थिक रूपमा कमजोर बालबालिकाका अभिभावकहरूलाई आयआर्जनका लागि सीप विकास तालिम प्रदान गरी स्वरोजगार बनाउनुका साथै उनीहरूलाई स्थानीय रोजगारी उपलब्ध गराउने।
३. सुविधासम्पन्न आवासीय विद्यालय विकास गर्ने।
४. विशेष शिक्षा सञ्चालनका लागि आवश्यक पूर्वाधार र जनशक्तिको विकास गर्ने।

**३.११.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क. उपलब्धि**

१. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरु विद्यालयमा भर्ना भएका हुनेछन।

**ख. नतिजा**

१. आर्थिक रुपमा कमजोर बालबालिकाका अभिभावकहरु स्थानीय रोजगारीमा सहभागि भै आयस्तर बढेको हुने।
२. गाउँपालिका अन्तर्गत प्रत्येक वडामा आवाशिय विद्यालय स्थापना भइ व्यवस्थापन भएको हुने।
३. विद्यालयमा विद्यार्थी भर्नादर उल्लेख्य रुपमा बढेको हुने।

**ग. प्रमुख क्रियाकलाप र लक्ष्य**

DRAFT

**तालिका ३.११.५.१ आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्गको पहुँच / समावेशी शिक्षाका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | छात्रवृत्ति कोषको व्यवस्था | पटक | ० | १ | १ | १ | १ | ४ | ५ | संघ,प्रदेश, स्थानीय तह |
| २ | विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ३ | आयस्तर कमजोर भएका विद्यार्थीका अभिभावकहरुलाई आयआर्जन तालिम | पटक | ० | १ | १ | १ | १ | ४ | ५ | संघ, प्रदेश, स्थानीय तह |

**तालिका ३.११.५.२आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्गको पहुँच / समावेशी शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | आवश्यक बजेट अनुमानित (रु हजारमा)(५ बर्षको) | | | | | | बजेट बाँकि (५ बर्ष) २०८३-२०८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | छात्रवृत्ति कोषको व्यवस्था | पटक | ० | २५ | ५० | ७५ | १०० | २५० | ३५० | संघ,प्रदेश, स्थानीय तह |
| २ | विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | ० | १५० | १७५ | २०० | २५० | ७७५ | ९७५ | संघ, प्रदेश, स्थानीय तह |
| ३ | आयस्तर कमजोर भएका विद्यार्थीका अभिभावकहरुलाई आयआर्जन तालिम | पटक | ० | १५० | १६० | १८० | १९० | ६८० | ८७५ | संघ, प्रदेश, स्थानीय तह |
| कूल जम्मा रकम (रुहजारमा) | | | ० | ३२५ | ३८५ | ४५५ | ५४० | १७०५ | २२०० | |

### ३.१२शिक्षामा सूचना प्रविधि

### ३.१२.१ परिचय

DRAFT

सूचना प्रविधि भन्नाले सूचनाहरुलाई विद्युतिय यन्त्रहरु कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरी भण्डारण, सम्पादन सम्प्रेषण संग्रह र प्रवाह हो । आजको युग सूचना प्रविधिको युग हो । सूचना प्रविधिले शिक्षण र सिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व रुपमा अघि बढाएको छ । शिक्षाका पाठ्यक्रम निर्माणदेखि त्यसको कार्यान्वयन र मूल्यांकनका सम्पूर्ण अवधिमा सूचना तथा प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । यसले सूचनाको  पहुँचमा वृद्धि गर्छ । शिक्षक तथा विद्यार्थीले शैक्षिक आवश्यकताका लागि छापिएका पुस्तकहरुमा मात्र भर पर्नुपर्ने आवश्यकताको अन्त्य भएको छ । उनीहरु आफ्नो आवश्यकताको पूर्तिका लागि इन्टरनेट तथा वेभसाइटहरुको उपयोग गर्न सक्ने भएका छन । सयौं व्यक्तिहरुले एकै पटक कुनै पनि समय कुनै ठाउँबाट कुनै पनि सामग्रीलाई हसिल गर्न सक्छन । अब सिकाइलाई अनलाईन पाठ्यवस्तुको माध्यमबाट चौविसै घण्टा हेर्न सकिन्छ । सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइले विद्यार्थीहरु एकै ठाउँमा भेला हुनु पर्ने अवस्थाको अन्त्य भएको छ । भौगोलिक, सामाजिक, साँस्कृतिक तथा पूर्वाधारहरुको अभावका कारण औपचारिक तवरबाट शिक्षा दिन नसकिने अवस्था अव रहेन । यसका लागि रेडियो, टेलिभिजन, भर्चुअल विद्यालय, भर्चुअल विश्वविद्यालयको माध्यमबाट शिक्षा हासिल गर्न सकिन्छ । शैक्षिक विकासका लागि सूचना तथा सञ्चार प्रविधिको महत्वपूर्ण भूमिका रहने गरी यस योजनामा समावेश गरिएको छ ।

**३.१२.२ वर्तमान अवस्था**

नेपाल सरकारले स्विकृत गरेको राष्ट्रिय शिक्षा नीति, २०७६ र विज्ञान तथा प्रविधि नीति, २०७६ ले समेत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धि नीतिहरु उल्लेख गरेको छ । सूचना प्रविधिको तिब्र विकासले नेपाल जस्ता अल्पविकसित मुलुकहरुलाई शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा व्यापार लगायतका आर्थिक तथा सामाजिक क्षेत्रको दिगो विकास गर्न सुअवसरहरु प्रदान गरेको छ । यस प्रविधिको व्यापक प्रयोगबाट कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो, तथा कम खर्चिलो ढंगबाट प्रदान गर्न सकिन्छ । यस अर्थमा सूचना प्रविधि नेपालको भौगोलिक विषमताबाट सिर्जित विकासका चुनौतीको सामना गर्न एउटा सशक्त पूर्वाधारको रुपमा समेत स्थापित हुन सक्ने देखिन्छ । अजयमेरु गाउँपालिकाका सबै माध्यमिक विद्यालयहरुमा सूचना तथा प्रविधि प्रयोगशालाको स्थापना भएको छ । सबै सामुदायिक विद्यालयहरुमा ईन्टरनेट सुविधाको विस्तार  हुन सकेको छैन । केहि विद्यालयहरुमा स्मार्ट बोर्डको व्यवस्थापन समेत गरिएको छ । विद्यालयहरुका विभिन्न कक्षाहरुमा कम्प्युटर विषयको शिक्षण गरिएको पाइन्छ । शिक्षा तथा सूचना र सञ्चार प्रविधिबीच गहिरो सम्बन्ध छ । शिक्षामा प्रविधिको प्रयोगलाई अर्थपूर्ण रुपमा हेर्न थालिएको छ । कक्षा कोठामा प्रविधिको प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अवधारणाको सुरुवात भएको पाइन्छ । द्रुतगतिमा विकास हुँदै गएको प्रविधिले थुप्रै अवसर र चुनौतीहरु ल्याएको छ । हाल शिक्षा क्षेत्रमा पनि विद्यालयका प्रशासनिक काम, नतिजा निर्माण कार्य, पावर प्वाइन्ट निर्माण गरी प्रोजेक्टरको माध्ययमबाट अध्यापन गर्ने शैक्षिक कार्य सामान्यरुपमा प्रयोग आएको पाइन्छ । केन्द्रिय शैक्षिक तथ्याङ्कमा जोड्नको लागि हाल एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) को विकास गरिएको छ र त्यसको पुर्णतया उपयोग हुन नसकिएको अवस्था छ । उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा शिक्षामा सूचना प्रविधि क्षेत्रमा निम्न चुनौतिहरु पहिचान गरीएका छन ।

१. सूचना तथा सञ्चार प्रविधि सम्बन्धि आधारभूत संरचना जस्तै विद्युत, ईन्टरनेट कनेक्टिभिटी, आदिको विस्तार तथा सबै विद्यालयमा स्थापना ।

२. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर, डिजिटल ल्याब, डिजिटल पुस्तकालय सहितको एकिकृत प्रणालीको विकास ।
३. सूचना तथा सञ्चार प्रविधिक सम्बन्धि उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि दक्ष जनशक्तिको विकास ।
४. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट समता अभिवृद्धि र डिजिटल डिभाईड कम गर्नु ।
५. अन्तर्क्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास र पहुँच ।
६. विभिन्न किसिमका अपाङ्गताको लागि प्रयोग हुने गरी सामग्री विकास र प्रयोग।
७. सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली र लेखा प्रणालीको विकास ।
८. विभिन्न तहका ईन्टरनेट प्रदायक संस्थाहरुसँग समन्वय र सहकार्य ।

**३.१२.३ उद्देश्यहरू**

यस योजनाले शिक्षामा सूचना प्रविधि सम्बन्धि निम्नलिखित उद्देश्यहरु राखेको छः

१. सबै सामुदायिकविद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच बृद्धि गर्ने ।
२. विश्वब्यापी रुपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेट मार्फत विद्यालय एवम् विद्यार्थीहरूको पहुँच कायम गर्ने ।
३. अध्ययन एवम् शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने ।
४. गाउँस्तरको शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शि र समतामूलक बनाउने ।

**३.१२.४ रणनीति**

शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धि उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछनः

१. ICT को पूर्वाधारको रुपमा रहेको विद्युत, कम्प्युटर र इन्टरनेट प्रत्येक विद्यालयमा जडान ।
२. कम्प्युटर,ई–पुस्तकालय तथा ICT ल्याव स्थापना ।
३. विद्यालयमा कार्यरत जनशक्तिलाई ICT तथा Smart Board को प्रयोग सम्बन्धि आधारभूत तालिमको व्यवस्था ।
४. विद्यालयहरुलाई केन्द्रिय शैक्षिक व्यवस्थापन सूचना प्रणालीको बढिभन्दा बढि प्रयोग गर्न प्रोत्साहन ।

**३.१२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क. उपलब्धि**

१. विभिन्न आधारभूत तथा माध्यमिक विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना भइ विद्यालयको प्रशासनिक, शैक्षिक र व्यवस्थापकिय क्षेत्रमा प्रयोग गरिएको हुनेछ ।

**ख. नतिजा**

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भै सबैको पहुँच पुगेको हुने
२. विभिन्न कक्षा तथा विषयका शिक्षकहरुको शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धि क्षमता विकास भएको हुने

DRAFT

३. सबै माध्यमिक विद्यालयहरुले अनिवार्य रुपमा सिकाइ तथा व्यवस्थापकिय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने
४. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन भएको हुने
५. सूचनामा आधारित एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको अधिकतम प्रयोग भएको हुने
६. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा प्रविधिको प्रयोगको विस्तार भएको हुने

**ग. प्रमुख लक्ष्य तथा क्रियाकलापहरु**

**तालिका ३.१२.५.१ शिक्षामा सूचना प्रविधिका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्युत, कम्प्युटर, इन्टरनेट सबै विद्यालयमा जडान | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | संघ,प्रदेश, स्थानीय |
| २ | सूचना तथा सञ्चार प्रविधिल्याब स्थापना | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | संघ, प्रदेश, स्थानीय |
| ३ | एक शिक्षक एक ल्यापटपको व्यवस्था | विद्यालय | २ | २ | २ | ३ | ६ | १५ | १५ | संघ, प्रदेश, स्थानीय तह |
| ४ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ५ | सामुदायिक सिकाइ केन्द्रको ICT क्षमता विकास | सङ्ख्या | ० | १ | १ | १ | १ | ४ | ४ | संघ, प्रदेश, स्थानीय तह |

**तालिका ३.१२.५.२ शिक्षामा सूचना प्रविधिका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | आवश्यक बजेट अनुमानित (रु हजारमा)(५ बर्षको) | | | | | | बजेट बाँकि (५ बर्ष) २०८३-२०८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्युत, कम्प्युटर, इन्टरनेट सबै विद्यालयमा जडान | विद्यालय | ४७५ | ४८० | ४९० | ५०० | ५२५ | २४७० | २८७५ | संघ,प्रदेश, स्थानीय |
| २ | सूचना तथा सञ्चार प्रविधिल्याब स्थापना | विद्यालय | १९५० | १९७५ | १९८५ | १९९५ | २०१० | ९९१५ | १००२५ | संघ, प्रदेश, स्थानीय |
| ३ | एक शिक्षक एक ल्यापटपको व्यवस्था | विद्यालय | २४० | ३७५ | ३८५ | ३९५ | २७० | १६६५ | १८७५ | संघ, प्रदेश, स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धि तालिम | पटक | १५० | १७५ | २०० | २२५ | २५० | १००० | १५०० | संघ, प्रदेश, स्थानीय तह |
| ५ | सामुदायिक सिकाइ केन्द्रको ICT क्षमता विकास | सङ्ख्या | ० | १५० | १६० | १७० | १८० | ६६० | ७५० | संघ, प्रदेश, स्थानीय तह |
| कूल जम्मा रकम (रु हजारमा) | | | २८१५ | ३१५५ | ३२२० | ३२८५ | ३२३५ | १५७१० | १७०२५ | |

### ३.१३.आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा

#### ३.१३.१ परिचयः

आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा वातावरणमा कुनै बेला के हुन्छ भन्ने कुरा कसैलाई थाहा छैन । विगतमा विभिन्न समयमा हाम्रो देशले विभिन्न आपतकालीन समस्याहरु भोग्दै आइरहेको छ । यसको प्रभाव तथा असर प्रत्यक्ष रुपमा शिक्षाक्षेत्रमा परिरहेको छ । विशेष गरी वि.सं. १९९० को महाभूकम्प त्यस्तै २०७२ सालको महाभूकम्प र २०७६ सालमा देखापरेको कोभिड-१९ ले विशेष गरी शिक्षा क्षेत्रमा ठूलो असरपारेको छ । यी विभिन्न आपतकालीन अवस्थालाई मध्यनजर गर्दै शिक्षा क्षेत्रलाई सुरक्षित शिक्षण सिकाइ गर्नका लागि अजयमेरु गाउँपालिकाले दश बर्षे नयाँ गाउँ शिक्षाक्षेत्र योजनामा आपतकालीन तथा सङ्कटपूर्णबाट जोगिन र शिक्षालाई निरन्तर दिने र वैकल्पिक विधि र माध्यमबाट शिक्षाको विकाश गर्ने गरी योजना बनाइएको छ ।

#### ३.१३. २ उद्देश्यहरुः

- विपतकालीन समयमा विद्यार्थीको जीवनलाई सुरक्षित गर्नु ।
- आपतकालीन वा विपदको समयमा शिक्षण सिकाइलाई निरन्तरता प्रदान गर्नु ।
- विद्यार्थीहरुलाई विपद तथा प्राकृतिक प्रकोपको बारे सचेत गराउनु ।

#### ३.१३.३ रणनीतिः

- भूकम्प प्रतिरोधात्मक भौतिक संरचनाको निर्माण ।
- विपदबाट जोगिनका लागि विद्यार्थीहरुमा चेतना कार्यक्रम कार्यान्वयन ।
- विपदको अवस्थामा शिक्षालाई निरन्तरता दिन वैकल्पिक विधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनको लागि पूर्वतयारी ।
- खतरा पहिचान तथा जोखिम क्षेत्रको नक्साङ्कन ।
- विपद व्यवस्थापनका लागि प्रत्येक वडा तथा विद्यालयमा आपतकालीन संयन्त्रको निर्माण ।
- प्रत्येक विद्यालयमा प्राथमिक उपचारका लागि चाहिने सामग्रीहरुको व्यवस्थापन ।
- E-learning मा पहुँच ।

#### ३.१३. ४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्यः

DRAFT

**क) उपलब्धिः**

१.विद्यालयमा विपद उत्थानशील भौतिक निर्माण तथा सुविधाको व्यवस्था भएको हुने छ ।

२.विद्यालयमा विपद उत्थानशील संयन्त्रण तथा नीति नियम भएको हुने।

३. आपतकालीन तथा सङ्कटपूर्ण अवस्था पनि वैकल्पिक व्यवस्था अनुसार शिक्षा निरन्तरता भएको हुने छ।

४. जोखिम न्यूनीकरण तथा उत्थानशीलता शिक्षालाई संस्थागत भएको हुने छ।

**ख) नतिजाः**

१.विद्यालयका भौतिक संरचना विपद उत्थानशील हुने।

२. विद्यालयमा विपदका समयमा प्रतिक्रिया गर्नका लागि दुर्त गतिको प्रतिक्रिया समिति गठन गरने छ।

३. द्रुत गतिको प्रतिक्रिया समिति पदाधिकारीलाई क्षमता विकास भएको हुने।

४. विद्यालयमा आपतकालीन कोषको स्थापना भएको हुने छ।

५. बालबालिकामा जोखिम न्यूनीकरण प्रति सचेत हुने र जोखिम न्यूनीकरणमा समुदायमा भूमिका खेल्ने बारेमा क्षमताको विकास भएको हुनेछ।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्यः**

**३.१३. ४.१ आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विब्यस, शिक्षक तथा विद्यार्थीको क्षमता विकास गर्ने | जना | ० | २५ | ७५ | १५० | २५० | ५०० | ६०० | संघ र प्रदेश गर्ने |
| २ | विपद योजना तयार गरी कार्यान्वयन गर्ने | सङ्ख्या | ० | ३० | ० | ० | ० | ३० | ३० | विद्यालय, स्थानीय तह |
| ३ | जोखिम नक्साङ्कन गर्ने | विद्यालय | ० | १० | १० | १० | ० | ३० | ३० | विद्यालय, स्थानीय तह |
| ४ | विद्यालयमा आपतकालीन कोषको स्थापना गर्ने | विद्यालय | ० | १२ | १८ | ० | ० | ३० | ३० | विद्यालय, स्थानीय तह |
| ५ | प्राथमिक स्वास्थ्य सामग्रीको व्यवस्था गर्ने | विद्यालय | ० | ० | १२ | १८ | ० | ३० | ३० | विद्यालय, स्थानीय तह |
| ६ | विद्यालयमा सूचना प्रविधिको विस्तार गर्ने | विद्यालय | ० | ५ | १० | १० | ५ | ३० | ३० | विद्यालय, स्थानीय तह |
| ७ | वैकल्पिक विधिको प्रयोग गरी शिक्षालाई निरन्तरता दिने क्षमता | विद्यालय | ० | २५ | २५ | २५ | २५ | १०० | २०० | विद्यालय, स्थानीय तह |

DRAFT

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विकास गर्ने | | | | | | | | | |
| ८ | हरित विद्यालय व्यवस्थापन | विद्यालय | ० | ३० | ० | ० | ० | ३० | ३० | विद्यालय, स्थानीय तह |
| ९ | निरन्तर तथा सुरक्षित सिकाइका लागि शिक्षक- विद्यार्थी- अभिभावक सम्मिलित समिति गठन गरी परिचालन गर्ने | विद्यालय | ५ | १० | १० | ५ | ० | ३० | ३० | विद्यालय, स्थानीय तह |
| १० | सिकाइ सिबिर सञ्चालन/स्थानीय FM हरूसँग समन्वय | विद्यालय | आवश्यकताअनुसार | | | | | | | |

DRAFT

**तालिका ३.१३.४.२आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | आवश्यक बजेट अनुमानित (रु हजारमा)(५ बर्षको) | | | | | | बजेट (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | २०८३-२०८७ | |
| १ | विब्यस, शिक्षक तथा विद्यार्थीको क्षमता विकास गर्ने | जना | ० | २५० | २७५ | ३०० | ३५० | **११७५** | १६०० | संघ,प्रदेश, स्थानीय तह |
| २ | विपद योजना तयार गरी कार्यान्वयन गर्ने | सङ्ख्या | ० | २८० | ० | ० | ० | **२८०** | ३५० | विद्यालय, स्थानीय तह |
| ३ | जोखिम नक्साङ्कन गर्ने | विद्यालय | ० | ५० | १०० | ० | ० | **१५०** | २५० | विद्यालय, स्थानीय तह |
| ४ | विद्यालयमा आपतकालीन कोषको स्थापना गर्ने | विद्यालय | ० | १०० | १८० | १९० | २०० | **६७०** | ८५० | विद्यालय, स्थानीय तह |
| ५ | प्राथमिक स्वास्थ्य सामग्रीको व्यवस्था गर्ने | विद्यालय | ० | ० | १०० | १८० | ० | **२८०** | ४०० | विद्यालय, स्थानीय तह |
| ६ | विद्यालयमा सूचना प्रविधिको विस्तार गर्ने | विद्यालय | ० | २५० | ३५० | ४५० | ६५० | **१७००** | १८५० | विद्यालय, स्थानीय तह |
| ७ | वैकल्पिक विधिको प्रयोग गरी शिक्षालाई निरन्तर क्षमता विकास गर्ने | विद्यालय | ० | २५० | २७५ | २९० | ३०० | **१११५** | १३०० | विद्यालय, स्थानीय तह |
| ८ | हरित विद्यालय व्यवस्थापन | विद्यालय | ० | २८० | ० | ० | ० | **२८०** | ३५० | विद्यालय, स्थानीय तह |
| ९ | निरन्तर तथा सुरक्षित सिकाइका लागि शिक्षक- विद्यार्थी-अभिभावक सम्मिलित समिति गठन गरी परिचालन गर्ने | विद्यालय | ० | १०० | १५० | ७५ | १२५ | **४५०** | ५५० | विद्यालय, स्थानीय तह |
| १० | सिकाइ सिबिर सञ्चालन/स्थानीय FM हरूसँग समन्वय | | १०० | १०० | १०० | १०० | १०० | **५००** | १००० | स्थानीय तह, सहयोगी संस्था |

DRAFT

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कूल जम्मा रकम (रु हजारमा) | १०० | १६६० | १५३० | १५८५ | १७२५ | ६६०० | ८५५० | |

**परिच्छेद -४**

## संस्थागत संरचना र क्षमता विकास

### ४.१ परिचय

वर्तमान शिक्षा क्षेत्रको संरचना हेर्दा संघ अन्तरगत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइ त्यसै गरी प्रदेश अन्तरगत, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र तथा सामाजिक विकास कार्यालय र स्थानीय तहमा सामाजिक विकास समिति अन्तरगत शिक्षा, युवा तथा खेलकुद शाखा रहेको छ। बदलिदो परिवेश अनुसार शासकिय संरचना, प्रक्रिया र क्षमता सुधार गरेमा मात्र शैक्षिक गुणस्तर सुधार गर्न सकिन्छ। वर्तमान समयमा ज्ञान, विज्ञान र प्रविधिमा आएको परिवर्तन, सामाजिक चेतना, स्थानीय तहको शिक्षा क्षेत्रप्रतिको उत्तरदायित्व समेतलाई ख्याल गरी संस्थागत संरचना र क्षमता विकास सम्बन्धि क्रियाकलापहरु गर्नु आवश्यक छ।

### ४.२ वर्तमान अवस्था

नेपालको संविधान, २०७२ ले माध्यमिक तहसम्मको अधिकार स्थानीय तहलाई दिएको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा समेत शिक्षा सम्बन्धि जम्मा २३ वटा अधिकारहरु स्थानीय तहलाई प्रदान गरिएको छ। हाल अजयमेरु गाउँपालिकामा ३० वटा सामुदायिक विद्यालय ,२ वटा संस्थागत विद्यालय, ७ वटा समुदायमा आधारित बालविकास केन्द्र, वटा ३० विद्यालयमा आधारित बालविकास केन्द्र, ५ सामुदायिक सिकाइ केन्द्र रहेका छन। प्रत्येक बाल विकास केन्द्र र विद्यालयहरूमा  व्यवस्थापन समिति र  शिक्षक अभिभावक संघको व्यवस्था गरिएको छ। हाल संघीय शिक्षा ऐन जारी नभएको अवस्थामा स्थानीय तहमा कार्य गर्दा केही द्विविधा उत्पन्न भएको छ। हाल आधारभूत तहको अन्तिम परीक्षा स्थानीय तहबाट सञ्चालन गर्ने गरिएको छ। विद्यालय अनुगमन तथा निरीक्षणको पाटो केहि कमजोर भएको देखिन्छ र विद्यालयका शिक्षकहरुको पेशागत विकास पनि हुन नसकेको अवस्था छ। यस परिस्थितिमा स्थानीय तहले संघ र प्रदेशसँग सहकार्य र समन्वय गरी वर्तमान शिक्षा क्षेत्रको संस्थागत संरचना र क्षमता विकास गर्दा यस योजनाको सफल कार्यान्वयनमा सहयोग पुग्नेछ।

### ४.३ उद्देश्य

यस योजनामा सुशासन प्रबर्र्धनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धि उद्देश्यहरु निम्न अनुसार रहेका छनः

१. विद्यालय र स्थानीय तहबीचको अन्तरसम्बन्ध सुदृढ बनाउने संस्थागत संयन्त्रको विकास गर्नु।
२. विद्यालय तथा शैक्षिक क्षेत्रमा कार्य गर्ने जनशक्तिको आवश्यकता अनुसार व्यवस्था गर्नु।
३. कार्यसम्पादन प्रति उत्तरदायी र नतिजाप्रति जवाफदेहिताको विकास गरी सुशासन कायम गर्नु।
४. विद्यालयका प्रधानाध्यापक, शिक्षक, बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालयका पदाधिकारीहरुको क्षमता विकास गर्नु।

### ४.४ रणनीतिहरु

उल्लेखित उद्देश्यहरु प्राप्ति गर्नका लागि निम्न बमोजिमका रणनीतिहरु अबलम्बन गरिनेछनः

१. विद्यालय र स्थानीय तहबीचको सम्बन्ध बलियो बनाउन आवश्यक कानूनको निर्माण ।

२. गाउँपालिका र विद्यालयमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन।
३. शिक्षकहरुलाई आवश्यकता अनुसार पुनर्ताजकि तालिम तथा पेशागत सहयोग गर्न गाउँस्तरिय विज्ञ शिक्षकहरुको रोष्टर निर्माण।
४. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइ क्षमता विकास।
५. विद्यालयसम्बद्ध सबैको क्षमता विकास।

**४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क. उपलब्धि**

१. विद्यालय तथा अन्य शैक्षिक संस्थाहरुमा सुशासन प्रबर्द्धन भइ  बालबालिकाहरुको सिकाइ प्रति उत्तरदायी प्रणालिका विकास भएको हुनेछ।

**ख. नतिजा**

१. स्थानीय तह र विद्यालयहरु बीचमा सहकार्य र समन्वयका लागि शैक्षिक संयन्त्रको विकास भएको हुने
२. शिक्षा सम्बन्धि आवश्यक कानूनहरुको निर्माण भइ शिक्षा सम्बद्ध सबैको जिम्मेवारी स्पष्ट भएको हुने
३. शिक्षाको शासकिय प्रबन्ध र व्यवस्थापनमा संलग्न हुने सम्बद्ध सबैको क्षमता विकास गर्ने पद्धतिको स्थापना भइ क्षमता सुधार भएको हुने
४. शैक्षिक तथा विद्यालय प्रशासन सहभागितामूलक, कार्य सम्पादन प्रति उत्तरदायी, विद्यार्थीको सिकाइ प्रति जवाफदेहि, समतामूलक र समावेशी भइ शैक्षिक कार्यक्रम उद्देश्यमूलक तथा प्रभावकारी हुने

**ग.प्रमुख क्रियाकलाप**

१. योग्य, दक्ष र अनुभवि शिक्षकलाई प्रचलित कानून बमोजिम प्रधानाध्यापकमा नियुक्ति गरिनेछ।
२. समय समयमा प्रधानाध्यापक क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।
३. निर्धारित सूचकहरूका आधारमा विद्यालयको तथ्याङ्क संकलन र विश्लेषण गरी आकस्मिक शैक्षिक सुधार सहयोग योजना बनाइ कार्यान्वयन गरिनेछ।
४. विद्यालय सम्बद्ध सबै पदाधिकारीहरुलाई क्षमता विकास र सुशासन सम्बन्धि तालिम प्रदान गरिनेछ।
५. नयाँ बन्ने भौतिक पूर्वाधार बालमैत्री ,अपाङ्गमैत्री, वातावरणमैत्रि र दिगो विकासका अवधारणा अनुरूप विकास गर्न लगाईनेछ ।
६. विद्यालय भित्र र समुदायमा शैक्षिक अनुकूल वातावरण तयार गर्ने गाउँपालिका भित्रका शैक्षिक व्यक्तित्वहरुको समूह बनाइ परिचालन गरिनेछ।
७. शैक्षिक कानून तथा मापदण्डको निर्माण गरिनेछ।
८. गाउँ शिक्षा समिति समावेशी प्रतिनिधित्व हुने गरी निर्माण गरिनेछ।
९. विद्यालयको अनुगमन तथा निरीक्षणमा गाउँ शिक्षा समितिलाई जिम्मेवार बनाइनेछ।
१०. गाउँस्तरमा गठन हुने विज्ञ समूहको रोष्टरलाई शिक्षकको पेशागत विकासका लागि कक्षा अवलोकन, शिक्षक तालिम र शिक्षण सहजकर्ताको रूपमा जिम्मेवारी प्रदान गरिनेछ ।
११. प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाइनेछ।
१२. समय समयमा अभिभावक शिक्षा, विद्यालयका पदाधिकारीहरुसँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ।
१३. विद्यालय शिक्षाको सुधार र विकासका लागि शैक्षिक जागरण अभियान सञ्चालन गरिनेछ।

**खण्डः ५**

**लगानी र स्रोत व्यवस्थापन**

**५.१ परिचय**

कुनै पनि योजना सफल रुपमा कार्यान्वयन गर्नको लागि आर्थिक स्रोतको सहि पहिचान र परिचालन गर्नुपर्ने आवश्यकता रहन्छ । त्यसै गरी आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गर्न तथा वढ्दो जन आकांक्षा र आवश्यकताहरुलाई कुनैपनि योजनाले सम्वोधन गर्नै पर्दछ र त्यसरी सम्बोधन  गर्दा निश्चित रुपमा विगतका उपलब्धि र अनुभव एवं वर्तमानको आवश्यकता र भविष्यको दृष्टिकोण र लक्ष्यको आधारमा केही पूरानो कार्यक्रमहरुलाई निरन्तरता दिनु पर्ने तथा कतिपय नयाँ कार्यक्रमहरु थप गर्नुपर्ने हुन्छ । यसै सन्दर्भमा यस योजनामा निरन्तर तथा नयाँ कार्यक्रमहरुलाई समावेश गर्ने गरी यो वित्तीय योजना निर्माण गरिएको छ । विशेष गरी आधारभूत तथा माध्यमिक शिक्षामा गाउँपालिकाले जोड दिनुपर्ने देखिन्छ । शिक्षामा गरिने लगानी व्यक्ति, समाज र राष्ट्रको दीर्घकालिन हितको लागि हुन्छ । नेपालको संविधान, २०७२ ले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्ने व्यवस्था गरिएको छ । त्यसलाई कार्यान्वयन गर्नको लागि समेत यस योजनाले विशेष वित्तिय व्यवस्थापन गर्नुपर्ने देखिन्छ । शिक्षामा पर्याप्त लगानी गर्दा समतामूलक र न्यायमूलक समाज निर्माणमा विशेष सहयोग पुग्ने देखिन्छ । संघ तथा प्रदेशसँग समन्वय गरी वर्तमान समयको आवश्यकता बमोजिम शिक्षामा बजेट व्यवस्थापन गर्नु आवश्यक छ । शिक्षामा आवश्यक पर्ने आर्थिक स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा विनियोजन गर्ने, विनियोजन गरेपश्चात कसरी खर्च गर्ने र खर्च गरिएको क्षेत्रको उपलब्धि के कस्तो रहने जस्ता विषयहरु समेत योजनामा समावेश गर्न खोजिएको छ ।

**५.२वर्तमान अवस्था**

शिक्षामा लगानी बढाउनुपर्छ भनेर गाउँपालिकाका विभिन्न नीति तथा योजनाहरुमा समावेश गरिएको पाइन्छ । नेपालको संघीय तहबाट शिक्षामा जम्मा १० प्रतिशत लगानी गरिएको अवस्था छ भने गाउँपालिकाले शिक्षा क्षेत्रलाई विशेष प्राथमिकता दिएको पाइन्छ । आर्थिक वर्ष २०७७।७८ मा अजयमेरु नगपालिकाले समानीकरण बजेट अन्तर्गत शिक्षामा रु लाख हजार बजेट विनियोजन गरेको थियो जुन कूल समानीकरण बजेटको  प्रतिशत हो । यसरी हेर्दागाउँपालिकाले शिक्षा क्षेत्रलाई विकासको प्रमुख पूर्वाधारको रुपमा अङ्गिकार गरेको पाइन्छ । त्यसैगरी शिक्षामा घरपरिवारको अप्रत्यक्ष तथा प्रत्यक्ष लगानी तथा नीजि क्षेत्रको लगानी समेत उल्लेख्य रुपमा रहेको पाइन्छ । स्थानीय सरकारले शिक्षामा गरेको प्रशासनिक र व्यवस्थापकिय लगानी समेत महत्वपूर्ण रहेको छ । हाल संघीय सरकारबाट सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तकको व्यवस्था गरिएको छ । त्यसैगरी सामुदायिक विद्यालयहरुमा विभिन्न किसिमका छात्रवृत्तिको व्यवस्था गरिएको छ । पूर्व प्राथमिक कक्षा देखि ५ सम्म दिवा खाजाको व्यवस्था गरिएको छ भने कक्षा ६  देखि १२ सम्मका छात्राहरुका लागि स्यानिटरी प्याडको व्यवस्था गरिएको छ । अजयमेरु गाउँपालिकाले आधारभूत शिक्षालाई निःशुल्क बनाउनका लागि वार्षिक नीति, बजेट तथा कार्यक्रमको व्यवस्था गरिएको छ  र त्यसको लागि एउटा कार्यविधि समेत निर्माण गरी सकेको छ । शिक्षामा गरिने लगानीलाई मानव संशाधन विकासको प्रमुख लगानीको रुपमा लिईन्छ । विद्यालय शिक्षामा गरिने लगानी तथा स्रोत विकास सम्बन्धि विश्लेषणका आधारमा देहाय बमोजिमका चुनौतिहरु पहिचान गरीएका छन ।

१. विद्यालय शिक्षामा लगानी वृद्धि र दिगो स्रोतको व्यवस्थापन गर्नु ।
२. नीजि क्षेत्रबाट शिक्षामा गरिने लगानीलाई सार्वजनिक सेवा, सामाजिक दायित्व र सेवामूलक बनाउनु ।

३. प्राविधिक तथा व्यावसायिक शिक्षामा अध्ययन गर्ने विद्यार्थी संख्या बढाउनु ।
४. सूचना तथा सञ्चार प्रविधि मैत्रि शिक्षण प्रणालिको व्यवस्थापन गर्नु ।
५. विद्यार्थीको सिकाइ तथा कुशलतामा वृद्धि गर्ने गरी आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नु ।
६. शिक्षामा समावेशीता र समतामा सुधार गर्न आर्थिक रुपमा कमजोर, विपन्न तथा कठिन परिस्थितिमा रहेका र अपाङ्ता भएका बालबालिकाहरुको पहुँच, सहभागिता र गुणस्तरीयता सुनिश्चित गर्नु ।
७. वित्तिय व्यवस्थापन कार्यकुशल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने ।

**५.३उद्देश्य**

यस योजनामा श्रोत व्यवस्थापन सम्बन्धमा देहाय बमोजिमका उद्देश्यहरु राखिएका छन ।

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक बजेटको प्रक्षेपण गर्नु ।
२. विद्यालय शिक्षा सम्बन्धि पहिचान गरीएका कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक वित्तिय स्रोत पहिचान गर्नु ।
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमहरुको प्राथमिकताक्रम तोकि कार्यक्रमगत बजेट निर्धारण गर्नु ।
४. खर्चको प्रक्रिया, भूमिका र दायित्व स्पष्ट पार्नु ।
५. लागत प्रतिफलको जानकारी लिने उपयुक्त विधि, प्रक्रिया उपयुक्त पद्धतिको विकास गर्नु ।

**५.४ रणनीतिहरु**

योजनाको वित्तिय व्यवस्थापन सम्बन्धि उद्देश्यहर प्राप्त गर्न देहाय बमोजिमका रणनीतिहरु अबलम्बन गरिनेछनः

१. गाउँसभालाई शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखि बजेट छुट्याउने गरी कार्यक्रमहरुको प्रस्ताव ।
२. शिक्षकहरूको क्षमता विकासका लागि पालिकास्तरीय क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने र गाउँस्तरीय क्षमता विकासका लागि आवश्यक बजेट स्थानीय सरकारको लगानी ।
३. सामुदायिक विद्यालयमा कार्यरत स्वयंसेबक शिक्षकहरुको लागि तलब भत्ता र प्रोत्साहनको व्यवस्था ।
४. प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास गर्न पालिकाले आफ्नो लगानीमा अन्य विद्यालयहरूमा विस्तार ।
५. उच्च शिक्षा सञ्चालन गर्ने शैक्षिक संस्थाहरुलाई व्यवस्थापन तथा क्षमता विस्तार ।
६. संघीय र प्रदेश सरकारबाट प्राप्त भइरहेको शशर्त कार्यक्रमहरूको निरन्तरता दिँदै कार्यक्रमको सङ्ख्यात्मक विस्तारका लागि पहल ।
७. संघीय र प्रदेश सरकारबाट समेट्न नसकेका कार्यक्रमहरुको हकमा शशर्त नै कार्यक्रम विस्तार गर्न संघीय र प्रदेश सरकारलाई पहल ।
८. भौतिक पूर्वाधार विकासका लागि संघीय सरकारको ६०%, प्रदेश सरकारको २०%र गाउँपालिकाको २०% लगानी गर्ने प्रबन्ध ।
९. विद्यालयहरुलाई अनुदान प्रदान गरीए पश्चात लक्षित गुणस्तर सुनिश्चितका लागि सम्बन्धित विद्यालयलाई नै जिम्मेवार बनाउने ।
१०. विद्यालयहरुलाई अनुदान प्रदान गर्नुपूर्व जुन शीर्षकमा अनुदान प्रदान गरिएको छ त्यसको खर्चको आधार तथा कार्यविधि ।
११. विद्यालयका सम्पूर्ण आर्थिक क्रियाकलापहरु सफ्टवेयरमा आधारित बनाउने ।

१२. तोकिएकै शिर्षकमा रकम खर्च गर्न विद्यालयहरुलाई निर्देशन ।
१३. विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशालाको विस्तार गर्न संघीय, प्रदेश सरकार मार्फत पहल गर्ने छ र सो बाट अपुग रकम व्यवस्थापन ।
१४. शिक्षा क्षेत्रको शैक्षिक, भौतिक तथा प्रशासनिक विकास तथा गुणस्तरको लागि गाउँपालिकाले आफ्नो समानीकरण अनुदानको कम्तिमा २० प्रतिशत लगानी ।

### ५.५ स्रोतको अनुमान र विश्लेषण

आवश्यकता र सामर्थ्यका आधारमा स्रोतको अनुमान तथा विश्लेषण गरिन्छ । नागरीकका अपेक्षा, स्थानीय तहको आवश्यकता र वर्तमान समयको माग बमोजिम स्रोतको अनुमान गरिन्छ । वर्तमान नीति र अपेक्षाहरुलाई ख्याल गरी स्रोतको अनुमान र विश्लेषण गरिन्छ । नेपालको संविधान, २०७२, राष्ट्रिय शिक्षा नीति, २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ आदिलाई समेत ख्याल गरेर बजेट तथा कार्यक्रमहरुको तयारी गर्नुपर्ने हुन्छ । यस बाहेक अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, पाठ्यपुस्तक तथा पाठ्यसामग्री, दिवा खाजा जस्ता कुराहरुलाई समावेश गर्नुपर्ने देखिन्छ । त्यसैगरी स्रोतहरुको उपलब्धतालाई ख्याल गरेर बजेटको स्रोतको अनुमान र विश्लेषण गर्नु उपयुक्त हुन्छ । गाउँपालिकाको आन्तरिक आय र गाउँपालिकालाई संघीय र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान जस्ता स्रोतहरुलाई नीति, कार्यक्रम तथा बजेट बनाउँदा ख्याल गर्नुपर्ने कुरालाई यस योजनाले जोड दिएको छ ।

### ५.६प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

वर्तमान समयको बजेट तथा कार्यक्रमहरु हेर्दा शिक्षामा समाजका आवश्यकता, मागहरु धेरै छन । विद्यालय र विद्यार्थी संख्यामा वृद्धि भएको छ । अब विशेष गरी शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षा, अभिभावक शिक्षा, प्रारम्भिक कक्षाहरुमा पठन क्षमतामा वृद्धि, शिक्षकको पेशागत क्षमताको विकास जस्ता कुराहरुमा बजेट तथा कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ । हाल शिक्षामा संघीय सरकार, प्रदेश सरकार, विभिन्न संघ संस्थाहरु लगायत, विभिन्न सामुदायिक क्षेत्रहरुले ठुलो लगानी गरेका छन । स्थानीय तहले पनि उक्त क्षेत्रलाई प्राथमिकतामा राख्न जरुरी छ । वर्तमान समयमा स्थानीय सरकारले आफ्नो क्षेत्राधिकार भित्रको शैक्षिक प्रणालीमा सुधार गर्न भरपुर प्रयास गरीरहेको छ । विद्यालयहरुमा शिक्षकको व्यवस्थापन, निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन गर्न थप अनुदान उपलब्ध गराउनु, बालविकास सहजकर्ताहरुका लागि प्रोत्साहन स्वरूप रकम उपलब्ध गराउनु, शिक्षकहरूको क्षमता विकास तालिम सञ्चालन गर्नु, विद्यार्थीको प्रतिभा विकासमा सहयोग पुर्‍याउन  विभिन्न कार्यक्रम, खेलकुद आयोजना गरिएका छन् । यसरी माथि उल्लेखित सम्पूर्ण क्षेत्रहरुलाई समावेश गर्ने गरी आगामि १० वर्षको लागि अजयमेरु गाउँपालिकाले शिक्षासँग सम्बन्धि प्रमुख क्षेत्रहरुमा संघीय, प्रदेश सरकारसँग र समानीकरण अनुदान अन्तर्गत रहने गरी बजेट तथा कार्यक्रमहरुको आधारमा प्रस्तावित माथिका  कार्यक्रम सञ्चालन गर्न प्रस्ताव गरिएको छ ।

### ५.६ अपेक्षित उपलब्धि

१. वि.सं. २०८७ (सन् २०३०)  सम्म गाउँपालिकाले समानीकरण बजेटमा शिक्षामा गर्ने लगानी २०प्रतिशत पुगेको हुनेछ ।
२. आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क भएको हुनेछ ।
३. प्रविधिमैत्रि शिक्षाको विकास भइ शैक्षिक गुणस्तरमा सुधार भएको हुनेछ ।
४. शिक्षकहरुको पेशागत क्षमता विकास भएको हुनेछ ।

५. वित्तिय व्यवस्थापन क्षमतामा सुधार भइ वित्तिय कार्यकुशलता, पारदर्शिता, उत्तरदायित्व र जिम्मेवारी सुनिश्चित भएको हुनेछ।

**परिच्छेद -६**

**कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा समन्वय र सहजीकरण**

**६.१ योजना कार्यान्वयन**

अजयमेरु गाउँपालिकाले यो दश वर्षे शिक्षा क्षेत्र सुधार योजना तयार पारेको छ। यस योजनाको कार्यान्वयन देहायबमोजिम गरिने छ :

१. गाउँ शिक्षा ऐन, नियमावली लगायतका आवश्यक कार्यविधि तथा मापदण्ड निर्माण गरिनेछ।
२. विद्यायल शिक्षाको प्रत्येक तहमा पहुँच अभिवृद्धि गर्न अनिवार्य विद्यालय भर्ना र गुणस्तर सुधारका उपायहरु अवलम्बन गरिनेछ।
३. बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि अभिमुखिकरण गरिनेछ।
४. योजना तथा कार्यक्रमहरू विस्तार गर्दा प्राथमिकताका आधारहरु तयार गरी विद्यालयहरूलाई वितरण गरिनेछ।
५. शिक्षकहरूको पेसागत विकासका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।
६. स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्रीको विकासमा सहयोग पुऱ्याइनेछ।
७. विद्यालयका पदाधिकारीहरुलाई थप जिम्मेवार बनाइ विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न सक्रिय गराइनेछ।
८. प्रारम्भिक कक्षाहरुमा विशेष पढाइ सीप विकास गर्ने क्रियाकलापहरु सञ्चालन गरिनेछन।
९. विद्यालय सुधार योजना निर्माण कार्यलाई थप प्रभावकारी बनाइ निर्माण र कार्यन्वयनमा जोड दिइनेछ। यसका लागि वि. व्य. स. र शि. अ. सं.लाई जिम्मेवार बनाइनेछ।
१०. विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्न नतिजामा आधारित लगानी पद्धतिको विकास गरिनेछ।
११. शिक्षाको समग्र विकासका लागि गाउँ शिक्षा समितिलाई थप जागरुक बनाइ विद्यालयका समस्या र उपयुक्त अवसरको खोजी गर्ने पद्धतिको विकास गरिनेछ।
१२. शिक्षा क्षेत्रमा संघीय सरकार र प्रदेश सरकारका सशर्त बजेटका कार्यहरू सत्यतथ्य र सरकारका सबै तहसँग निकट सम्बन्ध स्थापना हुने गरी यस गाउँपालिकाले योजना तथा कार्यक्रम बनाइ कार्यान्वयनमा ल्याइनेछ।
१३. सामुदायिक सिकाइ केन्द्रको सक्रियता बढाइ निरक्षरको संख्या शून्यमा झार्ने र प्राविधिक तथा व्यावसायिक धारका विद्यालय सञ्चालन गरी सीप विकासमा सहयोग पुऱ्याउने कार्यक्रमहरु सञ्चालन गरिने छ।
१४. योजना सफल रुपमा कार्यान्वयनको लागि शिक्षा, युवा तथा खेलकूद शाखाको संयोजकत्वमा योजना कार्यान्वयन समिति गठन गरिनेछ।
१५. शिक्षा क्षेत्रसँग कार्य गर्ने सबै संघसंस्था वाट सम्पादित हुने कार्यक्रमहरूलाई एकद्वार प्रणालीवाट सञ्चालन गर्न नियमन गरिनेछ।

**६.२ योजना अनुगमन तथा मूल्याङ्कन**

DRAFT

कुनै पनि योजनाको अनुगमन तथा मूल्याङ्कनबाट योजना कार्यान्वयनको अवस्था, विकासको गति र हामी कता पुग्ने सो कुराको समेत जानकारी हुन्छ। हामी वर्तमान अवस्था कहाँ छौँ ? र कहाँ जानुपर्ने हो भन्ने कुराको निर्धारण अनुगमन र मूल्याङ्कनबाट थाहा पाउन सकिन्छ। यस गाउँ शिक्षा योजनाको अनुगमन र मूल्याङ्कन गर्न देहायबमोजिमका कार्यक्रम सञ्चालन गरिने छनः

१. गाउँ शिक्षा समितिले गाउँ शिक्षा योजना कार्यक्रमको कार्यान्वयनमा समन्वय, अनुगमन र मूल्याङ्कन गर्नेछ।
२. गाउँ शिक्षा समितिले योजना कार्यान्वयनको अनुगमनका लागि आवश्यकतानुसार विज्ञ व्यक्ति वा समूह परिचाललन गर्नेछ।
३. शिक्षा,युवा तथा खेलकुद शाखाद्वारा योजना अनुगमन तथा मूल्याङ्कनमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघलगायत अन्य सरोकारवलाहरुलाई प्रविधिक सहयोग उपलब्ध गराइने छ।
४. प्रत्येक विद्यालयले मासिक रूपमा विद्यालय प्रगति प्रतिवेदन तयार गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने व्यवस्था मिलाईने छ ।
५. विद्यालयमा कार्यक्रम कार्यान्वयन गर्दा देखा परेका समस्या, चुनौति र मुद्दा हेर्न गाउँपालिकामा विशेष समिति रहने छ जुन समितिले विद्यालयको अनुगमन निरीक्षण गरी विद्यालयका समस्या तथा चुनौति मूल्याङ्कन गरी गाउँ शिक्षा समितिमा पेश गर्ने व्यवस्था मिलाईनेछ।
६. विद्यालय शिक्षा योजनामा राखिएका अपेक्षित उपलब्धिहरुको अवस्था तथा कार्यक्रमको सूचकगत विश्लेषण र मूल्याङ्कन गर्ने परिपाटिको विकास गरिनेछ ।
७. समग्र शैक्षिक कार्यक्रमको अध्ययन विशलेषण गर्न शिक्षा, युवातथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा एक अनुसन्धान समिति गठन गरिने छ र अनुसन्धान प्रतिवेदनका आधारमा थप कार्यक्रम सञ्चालन गरिनेछ।
८. सुशासन र पारदर्शिता कायम राख्न सामाजिक र आर्थिक लेखा परीक्षणका कार्यक्रम प्रभावकारी ढङ्गले परिचालन गरिनेछ
९. प्रधानाध्यापक विद्यालयको प्राज्ञिक र प्रशासनिक व्यक्ति भएकाले विद्यालयमा कार्यक्रम कार्यान्वयन, शिक्षक परिचालन, विद्यालयका गतिविधिको मूल्याङ्कनमाप्रमुख जिम्मेवार बनाइनेछ।
१०. विद्यालयमा सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रणालीलाई शैक्षिक व्यवस्थापनको अभिन्न अङ्गका रूपमा विकास गरी अनुगमन मूल्याङ्कनबाट प्रभावकारी कार्यन्वयनमा ल्याइनेछ।
११. विद्यार्थी मूल्याङ्कन र प्रमाणिकरणमा गाउँपालिका भरी एकरूपता कायम गरिनेछ।
१२. विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न छात्रवृति, पाठ्यपुस्तक, पोर्टफोलियो, प्रतिविद्यार्थी लागतमा आधारित अनुदान उपलब्ध गराइने र त्यसको कार्यान्वयनमा जोड दिइने छ ।
१३. आवश्यकता अनुसार विद्यार्थीका अभिभावकहरुसँग अभिभावक शिक्षा सञ्चालन गरिनेछ ।

### ६.३ समन्वय र सहजीकरण

योजना निर्माण पश्चात कार्यान्वयन चरणमा प्रवेश गर्छ । योजनाको प्रभावकारी रुपमा कार्यन्वयन गर्न सम्बद्ध सबै संयन्त्रहरुको उचित सहयोग र सहकार्यको आवश्यकता पर्दछ। योजना कार्यान्वयनमा कतिपय कार्यक्रमहरू सहजै कार्यान्वयन गर्न सकिने प्रकृतिका हुन्छन भने कतिपय कार्यक्रमहरू विविध समस्याहरु भएपनि वाध्यात्मक रुपमा कार्यान्वयनमा लैजुपर्ने खालका हुन्छन । योजनाको कार्यान्वयन गर्दा देखा परेका समस्या, चुनौति र अवसरहरूको उचित निकास निकाल्न सम्बद्ध सरोकारवाला तथा विज्ञ पक्षहरुसँग आवश्यकतानुसार समन्वय र सहजीकरण गर्नु सान्दर्भिक हुन्छ।

हाल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको अधिकार क्षेत्रमा आधारभूत र माध्यमिक तहको शिक्षाको अधिकारको व्यवस्था गरेको छ । यसै अन्तरगत औपचारिक शिक्षा, विशेष शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा लगायतका शैक्षिक अधिकार समेत समावेश गरीएका छन। यी सबै अधिकारको पूर्ण रुपमा लागि गाउँपालिका आत्मनिर्भर भइ नसकेको अवस्थामा यस्तो महत्वपूर्ण गाउँ शिक्षा क्षेत्र योजना कार्यान्वयनमा प्रदेश र संघीय सरकारको समन्वय र  सहजीकरण आवश्यक हुन्छ। यस योजनाको कार्यान्वयनमा तपसील बमोजिमका निकायहरुसँग समन्वय र सहजिकरण गरिनेछः

१. संघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायहरु
२. प्रदेश सामाजिक विकास मन्त्रालय र अन्तर्गतका निकायहरु
३. शिक्षा सम्बद्ध विभिन्न सरकारी संघ संस्थाहरु
४. शिक्षा सम्बद्ध विभिन्न गैरसरकारी संघसंस्थाहरु
५. शिक्षासँग सम्बन्धित संघ तथा प्रदेशका अन्य कार्यालयहरु
६. लुनिभा बालसरोकार समूह
७. स्थानीय FM हरू

DRAFT

## परिच्छेद – ७

## अनुसूची -१

### मुख्य मुख्य क्रियाकलापहरु र उपलब्धि सुचक

### मुख्य उपलब्धि सूचकहरू (Key Performance Indicators-KPI)

| क्र स | सुचक | स्थानीय प्रदेश र राष्ट्रिय तहको सूचक | आधार वर्ष २०७७ | २०७९ | २०८२ | २०८७ | सुचकको स्रोत | कार्य सम्पादन सम्बन्धि सुचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकासको कूल भर्नादर: % | स्थानीय | ६८.७ | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १.२ | प्रारम्भिक बालविकास शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिकाः % | | | | | | | |
| | | स्थानीय | ६८ | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २ | आधारभूत शिक्षा कक्षा (१-८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रबेश दरः% | स्थानीय | ९९.७ | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबलिकाको कूल प्रवेश दरः% | स्थानीय | १०८.७ | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.३ | आधारभूत तह (कक्षा १-५) को खुद भर्नादरः% | स्थानीय | ९९.५ | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा कूल भर्ना दरः % | स्थानीय | ११६.७ | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.५ | आधारभूत तह कक्षा ५ को खुद प्रवेश दर% | स्थानीय | | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.६ | आधारभूत तह कक्षा ५ को कूल प्रवेश दर% | स्थानीय | | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.७ | आधारभूत तह कक्षा ५ सम्मको टिकाउ दर% | स्थानीय | | | | | विद्यालय | IEMIS Flash |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.८ | आधारभूत तह (कक्षा ५) पूरा गर्ने दर% | स्थानीय | | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.९ | आधारभूत तह (कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय | | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.१० | आधारभूत तह (कक्षा १-८)मा खुद भर्नादरः % | स्थानीय | ९८.३ | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.११ | आधारभूत तह (कक्षा १-८)मा कूल भर्नादरः % | स्थानीय | ११६.७ | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.१२ | आधारभूत तह कक्षा ८ सम्मको टिकाउ दर% | स्थानीय | | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.१३ | आधारभूत तह कक्षा १ मा भर्ना भइ कक्षा ८ पूरा गर्ने दर% | स्थानीय | | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.१४ | आधारभूत तह (कक्षा १-८) मा लैङ्गिक समता सूचाङ्क | स्थानीय | ०.९३ | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.१५ | विद्यालय बाहिर रहेका बालबालिका % | स्थानीय | | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |

DRAFT

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | | | | | |
| २.१६ | आधारभूत तह (कक्षा १-८) मा अध्यापनरत शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्याः % | स्थानीय | | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ३ | माध्यमिक शिक्षा | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्नादरः% | स्थानीय | ४८.९ | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्नादरः% | स्थानीय | ८७.३ | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ३.३ | माध्यमिक तह  कूल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | स्थानीय | ०.९३ | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ३.४ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्याः % | स्थानीय | | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ३.५ | कक्षा १० को विद्यार्थी सिकाइ उपलब्धि | | | | | | | |
| ३.४.१ | नेपाली | स्थानीय | | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ३.४.२ | गणित | स्थानीय | | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |

DRAFT

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | | | | | |
| ३.४.३ | विज्ञान | स्थानीय | | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ३.४.४ | अंग्रेजी | स्थानीय | | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ४ | जीवन पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारीक शिक्षा | | | | | | | |
| ३.१ | साक्षरता दर | स्थानीय | | | | | सा सि के | परिचालिका |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ५ | प्राविधिक तथा व्यावसायिक शिक्षा, सीप विकास र तालिम | | | | | | | |
| ४.१ | प्राविधिक तथा व्यावसायिक तथा तालिम प्राप्त आर्थिकरूपले सक्रिय जनशक्ति % | स्थानीय | | | | | वडा कार्यालय | वडासचिव/ वडाध्यक्ष |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ४.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२) उत्तीर्ण जनशक्ति (वार्षिक सङ्ख्या) | स्थानीय | | | | | वडा कार्यालय | वडासचिव/ वडाध्यक्ष |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ६ | सुशासन तथा व्यवस्थापन | | | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १:१६ | | | | विद्यालय | IEMIS Flash |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ५.२ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १:१३ | | | | विद्यालय | IEMIS Flash |

DRAFT

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ७ | कूल बजेटको शिक्षा क्षेत्रमा बिनियोजित बजेट | स्थानीय | | | | | गाउँपालिका | आर्थिक शाखा |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |

DRAFT

**सन्दर्भ सामग्रीहरू**

१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७५), उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (अप्रकाशित), लेखक : सिंहदरबार, काठमाण्डौं।

२. शिक्षा मन्त्रालय (२०२८), राष्ट्रिय शिक्षा पद्दतिको योजना २०२८-२०३२ सम्मको योजना, लेखक : केशरमहल, काठमाण्डौं।

३. शिक्षा मन्त्रालय (२०६६), विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२, लेखक : केशरमहल, काठमाण्डौं।

४. अर्थ मन्त्रालय (२०७६), आर्थिक सर्वेक्षण आर्थिक बर्ष २०७५/२०७६, लेखक: सिंहदरबार, काठमाण्डौं।

५. Department of Education (2019), FLASH I Report 2076 (2019-20), Author: Sanothimi, Bhaktapur.

६. नेपाल कानून आयोग (२०७७), नेपालको संविधान, लेखक: www.lawcommission.gov.np

७. शिक्षा मन्त्रालय (२०७३), विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३/७४२०७९-/८०, लेखक: सिंहदरबार, काठमाण्डौं।

८. राष्ट्रिय योजना आयोग पन्ध्रौ योजना(२०७६/०७७- २०८१/०८२) सिंहदरवार, काडमाण्डौं।

९. राष्ट्रिय जनगणना २०६८।

१०.अजयमेरु गाउँपालिकाको बस्तुगत विवरण (२०७५) अजयमेरु गाउँपालिका डडेल्धुरा

११.स्थानीय सरकार सञ्चालन ऐन २०७४

१२.जिल्ला शिक्षा योजना (२०७३/०७४) जिल्ला शिक्षा योजना डडेल्धुरा

१३.राष्ट्रिय शिक्षा नीति २०७६

१४. दिगो विकासका लक्ष्यहरू २०१५–२०३०

१५. नेपाल सरकारको २०७८/०७९ को बजेट बक्तव्य

१६. IEMIS Report 2077/78

१७.अजयमेरु गाउँपालिकाको २०७८/०७९ को बजेट बक्तव्य
१८. moecdc.gov.np
१९.moe.gov.np
२०.cehrd.gov.np
२१.npc.gov.np
२२.tsc.gov.np
२३.ajayamerumun.gov.np

**अनुसूची –२**

**गाउँ शिक्षा योजना निर्माणमस्यौदा समितिमा सहभागी सदस्यहरुः**

| क्र.सं. | नाम थर | पद | ठेगाना र विवरण |
|---|---|---|---|
| १ | हरि प्रसाद पन्त | शाखा प्रमुख | शिक्षा, युवा तथा खेलकुद शाखा, अजयमेरू गाउँपालिका |
| २ | देबराज पनेरू | शिक्षक | श्री सहस्रलिंग माध्यमिक विद्यालय, चमडा |
| ३ | खेम बहादुर पाल | शिक्षक | श्री देवल माध्यमिक विद्यालय, देबल |
| ४ | तीर्थराज पनेरू | शिक्षक | श्री दुर्गास्थान आधारभूत विद्यालय गुन्पाल |
| ५ | जितेन्द प्रसाद ओझा | शिक्षक | श्री सहस्रलिंग माध्यमिक विद्यालय, चमडा |

DRAFT